सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२४ फागुन २०८२, आइतबार (8 March 2026, Sunday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक ३१८ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

रास्वपा दुईतिहाइतिर

रास्वपाको देशव्यापी फैलिँदो संगठन र बालेनको प्रवेशसँगै उर्लिएको क्रेजले ल्यायो जनउभार



ललितपुर ३ मा रास्वपाकी डा. तोसिमा कार्कीको जितपछि खुसियाली मनाउँदै समर्थक । तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

कमलराज भट्ट/नयाँ पत्रिका

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले प्रतिनिधिसभामा दुईतिहाइ बहुमत ल्याउने रुझान देखिएको छ । शनिबार रातिसम्म जितेका ८१ र अग्रता लिएका ४१ प्रत्यक्ष सिट तथा समानुपातिकको प्रारम्भिक गणनामा प्राप्त झन्डै ५२ प्रतिशत मतले रास्वपा दुईतिहाइ बहुमतउन्मुख देखिएको हो ।

२७५ सदस्यीय प्रतिनिधिसभामा सामान्य बहुमतका लागि १३८ र दुईतिहाइका लागि १८४ सिट प्राप्त गर्नुपर्छ । सभापति रवि लामिछानेको नेतृत्वमा ७ असार ०७९ मा उदाएको रास्वपाको देशव्यापी फैलिँदो संगठन र जेन-जी आन्दोलनपछि बालेनको प्रवेशसँगै फैलिएको क्रेजले जनउभार ल्याएको चुनावी नतिजाले देखाउँछ ।

रास्वपाले यसपालि निर्वाचनमा प्राप्त गर्दै गरेको नतिजाले मिश्रित निर्वाचन प्रणालीमा कुनै एक दलले बहुमत प्राप्त गर्न सक्दैन भन्ने भाष्यलाई पनि तोडिदिएको छ । ०७२ मा जारी नयाँ

» पृष्ठ २ मा क्रमशः

यो विस्फोट हुनु नै थियो, अहिले पोखिएको हो



● **असीम शाह**
नेता, रास्वपा

संसारमा हरेक ठाउँमा, हरेक क्षेत्रमा युवाको प्रवेश तीव्र भयो । तर, नेपालको राजनीति तीनजनाले रोके । ढोका बन्द गरेर युवालाई रोके । आएकालाई पनि विकृत बनाउन र रोक्न बल लगाए । यो विस्फोट हुनु नै थियो, अहिले पोखिएको हो । देशमा कुशासन र भ्रष्टाचारले सीमा नाघ्यो । काण्डैकाण्डमा रुमल्लियो । जनताको असन्तुष्टि अहिले मतमा प्रकट भएजस्तो लाग्छ ।



कांग्रेस–एमालेलाई इतिहासकै ठुलो क्षति

■ ठुलो दल कांग्रेसलाई ठुलै धक्का

विशेष महाधिवेशनबाट नीति र नेतृत्व परिवर्तन गर्दै चुनावमा होमिए पनि जनताले पदाधिकारी रहेका उम्मेदवारलाई समेत पत्याएनन्





▲ **कांग्रेस सभापति गगन थापा**
सर्लाही ४ मा पराजयउन्मुख

शनिबार राति २ बजेको परिणामअनुसार प्रत्यक्षतर्फ १२ ठाउँमा जित निकाल्दै ६ ठाउँमा अग्रता छ । समानुपातिकतर्फ १५ लाख गणना हुँदा कांग्रेसले झन्डै १८ प्रतिशत मत पाएको छ ।

पर्शुराम काफ्ले/नयाँ पत्रिका

जेन-जी विद्रोहपछि विशेष महाधिवेशनमार्फत नीति र नेतृत्वमा परिवर्तन गर्दै चुनावमा होमिए पनि अघिल्लो निर्वाचनमा पहिलो दल बनेको कांग्रेसले यसपटक ठुलो धक्का व्यहोर्नुपरेको छ । ०७९ को निर्वाचनमा ८८ सिटसहित प्रतिनिधिसभाको सबैभन्दा ठुलो दल बनेको कांग्रेस अहिलेसम्मको मतगणनाअनुसार दोस्रो स्थानका लागि संघर्षरत छ । तर, जारी मतगणनामा रास्वपाभन्दा निकै पछि परेको छ । सभापतिसहितका पदाधिकारी र

» पृष्ठ २ मा क्रमशः

आन्तरिक कमजोरी र बाह्य परिस्थितिको समीक्षा गर्छौं




● **विश्वप्रकाश शर्मा**, उपाध्यक्ष

परिणाम कांग्रेसको अनुकूल भएन । तर, अनपेक्षित वा अप्रत्याशित भने होइन । समाजको समस्या केलाएर तयार दस्ताबेज आमनागरिकसमक्ष सम्प्रेषण गर्न सकिएन । लोकप्रियवादलाई चिर्न सकिएन । आन्तरिक कमजोरी र बाह्य परिस्थितिको समीक्षा गर्छौं ।

■ ओलीको अहंकारको मूल्य एमालेलाई भारी

ओलीको दम्भ, अहंकार र घमन्डले उनलाई मात्र होइन, सिंगो एमालेलाई नै ०४८ यताकै कमजोर अवस्थामा पुऱ्याएको छ



▲ **एमाले अध्यक्ष केपी ओली**
झापा ५ मा ४९,६१४ मतान्तरले पराजित

एमालेले प्रत्यक्षतर्फ ६ ठाउँमा जित निकाल्दै पाँच ठाउँमा अग्रता लिएको छ । समानुपातिकतर्फ झन्डै १४ प्रतिशत मत पाएर तेस्रो स्थानमा छ ।



शुरोजंग पाण्डे/नयाँ पत्रिका

बलियो संगठन र स्थायी मताधार भएको एमालेलाई यसपटकको निर्वाचन परिणामले इतिहासकै गम्भीर झड्का दिएको छ । एमाले ०४८ यताकै सबैभन्दा कमजोर अवस्थामा पुगेको छ । विश्लेषकहरूका अनुसार नेतृत्वको दम्भ, अहंकार र एकल शैलीको राजनीतिले एमालेको शक्ति खुम्चिएको हो ।

तीनपटक प्रधानमन्त्री र ६ पटक संसदीय निर्वाचन जितेका एमाले अध्यक्ष केपी ओलीले चुनाव हारेका

» पृष्ठ २ मा क्रमशः

चुनावी परिणामको पार्टीले व्यापक विमर्श गर्छ



● **रघुजी पन्त**, उपाध्यक्ष

चुनावी परिणाम अहिलेसम्मकै निराश र चिन्ताजनक छ, पार्टीले त्यसमाथि छिट्टै व्यापक विमर्श गर्छ । पार्टीलाई नयाँ ढंगले अगाडि बढाउने विषयमा बढाइने विषयमै केन्द्रित रहेर छलफल गर्छौं । पार्टी पुनर्गठनका विषयमा पनि छलफल हुन सक्छ ।

■ विश्लेषक भन्छन्- नतिजा अनपेक्षित छैन, तर पुनर्जीवनका लागि कांग्रेस–एमालेको रूपान्तरण जरुरी छ

● **लोकराज बराल**



यसपालि निर्वाचनको माहोल हेर्दा कांग्रेसको परिणाम यस्तो हुने नै थियो । ०४८ को चुनावपछि कांग्रेसका नेतृत्वले गरेको अनेक प्रयोग, गठबन्धन र सेवाप्रवाहमा कमजोरी, भ्रष्टाचारलगायत कारण जनता रिसाएका थिए । जनताले विकल्प खोजेका रहेछन्, निर्णय गरे । अहिलेको चुनावी परिणामले कांग्रेस पार्टीको सान्दर्भिकता समाप्त भएको छैन । पराजय पुराना ब्यागेजहरूका कारण भएको हो ।

● **अरुणाकुमार सुवेदी**



अहिलेको अभिमत स्थायी होइन । विगतका असफल आर्थिक नीति, परराष्ट्र नीति सञ्चालनमा वामपन्थी आवेगमा कांग्रेस पऱ्यो । यसमा कांग्रेसले आफूलाई सच्याउनुपर्छ । अब सभापति गगन थापाले राजीनामा दिएर उनकै संयोजकत्वमा महाधिवेशन आयोजक समिति गठन गर्नुपर्छ र असारमा नियमित महाधिवेशन गराउनुपर्छ । कांग्रेस रूपान्तरणमा जानुपर्छ । त्यसपछि कांग्रेसले पुनर्जीवन प्राप्त गर्छ ।

● **कृष्ण पोखरेल**



मूल धारको विचारको राजनीति गर्ने सबै पार्टीहरूको असफलता, राज्यदोहन र भ्रष्टाचारको एउटै जवाफ जनताले मतबाट दिएका छन् । अब ओलीजी र अरू पार्टीका नेतृत्वकर्ताले पनि नैतिकताका आधारमा राजीनामा दिएर नयाँ शिराबाट पार्टीहरूलाई पुनर्गठन गर्दै अगाडि लैजानुपर्छ । आवश्यकताभन्दा बढी पद तन्काइएछ भन्ने अहिलेको क्षतिबाट ओलीजीले बुझ्नुपर्छ ।

● **झलक सुवेदी**



एमाले जुन वर्गमा आधारित थियो, त्यो धरातल गुमाउँदै सत्तारूढ वर्गसँग सम्झौता गर्दै आयो । पार्टीमा आन्तरिक जनवाद र सामूहिक नेतृत्व प्रणाली कमजोर तथा राज्य सञ्चालनमा नीतिगत विचलन हुँदा अहिले एमालेको यो हालत भएको हो । अब एमालेले तलसम्मै परीक्षित नेतृत्व बिदा गरेर नयाँ नेतृत्व स्थापित गर्नुपर्छ । सामाजिक न्याय र वामपन्थी एजेन्डामा फर्किनुपर्छ । यो भयो भने एमाले फेरि उठ्न सम्भव छ ।

२२ पार्टी मिलेर बनेको नेकपालाई सिटभन्दा निराशा धेरै

प्रचण्ड सुरक्षित, तर अरू शीर्ष नेतालाई धक्का



बालेनको राजनीतिक छलाङ

च्यापरका रूपमा युवामाझ मात्रै परिचित बालेनले ०७९ मा काठमाडौंको मेयरमा उम्मेदवारी दिँदा चुनाव जित्ने अनुमान कमैको थियो, तर ठुला दलका 'कोर एरिया' भत्काएर मेयरमा निर्वाचित उनले अहिले चारपटक प्रधानमन्त्री भइसकेका केपी ओलीलाई हराएर प्रधानमन्त्रीको कुर्सी सुनिश्चित गरेका छन्

झापामा **चिरञ्जीवी घिमिरे**
काठमाडौंमा **शिवहरि घिमिरे**

पेसाले इन्जिनियर बालेन्द्र शाह बालेनको सामाजिक छवि च्यापरका रूपमा थियो, त्यो पनि युवामाझ मात्रै । त्यतिबेला उनी राजनीतिक चेहरा थिएनन्, तर उनमा राजनीतिक चेत थियो । ०७४ को स्थानीय तह निर्वाचनमै उम्मेदवारी दिएर राजनीतिमा हामफाल्न खोजेका थिए बालेन । स्वतन्त्र उम्मेदवारी दिन साथी-सर्कलबिच तयारीसमेत गरेका थिए । तर, वैकल्पिक राजनीतिक धारका रूपमा तत्कालीन विवेकशील साझा पार्टी मैदानमा आएपछि बालेन पछि हटेका थिए ।

पाँच वर्ष फेरि चुपचाप बसेका बालेनले ०७९ को चुनावमा भने काठमाडौं महानगरको मेयरमा स्वतन्त्र उम्मेदवारी दिए । चुनाव चिह्न पाए लौरो । उम्मेदवारीपछिका सुरुवाती दिनमा ठुला दलका उम्मेदवारको चर्चा चुलिँदा बालेन ओझेलमै थिए । तर, मतदानको दिन नजिकिँदै गर्दा उनको चर्चा चुलिँदै गयो । तैपनि मेयर बन्लान् भन्ने अनुमान कमैको थियो । अन्ततः ठुला दलका 'कोर एरिया' भत्काएर ६१ हजार ७६७ मतसहित उनी मेयरमा निर्वाचित भए । च्यापरबाट एकैचोटि मेयर, यो नै बालेनको पहिलो राजनीतिक छलाङ थियो । उनीसँग प्रतिस्पर्धामा उत्रिएका कांग्रेस उम्मेदवार सिर्जना सिंहले ३८ हजार ३४१ र एमाले उम्मेदवार केशव स्थापितले ३८ हजार ११७ मत पाएका थिए ।

काठमाडौंको नेतृत्व सम्हालिरहेका थिए । महानगरमा उनले गरेका कामको चर्चा सामाजिक सञ्जालबाट हुँदै थियो । महानगरको



कामकारबाहीमा संघ सरकारले गरेका अवरोधदेखि राष्ट्रिय राजनीतिका मुद्दामा फेसबुकमार्फत सार्वजनिक उनका धारणाले 'पब्लिक समर्थन' बटुल्दै गयो । बालेन नेताका रूपमा स्थापित हुँदै गए । महानगरको प्रशासकीय अधिकृतलाई लिएर अघिल्लो सरकारमा प्रधानमन्त्री रहेका एमाले अध्यक्ष केपी ओलीसँग उनको 'टसल' बढ्दै गयो । ओलीसँग सार्वजनिक जुहारी बाक्लिँदै गयो । सरकारमाथि सार्वजनिक आलोचना

» पृष्ठ २ मा क्रमशः

▲ निर्वाचित भएपछि दमकमा उपस्थित समर्थकलाई अभिवादन गर्दै बालेन

तस्बिर : बालेनको सचिवालय

■ ओलीले भनेका थिए- बालेन मेरो प्रतिस्पर्धी नै होइनन् तर ५० हजार मतान्तरले हारे

५ माघमा मनोनयन दर्ताका क्रममा झापा पुग्दा एमाले अध्यक्ष केपी ओलीले बालेन आफ्नो प्रतिस्पर्धी नै नभएको बताएका थिए । त्यसपछि पनि पत्रकारले सोध्ने हरेक प्रश्नमा ओलीले बालेन चर्चाका लागि आफूविरुद्ध प्रतिस्पर्धा गर्न आएको जवाफ दिँदै आएका थिए । तर, नतिजा ओलीका लागि सर्मनाक भइदियो । बालेनले नेपालको संसदीय इतिहासमै सर्वाधिक ६८ हजार ३४८ मत ल्याएर ओलीलाई हराइदिए । उनले पाएको मत झापा ५ मा खसेको कुल मतको ६४.१३ प्रतिशत हो । ओलीले १८ हजार ७३४ मत मात्रै पाए । ओली र बालेनको मतान्तर ४९ हजार ६१४ छ ।

झापा ५ मा विगतका निर्वाचनमा ठुला सभा हुन्थे । दलका नेता-उम्मेदवारले भाषणमार्फत मतदाता आकर्षित गर्थे । यसपालि ठुला सभा नगरे पनि एमाले अध्यक्ष ओलीसहित अन्य दलका उम्मेदवारले विभिन्न ठाउँमा भाषण गर्दै मतदातालाई आफ्ना एजेन्डा सुनाए । तर, बालेनले भने यसपटक झापा ५ मा कतै भाषण गरेनन् । ओलीले जति घरदैलोमा समेत खटिएनन् । तर, नबोली-नबोली पनि सर्वाधिक मत ल्याएर विजयी भए ।

ओली आफ्नै अहंकार र दम्भका कारण पराजय भएको झापाका युवा विश्लेषक सागर शिवाकोटी बताउँछन् । 'जनताले परिवर्तन चाहेका थिए । उकुसमुकुस भएर बसेका थिए । झापा ५ को परिणाम यसकै विस्फोटको अभिव्यक्ति हो । जनतालाई आफ्नो पकेटका मान्ने पुरानो अवधारणा फेल भयो । दलहरूले लोकतान्त्रिक भएर सोच्नुपर्छ । मेरो किल्ला भन्ने रहेन,' उनी भन्छन्, 'ओली अक्षमता र अहंकारले पराजय हुन पुगे । ओलीले गरेको ज्यादती र हेपाइ सहन नसकेर यसपटक जनताले मतमार्फत प्रतिवाद गरे । बालेनको जितमा ओलीप्रतिको असन्तुष्टिको पनि भूमिका छ ।'

मधेश प्रदेश नै 'क्लिन स्विप' गर्दै रास्वपा



सरकार बनाउन मधेशको जनमत निर्णायक मानिन्छ, तर रास्वपाले १६ सिट जितिसकेको छ भने अन्य क्षेत्रमा पनि जितउन्मुख छ

(विस्तृत पृष्ठ ३)

'विकासशीलमा स्तरोन्नति' अघि बढ्ला कि पर सर्ला ?

बंगलादेशको नवनिर्वाचित सरकारले विकासशीलमा स्तरोन्नति हुने म्याद थप तीन वर्ष माग्दै संयुक्त राष्ट्रसंघमा पत्राचार गरेको छ, नेपालको नयाँ सरकारले स्तरोन्नति अघि बढाउने वा पर सार्ने निर्णय छिट्टै गर्नुपर्ने हुन्छ

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

रास्वपा...
पृष्ठ १ बाट क्रमशः

संविधानले मिश्रित निर्वाचन प्रणालीको व्यवस्था गरेपछि भएका कुनै पनि संघीय चुनावमा एउटै दलले बहुमत प्राप्त गरेको छैन । यसअघि ०७४ को निर्वाचनमा एमाले र माओवादीले गठबन्धन गरेर झन्डै दुईतिहाइ मत ल्याएका थिए । पछि दुई दल एकता गरेर नेपाल कम्युनिस्ट पार्टी (नेकपा) बनेको थियो । तर, एकता लामो समय कायम रहेन । त्यसपछि ०७९ मा भएको निर्वाचनमा कुनै पनि दलको बहुमत आउन सकेन । बरु संसदीय प्रणालीमा दुर्लभ अभ्यास मानिने पहिलो र दोस्रो दल कांग्रेस र एमाले मिलेर झन्डै दुईतिहाइहाराहारीको बलमा सत्ता चलाए । अंकगणितको बलमा नागरिकका लागि अप्रिय कदम चाल्दा दुईतिहाइको शक्ति पनि सत्ताच्युत भयो ।

नेपालको निर्वाचन इतिहासमा ०७४ र ०७९ मा मात्रै होइन, त्यसअघि ०१५, ०४८, ०५१, ०५६, ०६४, ०७० को चुनावमा पनि कुनै एक दलले दुईतिहाइ मत प्राप्त गरेका छैनन् । वेला-वेला दलहरूले बहुमत प्राप्त गरे पनि शासन सञ्चालनमा भने प्रभावकारी भूमिका निभाउन सकेनन् ।

यस्तो नजिरका अगाडि यो निर्वाचनमा रास्वपा एक्लै दुईतिहाइकै जनादेशतर्फ अगाडि बढेको छ । अब रास्वपाले संविधानको धारा ७६ (१) अनुसार एकमना सरकार बनाउनेछ । दुईतिहाइ प्राप्त गरेको अवस्थामा संविधान संशोधनमार्फत शासकीय सुधार गर्ने सुविधा पाउनेछ ।

निर्वाचन आयोगका अनुसार शनिबार राति २ बजेसम्म रास्वपाले प्रत्यक्षतर्फ ८१ सिट जितेको छ भने ४१ सिटमा अग्रता छ । दुवै जोड्दा १२२ सिटमा रास्वपाको उपस्थिति देखिएको छ । यो झन्डै ७५ प्रतिशत नतिजा हो । समानुपातिकतर्फ पनि १५ लाख ४३ हजार २९० मत गनिसक्दा रास्वपाले सात लाख ९५ हजार ७३३ मत प्राप्त गरेको छ । यो भनेको झन्डै ५२ प्रतिशत हो । कुल ११० सिटमा रास्वपाले अहिलेकै रेसियोमा न्यूनतम ६१ सिट प्राप्त गर्न सक्छ । थ्रेसहोल्ड नकटाउने दलले पाएको मत पनि जोडिँदा रास्वपाको सिट संख्या अझै बढ्न सक्छ । यस आधारमा रास्वपाले दुईतिहाइका लागि आवश्यक १८४ सिट प्राप्त गर्ने देखिन्छ । निर्वाचनमा एक करोड ९ लाख ७७ हजार ७११ मत खसेको छ । थ्रेसहोल्ड कटाउन सदर मतको तीन प्रतिशत मत ल्याउनुपर्छ ।

रास्वपा कसरी उदायो ?

रास्वपा उदयको पृष्ठभूमिमा विवेकशील साझा जोडिन्छ । विवेकशील अभियानका संस्थापक उज्ज्वल थापाले ०७० मा स्वतन्त्र उम्मेदवारी दिएर ०४६ पछिको बहुदलमा हुर्किएको परम्परागत राजनीतिक अभ्यासलाई चुनौती दिएका थिए । त्यतिवेला स्वतन्त्र अभियानले चार हजारहाराहारी मत प्राप्त गरेको इतिहास छ ।

त्यसपछि ०७४ मा वैकल्पिक मतको भोलुम बढेर उचाइमा पुग्यो । ०७४ मा रञ्जु दर्शना, किशोर थापा स्वतन्त्र अभियानकै उम्मेदवारका रूपमा अगाडि सरे । काठमाडौं महानगर मेयरमा रञ्जु दर्शनाले ४२ हजार मत ल्याइन् । त्यतिवेलाको विवेकशील साझा र नयाँ शक्तिले समानुपातिकतर्फ तीन लाखभन्दा बढी मत प्राप्त गरेको थियो । ०७४ सम्म वैकल्पिक मत निर्णायक तहमा पुग्न सकेन । युवाहरूले परिवर्तनको प्रयास गरे पनि पर्याप्त भएन । यो प्रयासले ०७९ मा सार्थकता पायो ।

०७९ वैशाखमा भएको स्थानीय तह निर्वाचनमा र्‍यापर बालेन्द्र शाह (बालेन)ले काठमाडौंको मेयरमा प्रतिस्पर्धा गरे । तन्नेरी पुस्ताको बलमा देशकै राजधानी काठमाडौं महानगरमा बालेन्द्र शाह मेयर निर्वाचित भए । धरानमा हर्क साम्पाङ र धनगढीमा गोपी हमाल मेयर निर्वाचित भएर वैकल्पिक मतले वैधानिकता पायो । ०७९ को स्थानीय तह निर्वाचनमा वैकल्पिक मत अनुमोदित भएपछि टेलिभिजन सञ्चारकर्ममा रहेर लोकप्रियता कमाएका रवि लामिछानेले पार्टी खोल्ने मनस्थिति बनाए । टिम बनाउँदै युवाहरू जोड्दै ७ असार ०७९ मा रास्वपा स्थापना गरे । नेताहरूका अनुसार काठमाडौंमा बालेनको उदय नै रास्वपा स्थापनाको आधार हो ।

'रास्वपा उदाएको कारण बालेन हो । बालेनले उम्मेदवार भएर आँट गरे, जनताले पत्याए । अत्यधिक मतले जिते । स्वतन्त्रको बिउ रोपे । रवि लामिछानेलाई पनि सकिन्छ भन्ने पर्‍यो । बालेनको त्यही आँटले नै रवि दाईले पार्टी गठन गर्नुभयो । मंसिरको प्रतिनिधिसभा सदस्य चुनावमा भाग लिएर २१ सिट जितियो,' रास्वपा नेता असीम शाह भन्छन्, 'वैकल्पिक राजनीतिको शक्ति विवेकशील हो । त्यसपछि बालेनले बिउ रोपेको हो । त्यसपछि रास्वपाबाट दायरा फराकिलो भयो ।' ०७९ मा रास्वपाले ११ लाख मत पाएको थियो ।

वैकल्पिक राजनीतिबाट पहिलो जितको झन्डा फहराउने बालेन र त्यसलाई संसदीय अभ्यासमा रूपान्तरण गर्ने रास्वपा एक ठाउँमा थिएनन् । २३ र २४ भदौको जेन-जी आन्दोलनले यी दुवै शक्तिलाई जोड्ने काम गर्‍यो । महानगरको मेयर हुँदादेखि नै राष्ट्रिय क्रेज भएका बालेनले संसदीय राजनीतिमा आउने निर्णय गरे भने त्यसको प्लाटफर्म रास्वपालाई बनाए । वैकल्पिक राजनीतिलाई मतबाट अनुमोदन गराएका बालेनको प्रवेशसँगै रास्वपा अहिले दुईतिहाइ मतसहित मूलधारको पहिलो शक्ति बनेको छ ।

रास्वपा नेता शाह तीन नेताको वरिपरि नै राजनीति घुमिरहँदा जेन-जी विद्रोह भएको र वैकल्पिक शक्तिका रूपमा उदाएको रास्वपालाई विकल्पका रूपमा मतदाताले विश्वास गरेर मतमार्फत जिम्मेवारी दिएको बताउँछन् । 'संसारमा हरेक ठाउँमा हरेक क्षेत्रमा युवाको प्रवेश तीव्र भयो । तर, नेपालको राजनीति तीनजनाले रोके । ढोका बन्द गरेर युवालाई रोके । आएकालाई पनि विकृत बनाउन र रोक्न बल लगाए । यो विस्फोट हुनु नै थियो, अहिले पोखिएको हो,' उनले भने, 'देशमा कुशासन र भ्रष्टाचारले सीमा नाघ्यो । काण्डैकाण्डमा रुमल्लियो । जनताको असन्तुष्टि अहिले मतमा प्रकट भएजस्तो लाग्छ ।'

वैकल्पिक शक्तिहरू स्थापित हुने बाटो मूलधारकै दलले दिएका हुन् । ०६२/६३ को आन्दोलनपछि नयाँ नेपाल बनाउने अभियानमा कांग्रेस, एमाले, तत्कालीन माओवादीले एक दशक संविधान बनाउनमै लगाए । अनेक प्रयासका बाबजुद ०७२ मा संविधान बनाए । तर, त्यसको कार्यान्वयनमा ध्यान दिएनन् । आमनागरिकको हितभन्दा आफ्नो परिवार, नातागोता, सत्ताको खेलमा पुराना पार्टी रुमलिँदा जनताको असन्तुष्टिको ग्राफ बढ्दै गयो । संविधान निर्माणपछि अब देशमा स्थायित्व र समृद्धि आउँछ भन्ने आशामा नागरिकले ०७४ मा एमाले र माओवादीलाई झन्डै दुईतिहाइ बहुमत दिए । तर, शक्तिशाली सरकार आन्तरिक शक्तिसंघर्षमा फस्यो । दुईपटक संसद् विघटनको परिस्थिति बन्यो । पटक-पटक सरकार फेरिए । चुनावदेखि चुनाव गराउनेबाहेक ठोस काम भएन । जनताले ०७९ मा कुनै दललाई बहुमत दिएनन् । तर, कांग्रेसलाई पहिलो पार्टी बनाइदिए । वैकल्पिक शक्तिका रूपमा रास्वपा, सिके राउतको जनमतलाई पनि मौका दिए । तर, पहिलो पार्टी बनेको कांग्रेसको नेतृत्वमा सरकार नै बनेन । तेस्रो दल माओवादीको नेतृत्वमा सरकार बन्ने र गठबन्धन फेरिरहने क्रम चल्यो । गठबन्धन फेरिरहने क्रमसँगै भ्रष्टाचारसँग जोडिएका थुप्रै मुद्दा उजागर भए, तर दबाउन थालियो । फलस्वरूप वितृष्णा बढ्दै गयो । नयाँ आएको शक्तिमाथि प्रतिशोधपूर्ण व्यवहार सत्ताबाट हुन थाल्यो ।

रास्वपा नेता शिशिर खनाल संसद्मा सुशासनको मुद्दा उठाउँदा रास्वपाप्रति प्रतिशोधपूर्ण व्यवहार भएको र त्यसले जनतामा वितृष्णा बढाएर जेन-जी विद्रोहसम्म पुगेको बताउँछन् । '०७९ मा स्थापना भएको पार्टीलाई जनताले चौथो शक्ति बनाए । चुनावपछिको सरकारमा सहभागी भएर सुधारका कामहरू गर्‍यौँ । संसद्को गहकिलो प्रस्तुति निरन्तर रह्यो । क्षेत्रगत समस्या, समसामयिक र सुशासनका विषयहरू सोधिरह्यौँ । संसद्को प्रस्तुतिलाई जनताले रुचाए,' खनाल भन्छन्, 'दोस्रोपटक सरकारमा गएर राम्रा कामको सुरुवात गर्‍यौँ । गृहबाट भुटानी शरणार्थी काण्ड अन्तिम चरणमा पुर्‍याउँदा रातारात कांग्रेस-एमाले सरकार बन्यो । यहीँबाट प्रतिशोध सुरु भयो । त्यो सरकारले सहकारी प्रकरणमा प्रतिशोधपूर्ण ढंगले जिल्ला-जिल्लामा मुद्दा दर्ता गर्‍यो । सडकमा विरोध गर्‍यौँ । अदालत गइसकेपछि हस्ताक्षर अभियानमार्फत जनताको साथ खोज्यौँ । छोटो समयमै ४० लाख जनताले हस्ताक्षर गरे । आमजनता रुष्ट रहेको, रविप्रति सहानुभूति राखेको देखियो । यसमा बालेनको क्रेज थपिँदा रास्वपालाई जनताले रुचाए ।'

हस्ताक्षर अभियानले रास्वपाको प्रभावलाई विस्तार गरेको उनको विश्लेषण छ । जेन-जी आन्दोलनलगत्तै चुनाव घोषणा भइसकेपछि वैकल्पिक शक्तिहरू एक ठाउँमा आउनुपर्छ भन्ने ठूलो जनअपेक्षा रहेको र त्यसैअनुसार काम गरेको उनले बताए । रास्वपाले स्वर्णिम वाग्लेको नेतृत्वमा वैकल्पिक शक्ति एक ठाउँमा ल्याउन उच्च वार्ता समिति बनाएपछि विवेकशील रास्वपामा समाहित हुनेदेखि बालेनको समूहलगायतलाई पार्टीमा समेट्न सकेको बताए । खनालले रास्वपाको आफ्नै छोटो अनुभव र बालेनको महानगरमा गरेको कामको अनुभवको संयोजनलाई जनताले रुचाएको र एकपटक मौका दिनुपर्छ भनेर मत व्यक्त गरेको बताए ।

'बालेनजीले महानगरमा गरेको कामका आधारमा उहाँले देशमा केही गर्न सक्नुहुन्छ भन्ने आत्मविश्वास आमजनतामा रहेको र रास्वपाले पनि सरकारमा गएर काम गरेको हुनाले आंशिक रूपमा परीक्षित शक्ति भएकाले रवि-बालेन र रास्वपा-विवेकशील एक ठाउँमा आएपछि जनताले एकपटक परीक्षणको मौका दिएका छन्,' खनालको विश्लेषण छ । चुनावको परिणामले जेन-जी आन्दोलनका वेलाको सरकार र त्यसको नेतृत्वलाई अस्वीकृत गरेको, पछिल्ला ३० वर्षमा शासन गरेका दल र पात्रलाई अस्वीकृत गरेको भन्दै खनालले बालेन र रविको काम प्रविधिमार्फत प्रवाह भएको बताए ।

काठमाडौं विश्वविद्यालयका प्राध्यापक डा. उद्धव प्याकुरेल पुराना दलको आचरण र व्यवहारकै कारण रास्वपा उदाउने वातावरण बनेको बताए । नयाँ दलको उदयमा पुराना दलले बनाएको नकारात्मकको भाष्यले काम गरेको टिप्पणी प्याकुरेलको छ । यसमा उनले ०७४ मा दुईतिहाइ शक्ति बनेको नेकपा फुटदेखिका आरोप-प्रत्यारोप र घृणाजन्य अभिव्यक्तिको राजनीतिलाई जोडेका छन् । कांग्रेस, एमाले र तत्कालीन माओवादीले सत्तामा सँगै हुँदा सहकार्य गर्ने र बाहिरिएपछि सत्तोसराप गर्ने प्रवृत्तिले समाजमा नकारात्मकताको भाष्य सिर्जना गरेको त्यसको लाभ रास्वपाले लिएको उनी बताउँछन् ।

'जब नेकपा फुट्यो । दुईतिहाइ शक्ति फुटेपछि एउटा पक्षले अर्कोमाथिको चरम आक्रोश, घृणाभाव फैलाउन थाल्यो । एउटा पार्टी फुटेर त्यहाँसम्म रोकिएन, सत्तामा पनि बदली-बदली भएर गइरहने, आफूसँग नहुँदा कुवचन लगाएर आरोप लगाइरहने, यो एउटा चक्र नै बन्यो । सत्ता आफूसँग हुँदा गाली नगर्ने, नहुँदा त्यो सत्तामा गएर पनि केही गरेन भन्ने भाष्य बनाए । यसले बिगार्‍यो । केही गरेन भन्ने भाष्य तीनवटै दलले बनाए,' उनले भने ।

प्राध्यापक प्याकुरेलले नेपाली जनताको मनोभावना नकारात्मक कुराले प्रभावित भएको पनि बताए । 'एमाले, कांग्रेस र माओवादीले नै अरूलाई गाली गरेको, देशमा बस्न नहुने, सक्काए भन्ने अभिव्यक्ति दिएको नागरिकले सुन्दै गए । नकारात्मक भाषा सबै पार्टीका नेताबाट सुने । नेतृत्वबाट सुनेको आधारमा जनताहरू विश्वस्त हुन थाले कि यहाँ केही हुँदैन, यी सबै चोर हुन, सबै सिध्याए भन्ने नकारात्मक सोचको भाष्य बन्यो । अहिले उनीहरूकै भाष्यलाई पत्याएर जनताले उनीहरूलाई नै खुल्याए । त्यही कुरालाई वैकल्पिकहरूले उपयोग गरे ।'

२२ पार्टी मिलेर बनेको नेकपालाई सिटभन्दा निराशा धेरै

प्रेम गौतम/नयाँ पत्रिका

जेन-जी आन्दोलनमा भएको दमन र सिंहदरबारलगायत सरकारी संचरनामा क्षति पुर्‍याउने कार्यको विरोध गर्दै आफूलाई सुशासन र परिवर्तन पक्ष र शक्तिका रूपमा उभाएको नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले पनि अनपेक्षित धक्का खाएको छ । माओवादी र एकीकृत समाजवादलगायत २२ पार्टी मिलेर बनेको नेकपामा संयोजक पुष्पकमल दाहाल प्रचण्ड निर्वाचित हुँदा सहसंयोजक माधवकुमार नेपाललगायत शीर्ष नेता पराजित भएका छन् ।

गत निर्वाचनमा नेकपाले प्रत्यक्षमा माओवादी र एकीकृत समाजवादीको गरी कुल ४२ सिट जितेको थियो । त्यतिवेला कांग्रेससहितको गठबन्धन थियो । यो निर्वाचनमा भने सात सिट जित्ने स्थिति देखिएको छ । वरिष्ठ नेता नारायणकाजी श्रेष्ठ र महिन्द्र राय यादवलगायतले पनि चुनाव हारेका छन् ।

वर्षमान पुन रोल्पाबाट निर्वाचित भएका छन् । महेन्द्रबहादुर शाही कालीकोटबाट निर्वाचित भए । रमेश मल्ल (सल्यान), गोपाल शर्मा (रुकुम पश्चिम), युवराज दुलाल (सिन्धुपाल्चोक २), धनबहादुर बुढा डोल्पाबाट विजयउन्मुख छन् । संसद्मा ६० प्रतिशतभन्दा बढी पुगेका वामपन्थी दल अहिले कमजोर बनेका छन् ।

निर्वाचन परिणाम अपेक्षाकृत नरहेको र यसमा 'पोलिटिकल वेभ'ले असर गरेको नेकपा नेताहरूको प्रतिक्रिया छ । 'मुख्य त पोलिटिकल वेभले काम गर्‍यो । नयाँ र पुरानाको भाष्य खडा गरियो । पुरानालाई हेरियो, नयाँलाई हेर्नुपर्छ भनेर भाष्यको असर नेकपामा पनि पर्‍यो,' नेकपा नेता लीलामणि पोखरेलले भने, 'जेन-जी आन्दोलनमा उठाइएको सुशासन, सामाजिक न्याय, रोजगारी र समृद्धिको एजेन्डा हाम्रो थियो । मूल मुद्दा हामीले नै उठाएका थियौँ ।'

उनले भूराजनीतिक स्थिति दुरुपयोग गर्ने भूमण्डलीय राजनीतिक चलखेल पनि निर्वाचन हारको कारण रहेको दाबी गरे । राजनीतिक ध्रुवीकरणको प्रक्रियामा रहेको र त्यसको परिणाम आउन केही समय लाग्ने नेकपाको बुझाइ छ । 'हामी राजनीतिक ध्रुवीकरणको प्रक्रियामै छौँ । फरक राजनीतिक दल र समूह समाहित भएको हो । यसले परिणाम निकाल्न केही समय लाग्छ । यो ध्रुवीकरण अझै अघि बढ्छ र आगामी दिनमा परिणाम ल्याउँछ,' पोखरेलले भने ।

जेन-जी आन्दोलन हुँदा नेकपा (तत्कालीन माओवादी, एकीकृत समाजवादी प्रतिपक्षमा थिए । जेन-जी आन्दोलनपछि पार्टी एकता भयो र नेकपा बन्यो । त्यसमा विभिन्न २२ दल र समूह थपिए । तत्कालीन सरकारले गरेको गलत गतिविधिको निराशा र आक्रोशको असर नेकपामाथि पनि परेको उनी बताउँछन् । निर्वाचनको परिणाम स्विकारेर अगाडि बढ्नुको विकल्प नभएको उनी बताउँछन् । 'निर्वाचन परिणाम स्वीकार गर्नुपर्छ । परिणामले गम्भीर ढंगको राष्ट्रिय बहस खडा गरेको छ । नयाँ ढंगको असर पार्ने देखिएको छ,' उनले भने, 'नयाँ राजनीतिक शक्तिको समग्र नीति र कार्यक्रम हेर्छौं र अगाडि बढ्छौँ ।'

ठूलो दल...
पृष्ठ १ बाट क्रमशः

अधिकांश ठुला नेताहरू निर्वाचनमा पछारिएका छन् । विशेष महाधिवेशनबाट निर्वाचित कांग्रेस सभापति गगनकुमार थापा सर्लाही ४ मा पछाडि छन् । अन्य स्थापित नेताहरूले पनि पराजय भोगेका छन् । निर्वाचन परिणामलाई लिएर कांग्रेसका शीर्ष नेतासमेत आफ्नै क्षेत्रमा कठिन प्रतिस्पर्धामा परेपछि पार्टीभित्र गहिरो समीक्षा आवश्यक भएको नेताहरूले प्रतिक्रिया दिएका छन् । विश्लेषकहरूले भने नतिजा अनपेक्षित नरहेको र पुनर्जीवनका लागि कांग्रेसको रूपान्तरण जरुरी रहेको टिप्पणी गरेका छन् ।

कांग्रेस उपसभापति विश्वप्रकाश शर्माले निर्वाचन परिणाम पार्टीका लागि अनुकूल नभएको स्वीकार गर्दै यसको समीक्षा गरिने बताएका छन् । 'निर्वाचन परिणाम कांग्रेसको अनुकूल भएन । यो अनपेक्षित वा अप्रत्याशित भने होइन । चाँडै केन्द्रीय कार्यसमिति बैठक बसेर समीक्षा गर्नेछौँ,' शुक्रबार भिडियो सन्देश जारी गर्दै शर्माले पराजय स्वीकार गरेका छन् । उनी आफू भने निर्वाचन लडेका थिएनन् ।

विशेष महाधिवेशनमार्फत नीति र नेतृत्व परिवर्तन गरिए पनि चुनाव हुनुअघि करिब ५० दिन मात्रै समय भएकाले मतदातासम्म नयाँ सन्देश प्रभावकारी रूपमा पुर्‍याउन नसक्दा पनि निर्वाचन परिणाममा असर परेको उनको भनाइ छ । 'समाजको समस्या केलाएर तयार गरेको दस्तावेज आमनागरिकसमक्ष सम्प्रेषण गर्न सकिएन । लोकप्रियवादलाई चिर्न सकिएन । जेन-जी विद्रोहपछि समग्रतामा दलसहित सबै क्षेत्रमा परिवर्तन हुनुपर्छ भन्ने आमअपेक्षा थियो,' शर्माले भने, 'नेपाली कांग्रेसले परिवर्तनको त सुरुवात गर्‍यो, तर राम्रोसँग सम्प्रेषण गर्न सकेन । हामीले आफूलाई बदल्ने संकल्प गर्‍यौँ, बदल्यौँ । तर, नागरिक पंक्तिमा यो सन्देश पुर्‍याउन सकेनौँ ।' उनका अनुसार ०७९ को स्थानीय निर्वाचनमा काठमाडौं, धरान र धनगढीजस्ता सहरमा स्वतन्त्र उम्मेदवार विजयी हुँदा मतदाताले दिएको सन्देश कांग्रेसले गम्भीर रूपमा लिन सकेन ।

त्यस्तै, अघिल्लो संसदीय निर्वाचनमा रास्वपाले २१ सिट जित्नु पनि परिवर्तनको संकेत भएको उनले बताए । 'अघिल्लोपटक निर्वाचनबाट पहिलो दल बन्यौँ । हामीले कि सरकारको नेतृत्व गर्नुपर्थ्यो, कि पूरै समय विपक्षमा बस्नुपर्थ्यो । त्यहाँ पनि चुक्यौँ । सरकारको गति कायम गराउन पनि सकिएन,' शर्माले भने, 'आमजनतामा असन्तुष्टि, निराशा र प्रश्नहरू थिए, त्यसले देशलाई विद्रोहमा लग्यो । विद्रोहपछि पनि अपेक्षित रूपमा बदलिने दिशामा प्रवेश गरेनौँ ।'

उनले निवर्तमान सभापति शेरबहादुर देउवा नेतृत्वको कार्यसमितिले पनि यसको जिम्मेवारी लिनुपर्ने संकेत गरे । देउवाले कांग्रेसको पक्षमा मतदान गर्न अपिल पनि गरेनन्, उनी मतदानमा पनि सहभागी भएनन् । चुनावका वेला उनी उपचारका लागि सिंगापुरमा थिए ।

शर्माले पार्टीको पराजयका कारण आन्तरिक कमजोरी र बाह्य परिस्थितिसमेत रहेको उल्लेख गर्दै गहिरो समीक्षा गरिने बताएका छन् । उनले विशेष महाविधेशनपछिको कमजोरीले मात्रै पार्टी पराजित नभएको जिकिर गर्दै ०७०, ०७४, ०७९ को चुनाव, त्यसपछि सरकार सञ्चालन र पार्टी सञ्चालनका कमजोरीबारे समीक्षा गर्ने बताएका छन् ।

राजनीतिशास्त्री प्रा लोकराज बरालले अहिलेको निर्वाचन माहोल हेर्दा नै अहिलेको नतिजा अनुमान गर्न सकिएको बताए । तर, चुनाव हार्दैमा कांग्रेसको सान्दर्भिकता भने नसकिएको उनको भनाइ छ । 'यसपालि निर्वाचनको माहोल हेर्दा कांग्रेसको परिणाम यस्तो हुने नै थियो । ०४८ को चुनावपछि कांग्रेसका नेतृत्वले गरेको अनेक प्रयोग (मध्यावधिदेखि राजा ज्ञानेन्द्रसँग लागेर संकटकालीन लगाउनेदेखि पार्टी फुटसम्म), अनेक गठबन्धन र सेवाप्रवाहमा कमजोरी, भ्रष्टाचारलगायत कारण जनता रिसाएका थिए । जनताले विकल्प खोजेका रहेछन्, निर्णय गरे,' उनले भने, 'अहिलेको चुनावी परिणामले कांग्रेस पार्टीको सान्दर्भिकता समाप्त भएको छैन । अहिलेको पराजयको कारण गगन वा विश्वप्रकाश शर्मा होइन, पुराना ब्यागेजहरू थिए, जसका कारण कांग्रेसको यो हालत भएको हो । बरु नयाँ नेतृत्वले 'ड्यामेज कन्ट्रोल' गर्न खोजेको हो, तर सकेन । शेरबहादुर देउवा नेतृत्वमा थिए भने पनि पहिरो रोकिनेवाला थिएन ।'

यस्तै, अर्का राजनीतिक विश्लेषक अरुणकुमार सुवेदीले अहिलेको अभिमत अस्थायी रहेको र अब सभापति गगन थापाले राजीनामा दिएर उनकै संयोजकत्वमा महाधिवेशन आयोजक समिति गठन गनुपर्ने बताए । 'कांग्रेसको यो आवधिक खुम्च्याइ हो । अहिलेको अभिमत स्थायी होइन । विगतका असफल आर्थिक नीति, परराष्ट्र नीति सञ्चालनमा वामपन्थी आवेगमा कांग्रेस पर्‍यो । अन्तर्राष्ट्रिय प्रजातान्त्रिक कित्ताका मित्रशक्तिलाई पनि कांग्रेसले बदलिएको प्रत्याभूति दिन सकेन,' उनले भने, 'लामो समयदेखि राजनीतिक दृश्यपटलमा रहेका नेताहरूप्रति जनताको दृष्टिथकान पुष्टि भयो । यसमा कांग्रेसले आफूलाई सच्याउनुपर्छ । अब सभापति गगन थापाले राजीनामा दिएर उनकै संयोजकत्वमा महाधिवेशन आयोजक समिति गठन गर्नुपर्छ र असारमा नियमित महाधिवेशन गराउनुपर्छ । बचेखुचेका 'ब्यागेज'हरू छाडेर कांग्रेस रूपान्तरणमा जानुपर्छ । आफूलाई रूपान्तरित गरेपछि कांग्रेसले फेरि पुनर्जीवन प्राप्त गर्छ । कार्यकर्तामा आधारित होइन, अब मास बेस मत निर्माणमा कांग्रेसले आफूलाई रूपान्तरित गर्नुपर्छ ।'

विगतका निर्वाचनमा कांग्रेसको प्रदर्शन

कांग्रेसले ०१५ को आमनिर्वाचनमा प्रतिनिधिसभाको कुल १०८ सिटमध्ये ७५ सिट (दुईतिहाइ) जितेको थियो । पञ्चायतपछि ०४८ मा भएको प्रतिनिधिसभाको कुल २०५ सिटमध्ये ११० सिटसहित बहुमत ल्याएको थियो । ०५१ को निर्वाचनमा कांग्रेस ८३ सिट जितेर दोस्रो भयो भने ०५६ को निर्वाचनमा १११ सिटसहित बहुमत ल्याएको थियो । ०६४ को संविधानसभामा कुल ६०१ सिटमध्ये प्रत्यक्ष र समानुपातिक जोड्दा ११० सिट जितेर कांग्रेस दोस्रो भएको थियो । ०७० को संविधानसभा निर्वाचनमा कांग्रेसले प्रत्यक्ष र समानुपातिक गरी १९६ मत ल्याएको थियो भने राष्ट्रपतिले मनोनीत गर्ने २६ सिटमध्ये १० जना कांग्रेसको भागबन्डामा थिए । यसरी कांग्रेस २०६ मतसहित पहिलो भयो । ०७४ को निर्वाचनमा कुल २७५ सिटमध्ये कांग्रेसले ६३ मत जितेर दोस्रो स्थान हासिल गरेको थियो । ०७९ को चुनावमा कांग्रेस ८८ सिट जितेर पहिलो भएको थियो ।

एमालेलाई...
पृष्ठ १ बाट क्रमशः

छन् । त्यति मात्र होइन निर्वाचन लडेका पार्टी पदाधिकारी सबैले सर्मनाक पराजय व्यहोर्नुपरेको छ । प्रतिनिधिसभा निर्वाचनको मतगणना जारी रहँदा एमाले तेस्रो स्थानका लागि संघर्षरत छ, जबकि ०७९ मा समानुपातिकतर्फ उसले सबैभन्दा धेरै मत पाएको थियो ।

पार्टी नेता र विश्लेषकको बुझाइमा जेन-जी आन्दोलनप्रति ओली सरकारको कठोर व्यवहार, नेतृत्वको अहंकारी शैली, पार्टीभित्रको असन्तुष्टि र विभाजनको शृंखलाले एमालेलाई अहिलेको अवस्थामा पुर्‍याएको हो । अध्यक्षसहित अधिकांश शीर्ष नेताको हारले एमालेको नेतृत्व संरचना हेरफेरको बहस फेरि जागेको छ । अध्यक्ष ओलीलाई नेतृत्वको प्रतिरक्षा गर्न कठिन हुने अवस्था आएको छ ।

जेन-जी विद्रोह, तत्कालीन प्रधानमन्त्रीका रूपमा ओलीको सत्ताच्युत र भावी नेपालको मार्गचित्रको मुद्दामा भएको निर्वाचनमा एमाले सुरुदेखि नै रक्षात्मक थियो । उसलाई चुनावमा गहिरो धक्का लाग्न सक्ने पार्टीभित्र र बाहिर अनुमान थियो । तर, त्यसलाई पूरै नजरअन्दाज गरेर आफ्नै नेतृत्वमा ओली चुनावमा होमिए । र, चुलिएको असन्तुष्टिबिच मतदाताले पुराना दललाई एकैपटक बिदा गर्ने जनादेश दिए ।

जेन-जी आन्दोलनमा भएको ठुलो मानवीय तथा भौतिक क्षतिको जिम्मेवारी नलिनु, माफी नमाग्नु, यहीबिचमा पार्टीभित्र फरक मतलाई दण्डित गर्नु र अहंकारले भरिएको नेतृत्व शैलीले अन्ततः एमालेको जनाधार भत्किएको पार्टीभित्र केही नेताको विश्लेषण छ । जेन-जी आन्दोलनकै केन्द्रमा चुनाव भएका वेला पनि ओली र एमाले नेताहरूले सिंहदरबार जलाउने भनेर जेन-जी आन्दोलनका पक्षधरमाथि प्रहार गरिरहँदा त्यसको चोट चुनावमा खानुपर्‍यो ।

जेन-जी आन्दोलनपछि राज्यले ठुलो मानवीय र भौतिक क्षति व्यहोर्नुपर्‍यो । आन्दोलनका क्रममा विद्यालय पोसाकमै रहेका विद्यार्थीको मृत्यु भएपछि समाजमा गहिरो आक्रोश फैलिएको थियो । धेरै अभिभावकले त्यो घटनालाई आफ्नै छोराछोरीको छातीमा गोली हानेजस्तै पीडाका रूपमा महसुस गरका थिए । तर, ओलीले आन्दोलनलाई 'विध्वंस', 'बाह्य षड्यन्त्र' र 'विदेशी इसारामा भएको गतिविधि'का रूपमा व्याख्या गर्दै आएका थिए ।

आन्दोलनमा स्कुले विद्यार्थीको हत्या हुँदा पनि ओलीले क्षमा नमागेकोमा चौतर्फी आलोचना भएको थियो । कार्यकर्ताले प्रधानमन्त्रीबाट राजीनामा नैतिक जिम्मेवारी भए पनि माफी नमागेकोमा सार्वजनिक आलोचना हुँदा पनि ओलीले बेवास्ता गरिरहे । त्यति मात्र होइन, पार्टीभित्रै पनि क्षमायाचनाका लागि सुझाव दिने पदाधिकारी तहका नेतालाई उनले शत्रु करार गर्ने र उल्टै अनुशासन उल्लंघन गरे कारबाहीको डन्डा लगाउनेसम्मको त्रास सिर्जना गरे ।

कोशी प्रदेशमा एक मन्त्रीको गाडीले बालिकालाई ठक्कर दिएको घटनामा पनि नेतृत्वले संवेदनशीलता नदेखाएको आरोप लाग्यो । त्यस घटनालाई समेत ओलीले 'पार्टी विधान महाधिवेशन भाँड्ने षड्यन्त्र'का रूपमा व्याख्या गरे । उनको अभिव्यक्तिले आलोचना झन् चर्कियो । सामाजिक सञ्जालमाथिको प्रतिबन्ध र त्यसमा राष्ट्रवाद कार्ड उनकै लागि प्रत्युत्पादक भयो । ओलीको चरित्रका कारणले पहिलेका मतदातासँगै एमालेकै कार्यकर्ता र समर्थक असन्तुष्ट रहे ।

एमालेकै थुप्रै नेता जेन-जी आन्दोलनपछि हरेक पार्टीमा नेतृत्व हस्तान्तरणको बहस तात्यो । तर, ओलीले समयअगाडि नै महाधिवेशन गरेर आफूलाई पुनः नेतृत्वमा विराजमान गराए, जसले एमालेभित्रै ठुलो असन्तुष्टि पैदा भयो । महाधिवेशनमा चुनावी प्रतिस्पर्धाबाट पुनः नेतृत्वमा प्रतिनिधिबाट निर्वाचित भएर आए र विरोधी स्वरलाई पन्छाए । उनले पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको सदस्यता निलम्बन गरे भने भण्डारीनिकट कित्तामा रहेका नेता ईश्वर पोखरेलसहितको फरक समूहसँग प्रतिस्पर्धामार्फत निर्वाचित भएर आएपछि फरक समूहलाई पन्छाए ।

आफ्नो शैलीप्रति विमति राख्ने नेताहरू सुरेन्द्र पाण्डे, योगेश भट्टराई, गोकुल बाँस्कोटा, कर्णबहादुर थापालगायतलाई चुनावको टिकट नै दिएनन् । बाँस्कोटा अलोकप्रिय रहेको अर्थ लाग्ने गरी ओलीले तलकै (जिल्ला र क्षेत्रको कमिटी) साथीहरू उनको पक्षमा नरहेको बताएनन् मात्र अरूका हकमा पनि पार्टीले जित्नेहरूलाई मात्र टिकट दिएको प्रतिक्रिया दिए । पार्टीलाई एकढिक्का बनाएर लैजानुपर्ने वेला ती नेताहरूलाई भीम रावललाई जस्तै व्यवहार गरिएकोमा पार्टीभित्र ठुलो कार्यकर्ता पंक्ति असन्तुष्ट बने पनि ओलीले बेवास्ता गरिरहे । न त ती नेताहरूलाई चुनावी परिचालनको परिभाषित जिम्मेवारी दिए ।

राजनीतिक विश्लेषक झलक सुवेदीले सत्तारूढ वर्गसँग सम्झौता गर्दै जाँदा एमालेको यो अवस्था आएको र अब एमालेले माथिदेखि तलसम्म परीक्षित नेतृत्व बिदा गरेर नयाँ नेतृत्व स्थापित गर्ने वेला आएको बताए । 'तत्कालीन प्रधानमन्त्री मनमोहन अधिकारीले ०५१ मा गरेको प्रतिनिधिसभा विघटन गर्ने निर्णय सर्वोच्चले उल्टाइदिएपछि क्रमशः एमालेले आफ्नो नीति-विचार छाड्दै आएको छ । एमाले जुन वर्गमा आधारित थियो, त्यो धरातल गुमाउँदै सत्तारूढ वर्गसँग सम्झौता गर्दै आयो । पार्टीमा आन्तरिक जनवाद र सामूहिक नेतृत्व प्रणाली कमजोर भयो । राज्य सञ्चालनमा नीतिगत विचलन देखिए,' उनले भने, 'यी सबै कारणले अहिले एमालेको यो हालत भएको हो । अब एमालेले माथिदेखि तलसम्म परीक्षित नेतृत्व बिदा गरेर नयाँ नेतृत्व स्थापित गर्नुपर्छ । सामाजिक न्याय र वामपन्थी एजेन्डामा फर्किनुपर्छ । यो भयो भने एमाले फेरि उठ्न सम्भव छ ।'

राजनीतिशास्त्रका उपप्राध्यापक दीपेश घिमिरेका अनुसार एमालेको हारमा एउटै कारणभन्दा पनि बहुपक्षले काम गरेको छ । उनका अनुसार एमालेले चुनावमा अहिलेसम्मकै कमजोर नतिजा प्राप्त गर्नुका पछाडि मुख्य तीन कारण देखिन्छन् ।

'पहिलो- अहिलेको नवपुस्ता अर्थात् जेन-जी पुस्ता कुनै पनि पार्टीको दर्शन, सिद्धान्त र विचार मात्र बोकेर हिँड्ने पक्षमा देखिँदैन । त्यसकारण क्याडर बेस्ड (कार्यकर्ता आधारित) पार्टी एमालेले नसोचेको पराजय व्यहोर्‍यो । अहिलेको राजनीति क्याडर बेस्डबाट मास बेस्डतर्फ सिफ्ट हुन खोजिरहेको छ । कांग्रेसले पनि किन उस्तै नतिजा ल्यायो भने ऊ पनि सदस्य आधारित सेमिक्याडर बेस्ड पार्टी नै हो । त्यसैले निश्चित पार्टीको मात्र विचार र सिद्धान्त बोक्ने राजनीति घट्दै गएको छ,' उनी भन्छन् ।

यस्तै उनको बुझाइ छ, 'दोस्रो- एमाले नेतृत्वले त्यति ठुलो जेन-जी विद्रोहमा सत्ताको नेतृत्वकर्ताको हैसियतमा सामान्य कमजोरी पनि स्वीकार नगरेका कारण पनि अहिले उसले ठुलो पराजय व्यहोरेको हो । एमालेकै कार्यकर्ता-समर्थकले नेतृत्वप्रतिको असन्तुष्टि मतमार्फत व्यक्त गरेका छन् ।'

र, 'तेस्रो- अहिले विश्व राजनीतिमै वर्गीय र असमानताको धारको कुरा गर्ने कम्युनिस्ट राजनीति कमजोर बन्दै गएर असुरक्षातर्फ मोडिँदै गएको छ । अहिले भ्रष्टाचार र राज्यदोहनजस्ता कुराबाट सिर्जित असमानता प्रमुख मुद्दा बनेकाले संसारभरि कोर्स बदलिँदै गएको छ । यो बुझ्न नसक्दा पनि एमालेले ठुलो धक्का व्यहोरेको छ,' उनले भने ।

नेकपा टिकाउन नसकेका ओली

०७४ मा झन्डै दुईतिहाइ बहुमतमा रहेको एकतापछि बनेको नेकपाको सरकार पार्टीभित्रको अन्तर्द्वन्द्व व्यवस्थापन गर्न नसकेर ओलीले टिकाउन सकेनन् । सरकार र पार्टी नेतृत्व कब्जा गर्ने ओली-प्रचण्ड र माधव नेपालबिचको अन्तर्द्वन्द्व व्यवस्थापन गर्न उनले दुईपटकसम्म संसद् विघटनको बाटो लिए । ओलीको यस्ता थुप्रै कमजोरी रहे पनि उनले पार्टीलाई सही ढंगले सञ्चालन गर्न सकेनन् ।

पार्टीभित्र, बाहिर र समाजमा असन्तुष्टि बढिरहँदा सरकार र पार्टी नेतृत्वका रूपमा सत्ता सहयात्री कांग्रेसको पनि विश्वास जितेर काममार्फत सम्बोधन गर्नुपर्नेमा उल्टै ओलीले पार्टीको बलियो संगठनको बलमा बहुमत ल्याउने योजना अगाडि सारेर पार्टीलाई बहुमतसहितको निर्णायक राष्ट्रिय शक्ति निर्माण गर्ने भन्दै अभियान चलाए । तर, उनका ती सबै अभियान पनि काम लागेनन् । प्रचण्ड र माधव नेपाल मिलेर बहुमतको बलमा पार्टी सदस्यबाटै हटाएपछि ओलीले पनि उनीहरूलाई पनि कारबाही गरेर जवाफ फर्काए । त्यसपछि सर्वोच्चको फैसलाबाट एमाले ब्यूँतिएपछि उनले नेपाल, भीम रावललाई जवाफी प्रतिशोध साँध्दा उनीहरूले पार्टी फुटाउने बाटो रोजे । ०७९ मा टिकट नपाएको झोकमा घनश्याम भुसालले पनि पार्टी छोडे ।

यस्तो छ चुनावी रेकर्ड

०१५ को निर्वाचनमा तत्कालीन नेकपाले चार सिटमा जित हासिल गरेको थियो । एमाले ०४६ यताको सात निर्वाचनमा तीनपटक पहिलो दल, तीनपटक दोस्रो र एकपटक तेस्रो दल भएको छ । ०४८ को निर्वाचनमा ६९ सिट जितेर एमाले दोस्रो बन्यो । ०५१ मा ८८ सिट जितेर एमाले पहिलो भयो । ०५६ मा ७१ सिट जितेर दोस्रो भयो । ०६४ को संविधानसभा निर्वाचनमा एमाले प्रत्यक्षतर्फ ३३ र समानुपातिकमा ७० सहित १०३ सिट जितेर तेस्रो भयो । ०७० को निर्वाचनमा एमाले १८४ सिट जितेर दोस्रो भयो । एमाले ०७४ को निर्वाचनमा १२१ सिट जितेर पहिलो भयो । ०७४ मा एमाले र तत्कालीन माओवादीले गठबन्धन गरेपछि र एउटा पार्टी बनाएपछि नेकपासँग १७४ सिट थियो । माओवादीले ५३ सिट जितेको थियो । ०७९ को निर्वाचनमा एमाले ७८ सिट ल्याएर दोस्रो भयो । अहिले एमाले तेस्रो हुने संकेत छ ।

एमालेभित्र फेरि सुरु भयो ओलीको विकल्पमा बहस

अध्यक्षसहित अधिकांश शीर्ष नेताको हारले एमालेको नेतृत्व संरचनामाथि गम्भीर प्रश्नसहित नेतृत्व हस्तान्तरणको मुद्दा फेरि जागेको छ । पार्टीले अकल्पनीय पराजयपछि पदाधिकारी तहका नेताहरू नै नीति र नेतृत्व फेर्नुपर्ने पक्षमा ओर्लिएका छन् ।

एमाले उपाध्यक्ष रघुजी पन्तले चुनावी परिणाम अहिलेसम्मकै निराश र चिन्ताजनक भएकाले पार्टीले त्यसमाथि छिट्टै विमर्श गरी व्यापक निष्कर्षमा पुग्ने बताए । उनले पार्टीलाई नयाँ ढंगले अगाडि बढाइने विषयमै केन्द्रित रहेर छलफल हुने पनि प्रस्ट संकेत गरे । 'अहिले जे परिणाम आएको छ, यो अहिलेसम्मकै निराश र चिन्ताजनक छ । छिट्टै बैठक बसेर छलफलबाट व्यापक निष्कर्षमा पुग्छौँ,' पन्तले नयाँ पत्रिकासँग भने । उनले पार्टी पुनर्गठनका विषयमा पनि छलफल हुने बताए । 'त्यसबारेमा पनि छलफल हुन सक्छ,' पन्तले भने ।

बालेनको...
पृष्ठ १ बाट क्रमशः

बढ्न थालेपछि ओलीले सामाजिक सञ्जाल नै बन्द गर्ने अप्रिय कदम चाले । जसविरुद्ध जेन-जी युवाले आन्दोलनको घोषणा गरे । आन्दोलनको अघिल्लो दिन २२ भदौमा बालेनले फेसबुकमा स्टाटस लेखेर गरेको ऐक्यबद्धताले आन्दोलनमा युवाको उपस्थिति बढाउन बल दियो ।

२३ भदौको जेन-जी आन्दोलनमा ओली सरकारले गरेको नरसंहारले राजनीतिमा फरक मोड दियो । २४ भदौमा चौतर्फी बिध्वंससँगै ओली नेतृत्वको सत्ता ढल्यो । पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा नागरिक सरकार गठन भयो । प्रधानमन्त्री बनिदिन जेन-जीले बालेनलाई नै आग्रह गरेका थिए, तर बालेनले रुचि देखाएनन् । बरु, बालेनकै प्रस्तावमा कार्की प्रधानमन्त्री बनिन् । उनी चाहन्थे- चुनावी सरकारको प्रधानमन्त्री होइन, जननिर्वाचित शक्तिशाली सरकारकै प्रधानमन्त्री बन्ने ।

२१ फागुनमा चुनावको मिति घोषणापछि रास्वपा सभापति रवि लामिछानेसँग विभिन्न चरणमा छलफल गरेर भावी प्रधानमन्त्रीका रूपमा पार्टीले प्रस्ताव गर्ने गरी बालेन रास्वपामा समाहित भए । रास्वपा बालेनलाई भावी प्रधानमन्त्रीमा अगाडि सारेर चुनावमा होमियो । चुनावमा बालेनले सजिलो ठाउँ रोजेनन्, चुनौतीपूर्ण क्षेत्र रोजे । ०४८ यता ६ पटकसम्म केपी ओलीले जितेको झापा ५ बाट उम्मेदवारी दिए । बालेनको यो निर्णयमा अधिकांशले भन्दै थिए- ओलीसँग निहुँ खोजेर उनको 'किल्ला'मा गए, हार्छन् । तर, शनिबार नतिजा आउँदा ओलीविरुद्ध बालेनले झन्डै ५० हजार मतान्तरले जित निकाले । बालेनले ६८ हजार ३४८ ल्याउँदा ओलीले १८ हजार ७३४ मत मात्रै ल्याए । चुनाव बालेनले मात्रै जितेनन्, रास्वपाको देशव्यापी संगठनमा बालेनको क्रेज मिसिँदा पार्टी दुईतिहाइउन्मुख देखिन्छ । दशकौँदेखि देशको मूल राजनीतिमा जमेका शीर्ष नेताहरूलाई बालेन क्रेजले एकै लटमा किनारामा धकेलिदिएको छ । यसले बालेनको प्रधानमन्त्री पद सुनिश्चित गरेको छ । मेयरबाट एकैचोटि प्रधानमन्त्री बन्नु बालेनको अर्को राजनीतिक छलाङ हो ।

काठमाडौंको मेयर छँदा बालेनले सुशासन र शिक्षा सुधारमा मुख्य जोड दिएका थिए । तीन वर्ष मेयरको जिम्मेवारी सम्हाल्दा उनी कुनै पनि अनियमिततामा जोडएनन् । त्यस्तै, सामुदायिक विद्यालय सुधारसँगै निजी विद्यालयमा ३० हजारभन्दा बढी विद्यार्थीलाई छात्रवृत्ति दिलाए । महानगरको ८३ सामुदायिक विद्यालयमा स्मार्ट र व्यावहारिक शिक्षालाई सुधारमा ल्याए । सामुदायिक विद्यालयका कक्षाकोठा फराकिलो पार्ने र सामुदायिक विद्यालयले अनधिकृत रूपमा भाडामा लगाएको सटर खाली गर्नेजस्ता काम गरेका थिए ।

ओलीसँग भिड्न किन झापा पुगेका थिए बालेन ?

बालेन झापा ५ मै चुनाव लड्न जानुको कारण बुझ्न केपी ओलीसँगका विवादको पृष्ठभूमिले काम गरेको उनका निकटस्थहरू बताउँछन् । ओली संघीय सरकारको नेतृत्वमा छँदा बालेनसँग पटक-पटक टसल परेको थियो, तर उनी झुकेनन् ।

मेयरको चुनावका वेला एमाले उम्मेदवार केशव स्थापितले 'र्‍यापर केटो आफूसँग भिड्न आएको' भन्दै होच्याएका थिए । स्थापित हारेपछि बालेन ओलीको 'टार्गेट'मा पर्न थाले । बालेन फेरि डगमगाएनन् । कहिले फोहोर उठाउने नाममा, कहिले टुकुचा उत्खनन गर्ने नाममा त कहिले सुकुमवासी बस्ती हटाउने नाममा ओली-बालेन विवाद तन्किँदै गयो ।

ओली प्रधानमन्त्री भएपछि बालेनले धरहरामा पार्किङ खुलाए । त्यसपछि ओली झन् बिच्किए । बालेनले ओलीको पालामा बनेको धरहरालाई 'सेतो टावर' र झापा दमकमा ठड्याइएको बिजनेस टावरलाई फेसबुकबाटै 'अग्लो घर'को संज्ञा दिएका थिए ।

बालेन मेयर भएपछि चक्रपथको अस्तव्यस्तता अवलोकन गर्न पुगेका थिए । सरकारले चक्रपथ निर्माणमा ढिलासुस्ती गरेर जनतालाई सास्ती दिएको भन्दै तत्कालीन भौतिक पूर्वाधारमन्त्री रघुवीर महासेठलाई दैनिक एक ट्रक धुलो उपहार पठाउने भन्दै फेसबुकमा लेखे । त्यसलगत्तै सडक विभागअन्तर्गत सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय काठमाडौंको गेटमा महानगरले उपहारस्वरूप भन्दै एक ट्रक धुलो फ्याँक्यो । उक्त भिडियो बालेनले सार्वजनिक गरेपछि ओली निकै रिसाए ।

बालेनले न्युरोडमा सडकपेटी विस्तार अघि बढाउँदा पनि एमालेनिकट वडाध्यक्ष चिनीकाजी महर्जनले अवरोध गरे । सडक विभाग र महानगरबिच विवाद मच्चियो । बालेनले ओलीको गिरीबन्धु टी इस्टेट मुद्दामाथि फेसबुकबाटै कटाक्ष गरे । उनले भनेका थिए, 'यही १० हजार करोडको काण्ड लुकाउन र जनतालाई भुलाउन राज्यको सम्पूर्ण शक्ति लगाएर न्युरोडमा हामीले बनाउन लागेको फुटपाथ फेरि सडक बनाउन थाल्नुभएछ ।' त्यतिवेलै ओलीविरुद्ध सामाजिक सञ्जालमा अनफलो अभियान चल्यो ।

फुटपाथको विवाद सेलाउन नपाउँदै एमालेनिकट लुम्बिनी प्रदेश सांसद रेखा शर्माले बालश्रमिक राखेको र यातना दिएको मुद्दामा महानगरले अध्ययन गर्दै कारबाहीका लागि सिफारिस गर्‍यो । तर, ओलीले सांसद शर्मालाई जोगाए । त्यसपछि ०८१ भदौदेखि प्रमुख प्रशासकीय अधिकृतको विषयलाई लिएर ओली र बालेनबिच निकै लामो विवाद चल्यो । बालेनले नरुचाएको कार्यकारीलाई ओलीले सरुवा गरेनन् । बरु प्रहरीको सुरक्षामा कार्यालय पठाएपछि विवाद उत्कर्षमा पुगेको थियो ।

आलीकै कारण काठमाडौं महानगरपालिकामा काम गर्नसमेत अवरोध झेलेका बालेनले अन्ततः आफ्नो संघीय चुनावको थलो ओलीले जित्दै आएको झापा ५ लाई नै बनाउने निर्णय गरेका थिए ।

मधेश प्रदेश नै 'क्लिन स्विप' गर्दै रास्वपा

सरकार बनाउन मधेशको जनमत निर्णायक मानिन्छ, तर रास्वपाले १६ सिट जितिसकेको छ भने अन्य क्षेत्रमा पनि जितउन्मुख छ

सिराहामा **सुरेन्द्रकुमार कामती**

प्रत्यक्षतर्फ नै बहुमतनजिक पुगेको रास्वपा मधेश प्रदेश नै क्लिन स्विपउन्मुख छ। संघ सरकार बनाउन मधेशको जनमत निर्णायक मानिन्छ। ३६ लाख ३६ हजार मतदाता रहेको मधेशमा आठ जिल्ला, ३२ निर्वाचन क्षेत्र छन्।

तर, रास्वपा १६ क्षेत्रमा विजयी भइसकेको छ भने बाँकी १६ वटा क्षेत्रमा जितउन्मुख छ।

धनुषा १ मा रास्वपा उम्मेदवार किशोरी साह कमलको उम्मेदवारी खारेज भए पनि मत उनलाई नै धेरै रहेको स्रोत बताउँछ। यद्यपि, मतपरिणाम सार्वजनिक गरिएको छैन।

०७९ को प्रतिनिधिसभा चुनावमा यो प्रदेशमा एमालेले नौ, कांग्रेसले सात, जसपाले ६, लोसपाले तीन र अन्य साना दल र स्वतन्त्रले सात सिट जितेका थिए। तर, यसपटक मधेश प्रदेशका निर्वाचन क्षेत्रमा कांग्रेस, एमाले मात्र होइन मधेशकेन्द्रित दल जसपा, जनमत पनि प्रतिस्पर्धामा छैनन्।

सार्वजनिक नतिजाअनुसार सप्तरी ४ मा सीताराम साह, सिराहा ४ मा तपेश्वर यादव, धनुषा ३ मा मनीष झा, महोत्तरी १ मा प्रमोदकुमार महतो र महोत्तरी २ मा दीपककुमार साह विजयी भएका छन्। त्यस्तै, सर्लाही १ मा नितिमा भण्डारी (कार्की), २ मा रबिन महतो, रौतहट १ मा राजेशकुमार चौधरी र ४ मा गणेश पौडेल विजयी भएका छन्।

त्यस्तै, बारा १ मा गणेश धिमाल, ३ मा अरविन्द्र साह, ४ मा रहवर अन्सारी, पर्सा १ मा बुद्धिप्रसाद पन्त, पर्सा २ मा सुनीलकुमार कानू र ४ मा टेकबहादुर शाक्य विजयी भएका छन्।

धनुषा ३ बाट निर्वाचित भएका रास्वपा प्रवक्ता मनीष झाले मधेशका मतदाताले दिएको जिम्मेवारीलाई पूरा गर्न डेलिभरीमा जोड दिने बताए। 'परिवर्तनको उद्घोषमा हामीले देखेको कुरा प्रमाणित भयो,' झाले भने, 'मधेशको नाउँमा राजनीति धेरै भयो। हामीले मधेशलाई अधिकार दिने नाउँमा क्याम्पेनिङ गर्‍यौं, सफल भयो।'

रास्वपाले चुनावी सभा पनि मधेशबाट सुरु गरेको थियो। मनोनयन दर्ताको अघिल्लो दिन ५ माघमा जनकपुरधाममा परिवर्तन उद्घोष सभा आयोजना गर्दै रास्वपाले चुनावी अभियान थालेको थियो। त्यहाँ रास्वपा सभापति रवि लामिछाने र वरिष्ठ नेता बालेन शाहले सम्बोधन गरेपछि मधेशको चुनावी माहोल रास्वपातिर मोडिएको विश्लेषण गरिएको छ।

मधेश मामिलाका जानकार रोशन जनकपुरीले रास्वपाप्रति देशभरिमा देखिएको लहर मधेशमा पनि कायम रहेको बताए। 'यो मधेश राजनीतिको एजेन्डा पराजित भएको छ। नेपालको राजनीतिमा नयाँ मोड लिएको छ,' उनले भने।

डा. नरेश मण्डलले स्थिरताका लागि मधेशले रास्वपालाई मत दिएको बताए। ३३ वर्षीय युवा रहेका मण्डलले भ्रष्टाचारमुक्त देश र सेवाप्रवाहलाई प्राथमिकतामा राख्न नै मधेशमा रास्वपाको पक्षमा मतदान भएको बताए।

मधेशमा देखिएको लहरले परिवर्तनप्रतिको धारणालाई उजागर गरेको अर्थशास्त्री इन्दुशेखर मिश्रले बताए। पुरानो सत्ताले



रास्वपाले ५ माघमा जनकपुरधाममा आयोजना गरेको परिवर्तन उद्घोष सभा

सेवाप्रवाहमा काम गर्न नसक्दा देशले नयाँ अवसर खोजिरहेको वेलामा रास्वपालाई देखेको उनको भनाइ छ।

■ कांग्रेस सभापति नै धरापमा

कांग्रेस सभापति गगनकुमार थापा यसपटक चुनाव लड्न काठमाडौंबाट सर्लाही ४ पुगे। तर, उनीमाथि रास्वपाका अमरेशकुमार सिंह भारी पर्दै छन्।

जनमतका अध्यक्ष सिके राउतले ०७९ को चुनावमा सप्तरी २ मा जसपा अध्यक्ष उपेन्द्र यादवलाई हराएका थिए। तर, अहिले त्यही क्षेत्रमा रास्वपाका रामजी यादव जितउन्मुख छन्। दोस्रोमा जसपाका उमेशकुमार यादव हुँदा राउत तेस्रोमा छन्।

राउतसँग हारेपछि निर्वाचन क्षेत्र परिवर्तन गरेका जसपा अध्यक्ष सिके राउत सप्तरी ३ मा उम्मेदवार बने। तर, त्यहाँ पनि रास्वपाका अमरकान्त चौधरी दोहोरो मतान्तरले अगाडि छन्।

पूर्वमन्त्रीसमेत रहेका नेकपा नेता नारायणकाजी श्रेष्ठ चुनाव लड्न सर्लाही ३ पुगे। तर, त्यहाँ पनि रास्वपाका नरेन्द्र साह कलवार उनीभन्दा तेहेरो मतान्तरले अगाडि छन्।

पूर्वमन्त्रीसमेत रहेका आम जनता पार्टीका अध्यक्ष प्रभु साह रौतहट ३ मा जितका लागि संघर्ष गरिरहेका छन्। यहाँ रास्वपाका रवीन्द्र पटेलले जसपाका गोविन्द चौधरीलाई दोब्बरले पछाडि छाडेका छन्। साह तेस्रोमा छन्।

■ पराजित भए ठुला नेता

मधेशमा ठुला नेताहरू पराजित भएका छन्। पूर्वप्रधानमन्त्री एवं नेकपा सहसंयोजक माधवकुमार नेपाल रौतहट १ मा पराजित भएका छन्। रास्वपाका राजेश चौधरी विजयी हुँदा नेपाल चौथो रहे।

धनुषा ३ मा रास्वपा प्रवक्ता मनीष झाले कांग्रेसका पूर्वउपसभापति विमलेन्द्र निधिलाई पराजित गरेका छन्। एमाले नेतृ जुलीकुमारी महतो तेस्रोमा खुम्चिन पुगिन्।

महोत्तरी १ मा रास्वपाकै प्रमोदकुमार महतोले नेकपाका गिरीराजमणि पोखरेल र एमालेका लक्ष्मीमहतो कोइरीलाई हराएका छन्। सर्लाही २ मा रास्वपाका रविन महतोले नेकपाका महिन्द्रराय यादवलाई हराएका छन्। कांग्रेस सहमहामन्त्री फरमुल्लाह मन्सुर बारा ३ मा पराजित भएका छन्। त्यहाँ रास्वपाका अरविन्द्र साहले जितेका छन्।

जसपा छाडेर एमालेबाट चुनाव लड्न पुगेका पूर्वमन्त्री प्रदीप यादव पर्सा १ बाट पराजित भएका छन्। त्यहाँ रास्वपाका बुद्धिप्रसाद पन्तले चुनाव जिते। रास्वपाका सीताराम चौधरीले सप्तरी ४ मा कांग्रेसका तेजुलाल चौधरीलाई पराजित गरेका छन्।

■ उम्मेदवारी खारेज हुँदा पनि मत पाए साहले

धनुषा १ मा रास्वपा उम्मेदवार किशोरी साह कमलको उम्मेदवारी खारेज भए पनि उनले नै अग्रता लिइरहेका छन्। मतगणना जारी छ। तर, मतपरिणाम सार्वजनिक गरिएको छैन।

निर्वाचन आयोगको निर्णयअनुसार रास्वपाको चुनाव चिह्न घन्टीमा मत परेको मतपत्रलाई गणना गरेर छुट्टै अभिलेखमा राखिँदै छ।

बैंकको कालोसूचीमा रहेको भन्दै निर्वाचन आयोगले १८ फागुनमा साहको उम्मेदवारी खारेज गरेको थियो। उम्मेदवारी खारेजविरुद्धको रिट सर्वोच्च अदालतमा विचाराधीन छ। यहाँ एमालेका रामचन्द्र मण्डल, कांग्रेसका रामपल्टन साहलगायत उम्मेदवार छन्।

उपत्यकाका १५ वटै क्षेत्रमा रास्वपा विजयी

शिवहरि घिमिरे/नयाँ पत्रिका

काठमाडौं उपत्यकाका १५ वटा क्षेत्रमा रास्वपाले क्लिन स्विप गरेको छ। ०६४ को संविधानसभा निर्वाचनमा तत्कालीन नेकपा माओवादीले देशभरबाट प्रत्यक्षमै १२० सिट ल्याउँदा पनि काठमाडौं १ मा कांग्रेसका प्रकाशमान सिंह र भक्तपुर १ मा नेमकिपाका नारायणमान बिजुक्छे निर्वाचित भएका थिए। तर, यसपटक भने १५ वटै क्षेत्रमा विरासत मात्र ढलेन, भक्तपुर १ मा नेमकिपाको गढसमेत भत्केको छ।

१० क्षेत्र रहेको काठमाडौंमा १ बाट रञ्जु दर्शना (न्यौपाने), २ बाट सुनील केसी, ३ बाट राजुनाथ पाण्डे, ४ बाट पुकार बम, ५ बाट सस्मित पोखरेल, ६ बाट शिशिर खनाल, ७ बाट गणेश परांजुली, ८ बाट विराजभक्त श्रेष्ठ, ९ बाट डोलप्रसाद अर्याल र १० बाट प्रदीप विष्ट निर्वाचित भएका छन्। खनाल, परांजुली र श्रेष्ठ यसअघि ०७९ मा पनि सांसद बनेका थिए। अर्याल अघिल्लोपटक समानुपातिकबाट सांसद बनेका थिए। दर्शना, केसी, पाण्डे, बम, पोखरेल र विष्टको पहिलो संसद् यात्रा हो।

०७९ को चुनावमा काठमाडौंका १० मध्ये १, ३, ४, ५ र १० मा कांग्रेस विजयी भएको थियो भने रास्वपाले २, ६, ७ र ८ मा जित निकालेको थियो। ९ मा एमाले विजयी भएको थियो।

त्यस्तै, ललितपुर १ मा बुद्धरत्न महर्जन, २ मा जगदीश खरेल र ३ मा तोसिमा कार्की विजयी भएका छन्। ०७९ मा ललितपुरमा १ मा कांग्रेस, २ मा एमाले र ३ मा रास्वपा विजयी भएका थिए।

यसैगरी, नेमकिपाको गढ मानिएको भक्तपुर १ मा पनि रुकेश रञ्जितले जितेका छन्। भक्तपुर २ मा रास्वपाका राजीव खत्री विजयी भए। ०७९ मा भक्तपुर १ मा नेमकिपाले जित्दा २ मा एमाले विजयी भएको थियो।

राजनीतिक विश्लेषक राधेश्याम अधिकारीले यसपटकको चुनावी परिमाणलाई सुनामीका रूपमा लिन सकिने बताए। 'यसलाई सामान्य निर्वाचन भन्न मिल्दैन, यो सुनामी नै हो, सामान्य अवस्थामा नभएको असाधारण चुनावले नेमकिपाले हालसम्म नहारेको भक्तपुर १ पनि खोसिएको छ,' उनले भने, 'यो चुनावको परिणामबारे राजनीतिक दल र विज्ञहरू फेल खाए, जनताको भावना तथा आशा दलले बुझ्न नसकेको कुरा यहींबाट प्रस्ट हुन्छ, किनकि यस्तो परिणाम आउला भनेर कसैले सोच्न सकेका थिएनन्।'

■ ०७० यताका नतिजा यस्तो

०६४ को चुनावमा काठमाडौं उपत्यकामा एउटा मात्र सिट जितेको कांग्रेसले ०७० मा भने सानदार प्रदर्शन गरे भने एमालेले पनि कमब्याक गर्‍यो। तर, माओवादी निल भयो।

०७० मा कांग्रेसले काठमाडौं १, ४, ५, ६, ८, ९ र १०, ललितपुरका तीनवटै क्षेत्र र भक्तपुर २ मा जित निकालेको थियो। एमालेले भने काठमाडौं २, ३ र ७ मा जित निकालेको थियो। भक्तपुर १ मा भने नेमकिपा नै विजयी भयो। त्यतिखेर काठमाडौं १ मा कांग्रेसका प्रकाशमान सिंह, २ मा एमालेका माधवकुमार नेपाल, ३ मा एमालेका रामेश्वर फुयाँल, ४ मा कांग्रेसका गगन थापा, ५ मा कांग्रेसका नरहरि आचार्य, ६ मा कांग्रेसका भीमसेनदास प्रधान, ७ मा एमालेका रामवीर मानन्धर, काठमाडौंमा कांग्रेसका नवीन्द्रराज जोशी, ९ मा कांग्रेसकै ध्यानगोविन्द रञ्जित र १० मा कांग्रेसका राजेन्द्रकुमार केसी विजयी भएका थिए।

त्यस्तै, भक्तपुर १ मा नेमकिपाका नारायणमान बिजुक्छे र भक्तपुर २ मा कांग्रेसका रामेश्वरप्रसाद ढुंगेल विजयी भएका थिए।

ललितपुरमा तीन क्षेत्रमा कांग्रेस क्रमशः १ बाट उदयशमशेर राणा, २ बाट चन्द्र महर्जन र ३ बाट मदनबहादुर अमात्य विजयी भएका थिए।

०७४ मा एमाले र माओवादीबिच वाम गठबन्धन हुँदा पनि कांग्रेस चार सिटमा खुम्चिएको थियो। एमालेले नौ तथा माओवादी र नेमकिपाले एक-एक सिट जितेका थिए।

चितवन र रुपन्देहीका सबै सिट रास्वपाको पोल्टामा

नयाँ पत्रिका

चितवनका तीनै प्रतिनिधिसभा निर्वाचन क्षेत्रमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले जित निकाल्दै 'क्लिन स्विप' गरेको छ। अघिल्लो निर्वाचनमा १ र २ मा मात्र विजयी भएको रास्वपाले यसपटक तीनवटै क्षेत्रमा जित हात पारेको हो।

चितवन १ मा हरि ढकाल, २ मा सभापति रवि लामिछाने र ३ मा सोविता गौतम विजयी भएका हुन्। ढकाल र लामिछाने अघिल्लो चुनावमा पनि तीनै क्षेत्रबाट विजयी भएका थिए भने गौतम काठमाडौं २ बाट निर्वाचित भएकी थिइन्।

चितवन २ बाट लामिछाने ५४ हजार ४०२ मतसहित निर्वाचित भएका छन्। उनका प्रतिस्पर्धी मीनाकुमारी खरेलले १४ हजार ५६४ मत प्राप्त गरिन्। लामिछानेले खरेललाई ३९ हजार ८३८ मतान्तरले पराजित गरेका हुन्। यो जितसँगै लामिछानेले चितवन २ मा ह्यात्रिक जित निकालेका छन्। यसअघि ०८० वैशाखमा नागरिकता विवादका कारण सांसद पद गुमेपछि भएको उपनिर्वाचनमा उनले ५४ हजार २७६ मतसहित जित हासिल गरेका थिए। त्यसअघि ०७९ को प्रतिनिधिसभा निर्वाचनमा पनि उनले ४९ हजार २६४ मत ल्याउँदै कांग्रेस र एमालेका उम्मेदवारलाई पराजित गरेका थिए। कुल एक लाख ३७ हजार १५२ मतदाता रहेको चितवन २ मा ८७ हजार २२१ मत खसेको थियो।

यस्तै, चितवन १ बाट रास्वपाका हरि ढकाल भारी मतान्तरसहित पुनः निर्वाचित भएका छन्। ढकालले ५८ हजार २०८ मत प्राप्त गर्दा उनका प्रतिस्पर्धी कांग्रेसका राजेन्द्रप्रसाद बुर्लाकोटीले १३ हजार ३३ मत पाए। ढकाल ४५ हजार १७५ मतान्तरले विजयी भए। एक लाख ४९ हजार ६४१ मतदाता रहेको यस क्षेत्रमा ९६ हजार १५४ मत खसेको थियो।

यसैगरी, चितवन ३ बाट सोविता गौतम ३८ हजार ६६२ मतान्तरसहित विजयी भएकी छिन्। उनले ५९ हजार २७७ मत प्राप्त गरिन् भने उनकी निकटतम प्रतिस्पर्धी नेकपाकी रेणु दाहालले २० हजार ६१५ मत ल्याइन्।

चितवन ३ मा अघिल्लोपटक राप्रपाका विक्रम पाण्डे विजयी भएका थिए। तर, यसपटक सोही पार्टीका दीपक थापा मगर ले १ हजार २२६ मत मात्र पाए। यसअघि ०७९ को निर्वाचनमा काठमाडौं २ बाट प्रतिनिधिसभामा निर्वाचित भएकी सोविताले यसपटक चितवनबाट चुनाव जितेकी हुन्।

■ रुपन्देहीका पाँचवटै क्षेत्रमा रास्वपाको जित

रास्वपाबाट रुपन्देही १ मा सुनील लम्साल, २ मा सुलभ खरेल र ३ मा डा. लेखजंग थापा, ४ मा कन्हैया बनिया र ५ मा तौफिक अहमद खान विजयी भएका छन्। क्षेत्र नम्बर १ मा महामन्त्री सुनील लम्सालले कांग्रेसका हिराबहादुर खत्रीलाई हराए। लम्सालले ५४ हजार ८४५ मत प्राप्त गर्दा खत्रीले ११ हजार ९ सय ८२ मत प्राप्त गरेका छन्। त्यस्तै, राप्रपाका प्रज्वल बोहराले ८ हजार ३ सय १ मत प्राप्त गरेका छन्। यहाँ एमालेका दधिराम न्यौपानेले ७ हजार ४ सय ८८ मत प्राप्त गरेका छन्। त्यस्तै, २ मा सुलभ खरेलले एमालेका उपाध्यक्ष विष्णु पौडेलको लगातारको पाचौं जित निकाल्न अवरोध गरे। खरेलले ५६ हजार ५५० मत प्राप्त गर्दा पौडेलले १२ हजार ८ सय ६१ मत प्राप्त गरेका छन्। त्यस्तै, कांग्रेसका चुन्नप्रसाद शर्माले ९ हजार ३९२ मत मात्र प्राप्त गरे।

रुपन्देही ३ मा लेखजंग थापाले ५८ हजार ८१४ मत प्राप्त गर्दा कांग्रेसका सुशील गुरुङले ८ हजार ४३५ मत प्राप्त गरेका छन्। त्यस्तै, एमालेका वासुदेव घिमिरेले ८ हजार २७५ मत प्राप्त गरेका छन्। यहाँ राप्रपाका गौरव बोहराले ७ हजार ७८९ मत प्राप्त गरेका छन्। त्यस्तै, ४ मा र कन्हैया बनिया २८ हजार ६६ मत ल्याएर विजयी भएका छन्। प्रतिस्पर्धी एमालेका प्रमोदकुमार यादवले २० हजार २६२ मत प्राप्त गरेका छन्। कांग्रेसका आशुतोष मिश्रले १५ हजार ६१३ मत मात्र पाए।

रुपन्देही ५ मा राष्ट्रिय स्वतन्त्र पार्टीका तैफिक अहमद खान ३८ हजार ८०६ मतसहित विजयी भएका छन्। एमालेका नेता खिमलाल भट्टराईले १३ हजार १ सय मत प्राप्त गरेका छन्। त्यस्तै, कांग्रेसका भरतकुमार शाहले १२ हजार ६२४ मत प्राप्त गरेका छन्।

'विद्रोही' जुम्लामा ज्ञानेन्द्र शाहीले रचे इतिहास

जुम्लामा **मानदत्त रावल**

एक निर्वाचन क्षेत्र रहेको जुम्लामा राप्रपाका ज्ञानेन्द्र शाहीले जित दोहोऱ्याएर इतिहास रचेका छन्। प्रजातन्त्र पुनर्स्थापनापछि ०४८ देखिका सातवटा निर्वाचनमा जुम्लाले कसलाई पनि दोहोऱ्याएर संसद् पठाएन। त्यही भएर जुम्लालाई 'विद्रोही' भन्ने गरिन्थ्यो।



तर, २१ फागुनमा भएको प्रतिनिधिसभा सदस्य निर्वाचनमा भने शाहीले नेकपाका नरेश भण्डारीलाई तीन हजार १८१ मतान्तरले हराएका हुन्। शाहीले १४ हजार ८१६ र भण्डारीले ११ हजार ६३५ मत पाए। रास्वपा प्रत्यक्षमै बहुमतनजिक पुगिरहेका वेला विनिता कठायतले ४२१ मत मात्र पाइन्। धरौटी पनि जोगाउन सकिनन्।

शाहीले ०७९ को चुनावमा जुम्लाबाटै जितेर संसदीय यात्रा थालेका थिए। अघिल्लो चुनावमा शाहीले २२ हजार ८१९ मतसहित विजयी भएका थिए। तर, राप्रपाले त्यतिखेर समानुपातिकतर्फ पाँच हजार ७९६ मात्र पाएको थियो। जुम्लामा राप्रपाको जनाधार कमजोर रहे पनि 'व्यक्तिगत जनमत'बाट जितेको बताइन्छ।

■ यस्तो छ जुम्लाको चुनावी इतिहास

जुम्ला कुनै वेला नेपाल मजदुर किसान पार्टीको गण थियो। तर, अहिले जिल्लामा यो पार्टीको जनाधार छैन। यहाँ ०४८ डिल्लीबहादुर महत, ०५१ मा भक्तबहादुर रोकाया र ०५६ मा देवीलाल थापा निर्वाचित भएका थिए, तीनैजना नेमकिपाका हुन्।

०६२/६३ को जनआन्दोलनसँगै यहाँको जनमत फेरियो। ०६४ को पहिलो संविधानसभा निर्वाचनमा माओवादीका नरेश भण्डारी विजयी हुँदा ०७० को दोस्रो संविधानसभा निर्वाचनमा भने कांग्रेसका ललितजंग शाही निर्वाचित भए। ०७४ को प्रतिनिधिसभा निर्वाचनमा माओवादीका गजेन्द्रबहादुर महत विजयी भएका थिए।

०७९ र ०८२ मा भने राप्रपाका ज्ञानेन्द्र शाहीले लगातार जित निकालेर इतिहास रचेका हुन्।

सिंजा गाउँपालिका- ३ पिंगी गाउँमा जन्मिएका शाही अभियन्ता हुँदै राजनीतिमा आएका हुन्। उनी भ्रष्टाचारविरुद्ध अभियान, स्थानीय उत्पादन (जस्तै जुम्लाको स्याउ) प्रवर्द्धन, हिन्दु राष्ट्रको बहस, संघीयताको पुनरावलोकन गर्नुपर्ने धारणा राख्दै आएका छन्।

चितवनमा अटो दुर्घटना हुँदा चारजनाको मृत्यु

चितवन/ चितवनको कालिका नगरपालिका- ९ द्रव्यटारमा शनिबार अटो दुर्घटना हुँदा चारजनाको मृत्यु भएको छ। घटनामा एकजना घाइते भएका छन्। भित्री सडक खण्डमा प्र ०६-००१ ह ०३१५ नम्बरको अटो अनियन्त्रित भई सडकछेउको नालामा पल्टिँदा दुर्घटना भएको हो। जिल्ला प्रहरी कार्यालय चितवन प्रहरी प्रवक्ता डिएसपी रवीन्द्र अधिकारीका अनुसार दुर्घटनामा अटोचालक राप्ति नगरपालिका- ९ का ३९ वर्षीय पूर्ण विक, सोही ठाउँकी २२ वर्षीया बिनी तामाङ, ५६ वर्षीया विष्णुकुमारी तामाङ र करिब ५५ वर्षीया तिलक तामाङको उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ। डिएसपी अधिकारीका अनुसार उनीहरूलाई उपचारका लागि भरतपुरस्थित अस्पताल लगिएकामा चिकित्सकले साँझ बजे मृत घोषणा गरेका थिए। दुर्घटनामा राप्ति नगरपालिका- ९ कै ५३ वर्षीया चिनीकुमारी गुरुङ घाइते भएकी छिन्।

तमोर नदीमा डुबेकी युवतीको उद्धार

धनकुटा/ धनकुटा नगरपालिका- ९ मूलघाटस्थित तमोर नदीमा खसेर डुबेकी एक महिलाको सकुशल उद्धार गरिएको छ। अरुण तेस्रो जलविद्युत् आयोजनाको सामान बोक्नका लागि बनाएको वैकल्पिक बाटोमा तस्बिर खिच्ने क्रममा नदीमा खसेकी मोरङको बुढीगंगा गाउँपालिका- १ की २४ वर्षीया सुष्मा पौडेलको उद्धार गरिएको प्रहरीले जनाएको छ। तस्बिर खिच्ने क्रममा चिप्लिएर तमोर नदीमा खस्दा उनलाई बगाएको थियो। प्रहरीचौकी मूलघाटबाट खटिएको प्रहरी टोली, सशस्त्र प्रहरी र स्थानीयसमेतको सहयोगमा उद्धार गरिएको हो।

कांग्रेस रुपन्देही उपसभापतिले दिए राजीनामा

बुटवल/ कांग्रेस रुपन्देहीका उपसपभापति थानेश्वर घिमिरेले शनिबार पदबाट राजीनामा दिएका छन्। रुपन्देहीका पाँचवटै क्षेत्रमा रास्वपाले जित निकालेपछि 'नैतिक जिम्मेवारी लिएको' भन्दै उनले राजीनामा दिएका हुन्। घिमिरेले कांग्रेस सभापति गगन थापालाई सम्बोधन गर्दै आगामी दिनमा पनि पार्टीको सिद्धान्त, नीति र कार्यक्रमप्रति प्रतिबद्ध रहँदै पार्टीको सक्रिय सदस्यका रूपमा संगठनलाई सुदृढ बनाउन निरन्तर लागिपर्ने उल्लेख गरेका छन्।

डडेल्धुरामा भत्कियो कांग्रेसको किल्ला

सातपटक चुनाव जितेका कांग्रेस पूर्वसभापति शेरबहादुर देउवा चुनावी मैदानबाहिर रहँदा रास्वपाले भत्कायो कांग्रेसको गढ

धनगढीमा **तेजराज भट्ट**

संसदीय चुनावमा डडेल्धुरामा साढे तीन दशकपछि कांग्रेसको किल्ला भत्किएको छ। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का डा. ताराप्रसाद जोशी डडेल्धुराबाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका छन्।

कांग्रेसका निवर्तमान सभापति शेरबहादुर देउवा ०४८ सालयताका सात संसदीय चुनाव डडेल्धुराबाट निर्वाचित हुँदै आएका थिए। देउवाले लगातार सातवटा संसदीय चुनाव जितेर बनाएको विरासत कांग्रेसले यसपालि जोगाउन सकेन। जोशीले कांग्रेसका नैनसिंह महरलाई सात हजार मतान्तरले पराजित गरे।

जोशी १९ हजार १३१ मतसहित निर्वाचित हुँदा कांग्रेसका महरले १२ हजार १२१ मत प्राप्त गरेका छन्। नेपाली कम्युनिस्ट पार्टीका मानसिंह मालले ६ हजार ८३४ र एमालेका चक्रप्रसाद स्नेहीले दुई हजार ९२६ मत पाए। ९३ हजार ४०३ मतदाता रहेको डडेल्धुरामा ४५ हजार पाँच सय ४३ मत खसेको थियो।

पार्टीको विशेष महाधिवेशनबाट सभापतिबाट हटाइका देउवा यसपालि चुनावी मैदानमा थिएनन्। उनी चुनावमा मतदान गर्न पनि गृहजिल्ला गएनन्। ०६४ को चुनावमा तत्कालीन माओवादीका खगराज भट्टसँग



डडेल्धुराबाट निर्वाचित रास्वपाका डा. ताराप्रसाद जोशी

झिनो मतान्तरले चुनाव जितेका थिए।

देउवा ०४८, ०५१, ०५६, ०६४, ०७०, ०७४ र ०७९ मा गरी लगातार सातवटा संसदीय चुनावमा जितेर गृहमन्त्री हुँदै पाँचपटक मुलुकको प्रधानमन्त्रीसमेत बने। कांग्रेसको गढ भत्काएका जोशी गत निर्वाचनमा डडेल्धुराको प्रदेश सभा २ बाट स्वतन्त्र उम्मेदवारी दिएर निर्वाचित भएका थिए। उज्यालो नेपाल पार्टी हुँदै रास्वपा गएका जोशी प्रदेश सभा सदस्यबाट राजीनामा दिएर उम्मेदवार बनेका हुन्।

उनले भारतको जवाहरलाल नेहरू विश्वविद्यालयबाट अन्तर्राष्ट्रिय सम्बन्धमा पिएचडी गरेका छन्। उनी विगतमा लामो समय नेकपा एमालेको राजनीतिमा सक्रिय थिए। एमालेबाट उम्मेदवार बनेर ०७० मा संविधान सभा सदस्य र ०७४ मा प्रदेश सभा सदस्यमा पराजित भएका थिए।

संसदीय यात्रामा पुनरागमन गर्ने रावलको लक्ष्यमा धक्का

सुदूरपश्चिमबाट राष्ट्रिय राजनीतिमा छवि बनाएका भीम रावल र एनपी साउद पनि यसपटकको चुनावमा पराजित भएका छन्। नेपाली कम्युनिस्ट पार्टीबाट अछाम १ का उम्मेदवार रावल कांग्रेसका भरतकुमार स्वाँरसँग पराजित भएका हुन्। स्वाँर १० हजार ७५९ मत ल्याएर निर्वाचित भए भने रावलले १० हजार २३३ मत पाए।



यसअघि ०७९ को चुनावमा एमालेबाट टिकट नपाउँदा वञ्चित भएका रावल हाल नेकपामा छन्। उनी यसचुनावबाट संसदीय राजनीतिमा पुनरागमन गर्न चाहन्थे। तर, सफल भएनन्। रावल यसअघि ०५१, ०७० र ०७४ मा अछाम १ बाट निर्वाचित भएका थिए। ०४८ र ०५६ मा भने पराजित भएका थिए। ०६४ मा भने समानुपातिक सांसद बनेका थिए।

त्यस्तै, कांग्रेस नेता एनपी साउद कञ्चनपुर २ बाट रास्वपाका दीपकराज बोहरासँग २३ हजार १२५ मतान्तरले पराजित भएका छन्। बोहरा ३३ हजार ९५२ मत ल्याएर निर्वाचित हुँदा साउँद १० हजार ८२७ मतमा सीमित बने। यो क्षेत्रमा एमालेका वचनबहादुर सिंहले ६ हजार ४१८ र नेपाली कम्युनिस्ट पार्टीका माधवप्रसाद पन्तले ६ हजार ३३७ मत प्राप्त गरे।

मतगणना जारी रहँदा एमाले उपमहासचिव लेखराज भट्ट कैलाली ४ मा तेस्रो स्थानमा छन् भने सुदूरपश्चिमबाट राष्ट्रिय राजनीतिमा छवि बनाएका कांग्रेसका रमेश लेखक यसपालि उम्मेदवार बनेनन्। सुदूरपश्चिमका १६ वटा निर्वाचन क्षेत्रमध्ये आधाभन्दा बढी सिटमा रास्वपाले जित हासिल गर्ने देखिएको छ।

भावी प्रधानमन्त्रीलाई खुला पत्र

तपाईंको पार्टीलाई जनताबाट प्राप्त दुर्लभ जनादेशलाई भ्रष्टाचाररहित राष्ट्र निर्माणको आधार बनाउनुहोस्



● वीणा झा

अग्रलेख

सम्माननीय भावी प्रधानमन्त्रीज्यू,

देशको कठिन आर्थिक परिस्थिति, राजनीतिक अस्थिरता, सामाजिक निराशा, युवापुस्ताको तीव्र आक्रोश र विदेश पलायनका बाध्यताबिच सम्पन्न भएको यसपटकको निर्वाचनले एउटा गहिरो सन्देश बोकेको छ- नेपाली नागरिक अझै पनि लोकतन्त्रप्रति आशावादी छन्। महँगीले घरधुरी थिचिएको छ, रोजगारीका अवसर सीमित छन्, कृषि उत्पादन घट्दो छ, उद्योगधन्दा सुस्ताएका छन्, सार्वजनिक सेवाप्रति भरोसा कमजोर भएको छ, तर यस्ता चुनौतीका बाबजुद नागरिकहरू मतदान केन्द्रसम्म पुगे, लामो लाममा उभिए, आफ्नो मताधिकार प्रयोग गरे। यो केवल राजनीतिक प्रक्रिया होइन, यो आशाको पुनर्जागरण र भविष्यप्रतिको भरोसा पनि हो।

यस आशालाई सही दिशामा रूपान्तरण गर्ने जिम्मेवारी अब तपाईंको काँधमा छ। संसद्को अंकगणितले बहुमतसहितको सरकार बन्ने संकेत गरेको छ। यो एक असाधारण अवसर पनि हो र ठुलो चुनौती पनि, किनकि यसले संविधान संशोधन गर्न सकिने सम्भावनाको ढोका खुल्छ भने अर्कातर्फ आवश्यक कानुनको निर्माण र अनावश्यक कानुनको खारेजीसमेत गर्न सकिने शक्ति दिन्छ।

साढे तीन दशकसम्मको कुशासन, स्वेच्छाचारिता र दण्डहीनताबाट आजित निराश नेपाली नागरिकलाई आधारसहितको आशा देखाउन र राजनीतिप्रतिको तिक्तता मेटाउँदै समृद्धिको यात्रामा जोड्न सहज पक्कै हुनेछैन, तर सम्भावना अथाह छन्। चुनौतीको संरचनागत जराको पहिचान, समाजको 'ग्राउन्ड रियालिटी' बुझ्दै उपलब्ध स्रोतसाधनसहित त्यसको निदान, कणकणमा राजनीतीकरण गरिएको समुदायको सशक्तीकरण, माथिबाट तल लादिने विकास परियोजनाको प्रवृत्ति अनि राजनीतिक रंगमा चुर्लुम्म डुबेका कर्मचारीतन्त्र। यी सबै तपाईंले महसुस गरेकै विषय हुन्, तर यसको अभिव्यक्ति अब सहज नरहला तपाईंका लागि, किनकि सार्वजनिक पदमा बस्दा व्यक्तिगत स्वतन्त्रता खुम्चिन्छ। अभिव्यक्ति स्वतन्त्रताका शब्द चयन र प्रस्तुति शैलीमा पदअनुरूपको आचरण समाजले अपेक्षा गर्छ। त्यसैले, समाजसँग जोडिने संवादहरूमा अत्यधिक सजगता अपनाउनुहोला, किनकि अपेक्षाहरू धेरै छन् र विगतका अनुभूति कतिपय तिता पनि छन्।

कसैको जितको भन्दा पनि हारको भोगाइबाट बढी सिक्न सकिने हुँदा त्यसको सदुपयोग गर्नुहोला। गठबन्धन आफैंमा समस्या थिएन, तर जब गठबन्धन मूल्य, दृष्टि र साझा राष्ट्रिय प्राथमिकतामा भन्दा पनि, केवल सत्ताको शक्ति र पदीय भागबन्डामा आधारित हुन थाल्यो, अनि सत्ता र समाजबिचको दूरी बढ्दै गयो, विश्वास कमजोर बन्दै गयो। स्वार्थ मिल्दा जुनसुकै विचारधाराका शक्ति एक ठाउँमा उभिने र भागबन्डा नमिल्दा तत्काल फुट्ने राजनीतिक संस्कारले आक्रान्त बनेको समाजको सरकारप्रतिको जनविश्वास घट्दै गएको अवस्था बन्यो। मन्त्रालय आवश्यकता, दक्षता र योग्यताभन्दा पनि भागबन्डा मिलाउन, थुमथुम्याउन र कुर्सीको खेललाई निरन्तरता दिने प्रवृत्तिले शासन प्रणालीलाई कमजोर बनाएको अवस्थामा तपाईं प्रधानमन्त्री बन्दै हुनुहुन्छ। त्यसैले, थप सजग हुन आवश्यक पर्ला। पटक-पटक ठगिएको मधेश यसपालि समृद्धिको यात्रामा जोडिन्छ कि भनेर यहाँको युवापुस्ता निकै उत्साहित देखिएको छ, त्यो आशाको दियो निभ्नबाट जोगाउने अभिभारा पनि तपाईंकै काँधमा थपिएको छ।

विगतको खल्लो इतिहास अब दोहोरिनुहुँदैन। साझा न्यूनतम कार्यक्रम कागजमा सीमित नरहोस्, प्राथमिकताका आधारमा आवधिक खाकामा राख्दै प्रभावकारी कार्यान्वयन भएको देखियोस्। नीतिगत स्थिरता सुनिश्चित गरियोस्। कृषि, शिक्षा, स्वास्थ्य, उद्योग, पूर्वाधार, प्रशासन सुधार र सुशासनका ठोस लक्ष्यसहितको पाँच वर्षको स्पष्ट राष्ट्रिय मार्गचित्र सार्वजनिक गरियोस्।

चुनौतीका चाङमा अवसर पनि प्रशस्त नै हुन्छन्, तिनलाई पहिल्याउनुहोला। नेपाल आफैंमा सुन्दर छ। यसलाई समृद्ध बनाउन सफल सहजकर्ताको भूमिका खेल्नुहोला। अब त तपाईंको पार्टी वैकल्पिक राजनीतिक पार्टी पनि रहेन, मूलधारको राजनीतिक पार्टीका रूपमा नागरिकले उभ्याइदिए। त्यसैले, गम्भीरतासाथ अगाडि बढ्नुहोला।

■ शिक्षा : राष्ट्रको दीर्घकालीन आधार

आज शिक्षा क्षेत्रमा गम्भीर चुनौती छन्। सामुदायिक विद्यालयमा विद्यार्थी संख्या घट्दै जानु, सिकाइ उपलब्धि कमजोर हुनु, उच्च शिक्षा रोजगारसँग नजोडिनु, अनुसन्धान संस्कृतिको अभाव हुनु, पठन संस्कृतिमा ह्रास आउनु, यी समस्या संरचनागत छन्। निजी शिक्षाप्रति निर्भरता बढ्दै जाँदा सामाजिक विभाजन गहिरिँदै गएको छ। त्यसैले स्पष्ट आग्रह छ- शिक्षाको मर्म र समाजको



स्पन्दन बुझेको व्यक्तिलाई नै शिक्षामन्त्री बनाइयोस्। शिक्षा मन्त्रालय राजनीतिक सन्तुलनको साधन होइन, राष्ट्र निर्माणको मेरुदण्ड हो।

शिक्षा केवल डिग्री उत्पादन गर्ने प्रक्रिया होइन, यो चरित्र, जिम्मेवारी र सिर्जनशीलता विकास गर्ने माध्यम हो। विद्यालयबाट निस्कने प्रत्येक विद्यार्थी स्वावलम्बी सोच र सामाजिक उत्तरदायित्व बोकेको देशलाई अथाह माया गर्ने नागरिक बनोस्।

■ कृषि र अर्थतन्त्र : आत्मनिर्भरता र उत्पादन

हामीसँग प्रकृतिले दिएको वरदानजस्तो कृषियोग्य जमिन र कृषि सुहाउँदो वातावरण छ। तैपनि, उत्पादकत्व कम हुनुका पछाडिका कारण यहाँलाई अवगत नै छ। खाद्यान्न आयात बढ्दो छ, उर्वर खेतबारी बाँझै छन्, कृषि गर्नुको अर्थ गरिब बन्नु हो भन्ने उदाहरण प्रशस्त छन्। यसले ग्रामीण अर्थतन्त्रलाई कमजोर बनाएको छ। जसले गर्दा सहरकेन्द्रित बसाइँसराइको चाप बढ्दो छ। यसबाट निर्मित परिस्थितिको मारमा गाउँ र सहर दुवै परेका छन्। त्यसैले, कृषि मन्त्रालयमा नेतृत्व गर्न पठाउँदा एकचोटि विचार गर्नुहोला।

> पटक-पटक ठगिएको मधेश यसपालि समृद्धिको यात्रामा जोडिन्छ कि भनेर यहाँको युवापुस्ता निकै उत्साहित छ, त्यो आशाको दियो निभ्नबाट जोगाउने अभिभारा पनि तपाईंकै काँधमा थपिएको छ

अर्थतन्त्र र उत्पादन प्रणाली बुझेको व्यक्ति मात्र अर्थमन्त्री बनोस्। बजेट लोकप्रिय घोषणापत्र होइन, यो उत्पादन र रोजगारी सिर्जनाको औजार पनि हो। कृषि आधुनिकीकरण, सिँचाइ विस्तार, भण्डारण र बजार संरचना विकास, सहकारी सुदृढीकरण, साना तथा मझौला उद्योग प्रवर्द्धन, प्रविधिमा लगानी, यी प्राथमिकतामा परून्। उत्पादन वृद्धि र निर्यात विस्तार प्राथमिकता बनोस्। राजस्व संकलन मात्र लक्ष्य नहोस्। आयातमुखी अर्थतन्त्रलाई उत्पादनमुखी बनाउने दीर्घकालीन नेपाल सुहाउँदो रणनीति बनाइयोस्। साथै नागरिकको जन्म, मृत्युजस्ता कर्मलाई राज्यको आयस्रोतको रूपबाट निकालियोस्।

■ स्वास्थ्य : समावेशी र पहुँचयोग्य सेवा

स्वास्थ्य क्षेत्रमा अझै पनि पहुँच र गुणस्तर असमान छ। सामाजिक सुरक्षा कोषमा आबद्ध योगदानकर्ताले स्वास्थ्य सेवा लिन जाँदा भोगुपरेका सकस अनेक छन्। प्रभावकारी अनुगमनको अभावले कोषमा योगदानकर्तालाई स्वास्थ्य सेवा दिने भनेर सहमति गरेका अस्पतालको मनोमानी र ज्यादतीका कारण सेवाग्राहीले भोग्ने कठिनाइ र अनावश्यक विदेशी कम्पनीको महँगो औषधि सेवन गर्नुपर्ने बाध्यता यथावत् छ। त्यसैले, नेपाली समाजको स्वास्थ्य अवस्था बुझेको व्यक्ति नै स्वास्थ्यमन्त्री बनून्। स्वास्थ्यलाई खर्च होइन, मानव विकासमा लगानीका रूपमा हेरियोस्।

■ सीमित तर प्रभावकारी मन्त्रालय संरचना

मन्त्री र मन्त्रालय संख्या बढाएर राजनीतिक सन्तुलन मिलाउने निरन्तरताको अभ्यास अन्त्य गरियोस्। विषयगत स्पष्टता र जवाफदेहितासहित सीमित मन्त्रालय संरचना बनाइयोस्। सानो तर सक्षम मन्त्रिपरिषद्, जहाँ प्रत्येक मन्त्री र कर्मचारीको कार्यसम्पादन सूचकांक सार्वजनिक होस्, परिणाम मापनयोग्य होस्, प्रगति प्रतिवेदन नियमित प्रकाशित होस् र जवाफदेहिताकै आधारमा सम्मान वा सजायको भागीदार पनि बनाइयोस्।

■ अनुभवी जनशक्तिको सम्मान र प्रयोग

हाम्रो समाजमा असंख्य रिटायर्ड, अनुभवी, विषयगत तथा क्षेत्रगत विज्ञ छन्- पूर्व प्रशासक, शिक्षक, प्राविधिक, अर्थशास्त्री, चिकित्सक, कृषिविज्ञ। उहाँहरूको ज्ञान र अनुभवलाई राष्ट्र निर्माणमा प्रयोग गर्न सकिन्छ। 'आफ्नो समाज आफैं बनाऔं' भन्ने मूल नारासहित पाँचवर्षे राष्ट्रिय कार्यक्रम ल्याई ती विज्ञलाई स-सम्मान दायित्वबोधसहितको जिम्मेवारी दिइयोस्। नीतिनिर्माण, अनुगमन, तालिम, अनुसन्धान, नवप्रवर्तन र परामर्शमा उहाँहरूको दक्षता प्रयोग गरियोस्। यसले पुस्तान्तरण सहज बनाउनेछ र संस्थागत स्मृति पनि जोगाउनेछ।

■ संसद्, अदालत र सुशासन

संसद् बहस र कानुन निर्माणको केन्द्र बनोस्, अवरोध, खिसिट्युरी र नाराबाजीको अखडा होइन। अदालतमा गरिने न्याय सम्पादन निर्णयको रूपमा पढ्ने शब्दहरूको सँगालो भन्दा पनि अनुभूतिजन्य न्याय होस्, जसले समाजमा विधिको शासनको यथेष्ट उदाहरण स्थापित गर्दै सुशासनको अनुभूति गराओस्।

■ विकास : आवश्यकता र दीर्घकालीन दृष्टि

पूर्वाधार निर्माण भोट बैंकका आधारमा होइन, समाजको आवश्यकता र क्षेत्रगत सन्तुलनका आधारमा होस्। सडक, ऊर्जा, सिँचाइ, सूचना प्रविधि, यी सबै उत्पादन र सेवा प्रवाहसँग जोडिने गरी योजना बनोस्।

■ राजनीतिक संस्कार परिवर्तन

राजनीति स्वार्थको साधन होइन, सेवा र उत्तरदायित्वको क्षेत्र बनोस्। समाजभरि विधिको शासनको अनुभूति दिने प्रशस्त उदाहरण भेटियून्। यो इतिहास रच्ने वेला हो। यो राजनीतिक संस्कार फेर्ने अवसर हो। दुर्लभ जनादेशलाई प्रतिशोधरहित भ्रष्टाचार निर्मूल गर्दै राष्ट्र निर्माणको आधार बनाइयोस्। यदि शिक्षा सुदृढ भयो, कृषि र उद्योग बलिया बने, स्वास्थ्य पहुँचयोग्य बन्यो, प्रशासन पारदर्शी बन्यो र राजनीतिमा जवाफदेहिता र नैतिक जोडियो भने नेपाली समाजले साँच्चै परिवर्तन अनुभूति गर्नेछ। यो सुनौलो अवसर तपाईंको हातमा छ। सम्पूर्ण नेपाली नागरिकले आशा, भरोसा र भविष्य आफ्नो मतमार्फत तपाईंको हातमा सुम्पिदिएका छन्। यो पत्रको जवाफ यहाँका काममार्फत देख्न पाऊँ।

(समाजशास्त्री झा अधिवक्ता हुन्)

---

३ प्रश्न

राजनीतिक विश्लेषक **श्याम श्रेष्ठ**लाई



निर्वाचनको प्रारम्भिक परिणामलाई कसरी हेर्नुभएको छ ?

बडो रमाइलो लागिरहेको छ। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले झन्डैझन्डै दुईतिहाइ बहुमत पाउने अवस्था देखिएको छ। यो भनेको देशको संविधानसमेत संशोधन गर्न सक्ने शक्ति हो। त्यसैले, उसलाई निकै ठुलो अवसर प्राप्त भएको छ। रास्वपा तलसम्म बलियो जरा भएको दल होइन। ऊ अहिले पार्टी बन्ने क्रममै छ, बनिसकेको छैन। आगामी दिनमा पार्टी सभापति रवि लामिछाने र बालेन्द्र शाहबिच सहमति भएर अघि बढ्न सकेको खण्डमा राम्रै परिणाम आउन पनि सक्छ। अन्यथा, देश राजनीतिक अस्थिरतामै अल्झिन पनि सक्छ। त्यसैले, आगामी दिनमा देशको राजनीति कता जान्छ, पर्खेर हेर्नुपर्छ।

निर्वाचन परिणामले दिएको खास सन्देश के हो ?

यसपटकको निर्वाचनको परिणाम भनेको पुराना राजनीतिक दलप्रतिको जनताको 'फ्रस्टेसन'को मुखर अभिव्यक्ति हो। राजनीति विकल्पहीन हुँदैन। दलहरूले विकल्प दिन सकेनन् या चाहेनन् भने जनता स्वयंले विकल्प खोज्छन्। विगतमा देश राजनीतिक रूपमा धेरै फेरियो। तर, आर्थिक रूपमा कहिल्यै फेरिएन। त्यसैको परिणामस्वरूप जनतामा दलविरुद्ध आक्रोश भरिँदै गयो। त्यसैले, अबका दिनमा पनि आर्थिक पाटोको सुधारलाई प्राथमिकता दिन सकिएन भने जनताले जे पनि गर्न सक्छन् भन्ने सन्देश यसले दिएको छ।

यसबाट पुराना दलले सिक्नुपर्ने पाठ के हो ?

पुराना दललाई यसपटकको निर्वाचन परिणामले दरिलो झापड हिर्काएको छ। अबका दिनमा उनीहरूले आफूलाई सच्याउन सकेनन् भने यिनीहरू सक्किनेछन्। त्यसैले, उनीहरू सच्चिनुको खैरियत छैन। यिनले अबका दिनमा हामी सच्चिन्छौं, आफ्नो विगतको चरित्र सच्याउँछौं भनेर माफी मागेर जनतामाझ जान सक्नुपर्छ। जनताबाट टाढिएर मनोमानी ढंगमा चल्दा के हुँदो रहेछ भन्ने उनीहरूले बुझ्न सक्नुपर्छ।

प्रेरक प्रसंग

मूर्तिकारको कला

एउटा सहरको चोकमा एकजना साहित्यकारको सालिक राख्ने तयारी भइरहेको थियो। त्यसका लागि चर्चित मूर्तिकारले सालिक बनाउने जिम्मा पाए। उनी सालिक निर्माणमा जुटे। केही दिनमै तयार पनि भयो। तर, मूर्तिकार सन्तुष्ट हुन सकेनन् र उनी अर्को सालिक निर्माणमा जुटे।



मानिसहरू दिनदिनै उनको कला हेर्न आउँथे र प्रशंसा गर्दै फर्किन्थे। जब उनी दोस्रो सालिक निर्माणमा जुटे, तब मानिसले सोचे, सायद एउटै साहित्यकारका सालिक फरक-फरक दुई स्थानमा राखिने रहेछन् कि ? खसखस थाम्न नसकेर एकजनाले सोधे- हैन मूर्तिकारज्यू, तपाईंले यति राम्रो एउटा सालिक निर्माण गरिसकेपछि फेरि अर्को पनि बनाउन थाल्नुभयो। के एउटै साहित्यकारका दुई सालिक अलग-अलग स्थानमा राख्ने तयारी भइरहेको छ हो ? ढुंगामा छिनु र घन चलाउँदै मूर्तिकारले शान्त भावमा जवाफ दिए- होइन, राख्ने त एउटै हो। प्रश्नकर्ताले पुनः सोधे- त्यसो भए एकैजनाका दुइटा सालिक किन बनाउँदै हुनुहुन्छ त तपाईं ? मूर्तिकारले पुनः जवाफ दिए- पहिलो सालिक बनाउँदै जाँदा त्यसको नाकमा केही रेखा कोरिए। घोटेर तिनलाई मेटूँ भने नाकको आकार नै फरक देखिन्छ। त्यसैले, नयाँ बनाउन थालेको हुँ। मूर्तिकारको जवाफ सुनेपछि सबैजना घोरिएर पहिलो सालिकको नाक हेर्न थाले। तर, उनीहरूले सजिलै त्यस्तो कुनै रेखा देखेनन्। त्यसैले फेरि तिनै प्रश्नकर्ताले सोधे- यति नजिकबाट हेर्दा त केही देखिएन भने २० फिटमाथि राखिने यो सालिकको नाकमा कोरिएका रेखा कसले देख्ला र ? मूर्तिकारले मुसुक्क हाँस्दै भने- अरूले नदेखेर के भो त ? मैले त देख्छु नि !

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

रास्वपालाई बधाई

२१ फागुनमा सम्पन्न निर्वाचनको परिणाम आउँदै गर्दा रास्वपाले सकभर दुईतिहाइ नभए प्रस्ट बहुमत हासिल गर्ने देखिएको छ। पुराना दल र बुढाखाडा नेताको सत्ताको 'म्युजिकल चेयर'ले वाक्कदिक्क र जेन-जी विद्रोहका क्रममा भएको कलिला स्कुले बालबालिकाको हत्याबाट आक्रोशित भएका जनताले अन्ततः लोकतन्त्रमा आफ्नो मत नै सर्वोपरि भएको सन्देश दिएका छन्। उनीहरूले आफ्नो मतमार्फत पुराना दललाई दण्डित गरेका छन् भने रास्वपालाई पाँच वर्षसम्म ढुक्कले काम गरेर देखाउने अवसर दिएका छन्। अब रास्वपाका नेताले सचेत भई आगामी पाँच वर्षभित्रमा जनताले महसुस गर्न सक्ने गरी काम गरेर परिणाम देखाउन सक्नुपर्छ। अन्यथा, आगामी निर्वाचनमा दण्डित हुने पालो रास्वपाको पनि हुन सक्छ। अहिलेलाई यो विशाल विजयका लागि रास्वपालाई बधाई तथा शुभकामना !

● **सरस्वती चौधरी**, टेकु, काठमाडौं

एमालेलाई सच्चिन दबाब

पछिल्लो निर्वाचनको परिणामले यतिखेर सम्पूर्ण पुराना दललाई घाइते बनाइदिएको छ। यतिखेर कांग्रेसदेखि एमाले, माओवादीलगायत सबै दलको अवस्था निरीह देखिएको छ। पुराना र प्रमुख दलमध्ये यतिखेर एमालेको हैसियत निकै खस्किएको छ। उसले अब छिटै आफ्नो विगतको गल्ती महसुस गरी जनतासामु माफी मागेर आफूलाई नसच्याउने हो भने भविष्यमा उसको अवस्था कुनै वेलाको प्रजापरिषद्को जस्तो नहोला भन्न सकिन्न।

● **कपिल खनाल**, गुन्डु, भक्तपुर

कांग्रेस नेतृत्वलाई प्रश्न

२१ फागुनको निर्वाचनअघि कांग्रेसले विशेष महाधिवेशन आयोजना गरी विधिवत् नेतृत्व परिवर्तन गऱ्यो। तर, नेतृत्व परिवर्तन गरेर जनतामाझ गएको कांग्रेसलाई पनि जनताले विश्वास गरेनन्। यस्तोमा कांग्रेस नेतृत्वलाई केही प्रश्न छन्- भविष्यमा कांग्रेसको वर्तमान नेतृत्वले आफूलाई कसरी प्रस्तुत गर्छ ? पार्टी शुद्धीकरण र सुदृढीकरणका उसका योजना के हुनेछन् ? पार्टी नेतृत्वले पार्टीभित्र असन्तुष्ट नेता, कार्यकर्तालाई कसरी सम्बोधन गर्छ ?

● **सगौरव पनेरू**, जावलाखेल, ललितपुर

जनता जनार्दनको निर्णय


२१ फागुनमा सम्पन्न निर्वाचनको प्रारम्भिक मत परिणामले के देखाउँछ भने जनता कुनै पनि दलका होइनन्, उनीहरू स्वतन्त्र छन्। न्यायप्रेमी जनताको धैर्यलाई कमजोरी सम्झने दललाई जनताले सबक सिकाएका छन्। घमण्डका कारण पुराना दल थला परेका छन्। यसपालिको निर्वाचनमा जनताले पुरानालाई पाखा लगाएका छन्। हाम्रो विकल्प छैन भनेर फुर्ती गर्ने दल र नेतालाई जनताले देखाइदिएका छन्। हिजोका दिनमा राजनीतिक दलले आफूहरूबिच सहमति गरेर जनतालाई धोका दिन्थे। यसपालिको निर्वाचनमा जनताले सहमति गरेर दलहरूलाई धोका दिए। अब दलहरू सच्चिनुको विकल्प छैन। दम्भ छाडेर जनताको मतलाई सम्मान गर्नुको विकल्प छैन।

३५ वर्षदेखिको रजगज नेपाली जनताले पाखा लगाएका छन्, अब हेर्दौं नयाँ आएका दलले जनभावनाको कति कदर गर्न सक्छन्। थोरै काम देख्दा पनि मक्ख पर्ने नेपाली जनतालाई रास्वपाले के उपहार दिन्छ, हेर्न बाँकी छ। जनताले रास्वपालाई मात्र होइन, यसअघि एमाले, कांग्रेस, माओवादी सबैलाई एकलौटी सरकार चलाउने अधिकार दिएका थिए, तर उनीहरूले त्यो जिम्मेवारीको गहनता बुझ्न सकेनन्। अब हेर्दौं, रास्वपाले जनताले दिएको मतको कतिसम्म सम्मान गर्न सक्छ। हामी काम गर्न आएका हौं भन्दै विजय जुलुस नमनाउन पार्टी पंक्तिलाई बालेन शाहले आग्रह गरेका छन्। अरूलाई गाली गर्ने समय काम गरेर देखाऊ भन्ने सन्देश बालेन शाहको छ।

पुरुषोत्तम घिमिरे, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

श्रीलंकानजिक इरानी युद्धपोत डुबाउने अमेरिकी कदम कति वैध ?

नौसेना युद्धसम्बन्धी कानुनले शत्रु पक्षकै जहाजमाथि पनि आक्रमण गरेपछि बाँचेकाहरूको उद्धार गर्नुपर्ने व्यवस्था गरेको छ



देश/विदेश

● जेनिफर पार्कर

योसाता अमेरिकाको पनडुब्बीले इरानी युद्धपोत 'आइआरआइएस डेना'लाई तरपिडो हानेर डुबाएको समाचारले धेरै पर्यवेक्षकलाई अचम्मित बनायो। आक्रमण चीनलाई मध्यपूर्वसँग जोड्ने प्रमुख व्यापार मार्गअन्तर्गतको श्रीलंकाको तटबाट करिब ४० नटिकल माइल टाढा भएको थियो। युद्धको मुख्य क्षेत्र फारस खाडीबाट यति टाढा भएको आक्रमणले इरान-अमेरिका युद्ध थप विस्तारित हुँदै गएको संकेत गर्छ। यस घटनाले सैन्य र कानुनी घेराबाहिर बिरलै चर्चा हुने नौसेना युद्धमा लागू हुने कानुनमाथि प्रकाश पारेको छ। कैयौंले यो आक्रमण वैध भए-नभएको प्रश्न गरिरहेका छन्। यस बहसमा समुद्री आक्रमणपछि जहाजबाट उम्किएकाहरूको उद्धार गर्ने दायित्व कसको थियो भन्ने प्रश्न पनि उत्तिकै महत्त्वपूर्ण छ।

■ युद्धपोत डुबाउनुको वैधता

नौसेना युद्धसम्बन्धी कानुन सशस्त्र द्वन्द्वसम्बन्धी कानुनअन्तर्गतको उपकानुन मानिन्छ। नौसेना युद्धसम्बन्धी कानुनले द्वन्द्वको समयमा समुद्रमा रहेका द्वन्द्वरत लडाकु, आमनागरिक र तटस्थ अभिनेताले के गर्न पाउने या नपाउने भन्ने नियम तय गर्छ। महत्त्वपूर्ण कुरा, यो कानुन मुख्य युद्धको सुरुवात आफैं वैध थियो कि थिएन भन्ने पर्वाह नगरी लागू हुन्छ। अर्को शब्दमा भन्दा युद्धको सम्पूर्ण औचित्य अन्तर्राष्ट्रिय कानुनअन्तर्गत कानुनी नभए पनि समुद्री कानुन भने पालना गर्नैपर्छ।

यति मात्र होइन, युद्ध औपचारिक रूपमा घोषणा नगरिएको समयमा समेत समुद्रमा पालना गर्नुपर्ने व्यवहार नौसेना युद्धसम्बन्धी कानुनद्वारा नियमन गरिन्छ। नौसेना युद्धको कानुनलाई समुद्रका लागि लागू हुने संयुक्त राष्ट्र संघको महासन्धिभन्दा माथि मानिन्छ, जसलाई कानुनी भाषामा 'लेक्स स्पेसलिस'को सिद्धान्त भनिन्छ। यी नियम राज्यले समुद्रमा द्वन्द्वको आचरणलाई नियमन गर्न खोज्ने क्रममा शताब्दीयौंदेखि विकसित भएका हुन्।

यी कानुनका आधारमा हेर्दा अमेरिकाले इरानी युद्धपोतमाथि आक्रमण गर्नु वैध थियो। नौसेना युद्धको कानुनअन्तर्गत, अन्तर्राष्ट्रिय सशस्त्र द्वन्द्वमा संलग्न राज्यका युद्धपोत स्वतः सैन्य लक्ष्य मानिन्छन्। यस्तोमा तिनलाई लक्षित गर्न पाउनु वैध हो। यस्ता आक्रमण युद्धमा संलग्न भएका देशको क्षेत्राधिकार रहने १२ नटिकल माइलभित्रबाहेक जहाँ पनि गर्न पाइन्छ। तथापि, सशस्त्र द्वन्द्वका सहभागी राज्यको कानुन लाग्ने १२ नटिकल माइलभित्र भने आक्रमण वैध मानिन्छ।

यदि इरानी युद्धपोत त्यस समयमा श्रीलंकाको कानुन लाग्ने, अर्थात् श्रीलंकाको तटबाट १२ नटिकल माइलभित्र भएको भए आक्रमण अवैध हुने थियो। तर, इरानी युद्धपोत 'आइआरआइएस डेना' श्रीलंकाको तटबाट ४० नटिकल माइलबाहिर रहेकाले त्यो नौसेना युद्ध कानुनअनुसार एक वैध सैन्य लक्ष्य हो।

बाँचेकाहरूको उद्धारबारे कानुनले के भन्छ ?

नौसेना युद्धको कानुनले शत्रुपक्षकै जहाजमाथि पनि आक्रमणपछि बाँचेकाहरूको उद्धारसम्बन्धी दायित्व तोकेको छ। सन् १९४९ को दोस्रो जेनेभा महासन्धिले द्वन्द्वका पक्षराष्ट्रले प्रत्येक आक्रमणपछि नष्ट भएका जहाजमा रहेका घाइते तथा असशस्त्र बिरामीको खोजी तथा बचाउ गर्न सबै सम्भावित उपाय अपनाउनुपर्ने भनेको छ। यी नियम नौसेना युद्धमा लागू हुन्छन्।



अर्थात्, युद्धरत पक्षले शत्रुपक्षका मानिसको पनि आक्रमणपछि सहयोग गर्नुपर्ने व्यवस्था छ।

तथापि, व्यवहारमा भने पनडुब्बीले यस्तो दायित्व पूरा गर्न चुनौतीको सामना गर्नुपर्ने देखिन्छ। जस्तो, पनडुब्बीले आक्रमण गरेपछि शत्रुपक्षका बचेका लडाकुको उद्धार गर्ने हो भने सतहमा आउनुपर्ने हुन्छ। पनडुब्बी भनेकै शत्रुहरूबाट अवस्थिति लुकाउन समुद्री सतहबाट मुनि रहेर काम गर्ने उद्देश्यले बनाइएको हुन्छ। सतहमा आउनासाथ पनडुब्बी र त्यसमा सवार नै जोखिममा पर्न सक्छन्। त्यसबाहेक पनडुब्बीको बनोटका कारण पनि त्यसमा ठुलो संख्यामा बाँचेकाहरूलाई राख्न सकिँदैन। तथापि, पनडुब्बीले आफ्नो सुरक्षाका सतहमा आउन नसक्ने भए पनि यसले नजिक रहेका अन्य जहाज वा अधिकारीलाई आक्रमण गरिएका जहाजको स्थानबारे खबर गरेर उद्धारलाई सहज बनाउन सक्छ। यो अभ्यास पनडुब्बी युद्धमा केही प्रमुख कानुनी टिप्पणीमा उल्लेख गरिएको छ।

'आइआरआइएस डेना'माथि आक्रमणपछि बचेका नाविकको उद्धारका लागि श्रीलंकाली नौसेना पुगेको थियो। तिनले ३२ जना नाविकलाई उद्धार गरेका थिए। श्रीलंकाली नौसेनाको द्रुत प्रतिक्रियाका लागि पनडुब्बीले घटनाबारे तुरुन्तै जानकारी गराइएको संकेत देखिन्छ। (३२ जनालाई बचाउनुका अतिरिक्त श्रीलंकाली अधिकारीले ८७ शव पनि भेटेका थिए।) तथापि, श्रीलंकाली नौसेनालाई कसरी जानकारी गराइएको थियो भन्नेबारे अझै स्पष्ट गरिएको छैन। तथापि, अमेरिकी नौसेनाले बाँचेकाको स्थान प्रसारण गरेको प्रारम्भिक समाचार आएका छन्। आइआरआइएस डेनाले भोगेको क्षतिको स्तर र अक्रमणमा भएको हताहतीको संख्यालाई ध्यान दिँदा जहाजको चालक दल आफैंले आफ्नो स्थान प्रसारण गर्न सक्षम रहेको सम्भावना थिएन।

माथिका सबै तथ्य केलाउँदा इरानसँगको द्वन्द्वमा संयुक्त राज्य अमेरिकाको प्रवेशको कानुनी औचित्यमाथि बहस जारी रहँदा समुद्रमाथि शत्रुपक्षका वाहनमाथि आक्रमणबारे नौसेना युद्धको कानुन लागू हुन्छ। र, यस कानुनले इरानी जहाज अमेरिकाको वैध सैन्य लक्ष्य ठहर गर्छ। साथै, आक्रमणपछि पनडुब्बीले जहाजमा बाँचेकाहरूको उद्धारलाई सहज बनाउने प्रयास गरेको पनि देखिन्छ।

(पार्कर युनिभर्सिटी अफ वेस्टर्न अस्ट्रेलियाका रक्षा तथा सुरक्षा संस्थानका सहायक प्राध्यापक हुन्)

द कन्भर्सेसनबाट

यमनको हुथीले इरान युद्धमा चासो नदेखाउनुको अर्थ

इजरायल-अमेरिकाले इरानमाथि गरेको आक्रमणले अहिले पूरै मध्यपूर्व अशान्ति डुबेको छ। तेहरानबाट सुरु भएको तनाव अहिले फैलिएर अबुधाबी, दोहा, कुवेत सिटी, मनामा र बेरुतलगायत अधिकांश अरब देशसम्म पुगेको छ। अरब प्रायद्वीप र फारस क्षेत्रलाई द्वन्द्वको लहरले लपेट्दा यमन भने अझै शान्त देखिन्छ। यसले, धेरैलाई आश्चर्यचकित बनाएको छ। उत्तर-पश्चिमी यमनमा शासन गरिरहेको हुथी आन्दोलन इरानको सहयोगी शक्ति हो। यसअघि अक्टोबर २०२३ मा गाजामा इजरायलको नरसंहार युद्ध सुरु भएपछि सो समूहले अमेरिका र इजरायली लक्ष्यमा बारम्बार आक्रमण गरेर चर्चामा आएको थियो।

तर, फेब्रुअरी २८ मा इरानमाथि अमेरिका-इजरायली आक्रमण सुरु भएको एक साता बित्दासमेत हुथी समूहले तेहरानप्रति आफ्नो समर्थन जनाउने र आक्रमणको निन्दा गर्नेबाहेक खासै कुनै कदम चालेको देखिएको छैन। तथापि, युद्ध लम्बिँदै जाँदा उनीहरू अझै द्वन्द्वबाट टाढा रहिरलान् कि युद्धमा सहभागी होलान्, अहिले अनिश्चित छ। विश्लेषकले हुथी समूह आगामी दिनमा युद्धमा तानिने सम्भावना उच्च रहेको बताएका छन्। यसको हालको संयम दीर्घकालीन रणनीतिको अंश हुन सक्छ।

'हुथी जारी युद्धमा संलग्न हुने सम्भावना कायमै छ। सम्भवतः यो चरणबद्ध तनाव वृद्धिका क्रममा द्वन्द्वमा सहभागी हुन सक्छ,' द्वन्द्व अनुगमनकर्ता एसिएलइडीका यमन तथा खाडी क्षेत्रसम्बन्धी वरिष्ठ विश्लेषक लुका नेभोलाले भने, 'अहिलेसम्मको चरणमा भने हुथीको मुख्य प्राथमिकता प्रत्यक्ष अमेरिकी र इजरायली प्रतिशोधबाट बच्नु नै रहेको देखिन्छ।'

गत अगस्ट महिना इजरायली हवाई आक्रमणले राजधानी सानामा हुथी समूहका प्रधानमन्त्री अहमद अल-राहवी र चिफ अफ स्टाफ मोहम्मद अल-घुमारीसहित कम्तीमा १२ उच्चपदस्थ हुथी सरकारी सदस्य मारिएका थिए। यो अमेरिका र इजरायलसँगको टकरावको क्रममा समूहले भोगेको सबैभन्दा ठुलो क्षतिमध्ये एक थियो। उक्त आक्रमणलगायत गत वर्ष भएका अन्य आक्रमणका कारण हुथी नेतृत्व आफ्नो नियन्त्रणमा रहेका क्षेत्रमा भारी हवाई अभियानको जोखिम उठाउन सतर्क देखिन्छ। 'हुथी समूह अहिले इजरायली गुप्तचरको नेतृत्व मार्ने अभियानबाट डराएजस्तो देखिन्छ,' नेभोलाले भने।

गत वर्ष हुथी समूहले भोगेको क्षतिका बाबजुद यो यमनमा अझै बलियो शक्ति रहेको छ, जसले अझै विरोधीमाथि आक्रमण गर्न सक्छ। 'यदि हुथीहरूमाथि पहिले अमेरिका वा इजरायलले आक्रमण गरे उनीहरूले आक्रमण पुनः सुरु गर्ने सम्भावना छ,' नेभोलाले भने। हाल हुथी समूहका प्रमुख अब्देल-मलिक अल-हुथीले यसै साता 'यमन इस्लामिक गणतन्त्र इरान र मुस्लिम इरानी जनताको साथ स्पष्ट रूपमा उभिएको' बताएका थिए। उनले युद्ध विस्तार गरिए आफूहरूको हात पनि 'बन्दुकको ट्रिगरमा तयार रहेको' भनेका थिए।

पर्ख र हेर रणनीति

यमनी राजनीतिक टिप्पणीकार सदाम अल-हुरैबीले भने, 'तेहरान एकैचोटि आफ्ना सबै कार्ड प्रयोग गर्न चाहँदैन। युद्ध लम्बिने सोचका साथ तेहरानले यमनलाई आगामी चरणका लागि बचाउने लक्ष्य राखेको हुन सक्छ। युद्धमा हुथीहरूको प्रवेश निश्चत छ, खालि समयको कुरा मात्र हो। यदि इरानमाथि इजरायली-अमेरिकी आक्रमण रोकिएन भने यमनी समूह अनन्तसम्म चुप लागेर बस्नेछैन। हुथीहरू राजधानी साना र वरपरका आफ्नो नियन्त्रणमा रहेका क्षेत्रमा युद्धको तयारी गरिरहेका छन्।'

हुथीहरू अझै पनि लालसागर क्षेत्रमा आक्रमण गरेर त्यस क्षेत्रको समुद्री आवागमनमा अराजकता सिर्जना गर्न सक्षम छन्। यसअघि गाजालाई समर्थन जनाउँदै तिनले त्यस समुद्री रुटमा चल्ने जहाजमा बारम्बार आक्रमण गरेका थिए। साथै उनीहरूले इजरायलसम्म ड्रोन र मिसाइल प्रहार गर्न सक्छन्। 'सम्भवतः फेरि पनि उस्तै कदम चालिनेछ। तर, आक्रमण हुथी र इरानले उपयुक्त लागेको समयमा सुरु हुनेछ,' अल-हुरैबीले भने। नेभोला पनि यस विषयमा अल-हुरैबीको विश्लेषणमा सहमति छन्। 'अहिले हुथी समूहबाहेक इराननजिकका सबै क्षेत्रीय समूह अमेरिका र इरानको प्रत्यक्ष आक्रमणमा परेका छन्। यस्तोमा यमनलाई इरानले पछिको आक्रमण सुनिश्चित गर्न साँचेको हुन सक्छ। अथवा, हुथीहरूको शासनलाई सुरक्षित आश्रयस्थलको रूपमा संरक्षण गर्ने रणनीति पनि हुन सक्छ,' नेभोलाले भने।

'मेसा ग्लोबल एकेडेमी'का यमनी अनुसन्धानकर्ता र गैर-आवासीय फेलो अदेल दासेलाका अनुसार हुथीहरूले तेहरानको निर्देशनको अधीनमा नभई आफूलाई स्वतन्त्र गुटको रूपमा चित्रण गर्न पनि अहिले युद्ध घोषणा गर्न नचाहेको हुन सक्छ। 'व्यवहारमा हुथी समूह इरानको प्रतिरोधको हिस्सा हो। हुथी नेतृत्व अझै पनि परिस्थिति कसरी विकसित हुन्छ भनेर पर्ख र हेरको अवस्थामा छ। समूह अमेरिका-इजरायल युद्धमा संलग्न हुने विषयमा हतारमा निर्णय लिन चाहँदैन,' दासेलाले भने।



> मुस्लिम सिया समूह हुथी इरानलाई आफ्नो मार्गदर्शक तथा आराध्य मान्छ। तर, अहिले इरानमाथि आक्रमण हुँदा र समग्र मध्यपूर्व नै युद्धमा तानिँदा हुथी भने द्वन्द्वबाट अलग देखिन्छ। यो या त हुथी नेतृत्वले अपनाएको सतर्कता हुन सक्छ वा रणनीतिक धैर्य।

सम्भावित लक्ष्य

हुथीहरू क्षेप्यास्त्र र ड्रोनमार्फत धेरै लक्ष्यमा प्रहार गर्न सक्षम छन्। 'यदि द्वन्द्व जारी रह्यो र हुथीहरूले प्रत्यक्ष आक्रमणबाट खतरा महसुस गरे भने तिनले इजरायली क्षेत्र, अमेरिकी युद्धपोत र यस क्षेत्रमा रहेका अमेरिकी सैन्य आधार तथा इजरायली साझेदारलाई निसाना बनाउन सक्छन्,' नेभोलाले भने।

इजरायल र खाडी देशमाथि गत साताभर निरन्तर भएको इरानी क्षेप्यास्त्र आक्रमणले त्यस भेगमा तैनाथ धेरै 'इन्टरसेप्सन'(मिसाइल पहिचान गरेर नष्ट गर्ने) प्रणालीमा क्षति पुगेको हुन सक्छ। त्यसले गर्दा हुथीले गर्ने भावी आक्रमण अझ विनाशकारी हुन सक्छ। 'द्वन्द्वको पछिल्लो चरणमा खाडी देश र इजरायलविरुद्ध हुथीहरूले लामो दूरीको ड्रोन र क्षेप्यास्त्र आक्रमण थप प्रभावकारी साबित हुन सक्छ, त्यतिवेलासम्म ती देशको वायु रक्षा प्रणालीमा उलेख्य क्षति पुगेको हुनाले। यस्तोमा अहिले यमनतर्फको दक्षिणी मोर्चा खोल्दा इजरायलको हवाई रक्षामा थप तनाव हुन सक्छ,' नेभोलाले भने।

सन् २०२३ को अन्त्यदेखि सन् २०२५ सम्म हुथीहरूले लालसागरको समुद्री मार्गका धेरै जहाजमा आक्रमणको शृंखला चलाए। यो अभियानले कम्तीमा नौजना नाविक मारिए भने चारवटा जहाज डुबायो। यसले गर्दा लाल सागरमा ढुवानी नै अवरुद्ध हुन पुगेको थियो। जबकि, युद्धअघि त्यस मार्गमा प्रतिवर्ष लगभग एक ट्रिलियन डलरको सामान ढुवानी हुने गर्थ्यो।

अमेरिका-इजरायल आक्रमणले केही दिनमै इरानका धेरै राजनीतिक र सैन्य नेता मारिए। शीर्ष नेतृत्वको हत्याले इरानको इस्लामिक शासनलाई कमजोर बनाएको हुन सक्छ। अमेरिका र इजरायलले सो शासनको पतनलाई आफ्नो प्राथमिकता बताएका छन्। इरानको वर्तमान शासन कमजोर हुनु वा पतन हुनु दुवै अवस्था यमनका हुथी समूहका लागि 'हानिकारक' हुने अल-हुरैबी मान्छन्। 'वर्तमान इरानी शासन कमजोर वा पतन हुँदा यमन पठाइने इरानी हतियारको प्रवाह घट्ने वा पूर्ण रूपमा बन्द हुने भएकाले सो समूह सैन्य रूपमा कमजोर हुनेछ। त्यस्तो अवस्था सो समूहका लागि एक भयानक चुनौती हो,' अल-हुरैबीले भने।

सन् २०२२ मा, संयुक्त राष्ट्र संघले अरब सागरमा जफत गरेका हजारौँ हतियार इरानको एउटै बन्दरगाहबाट आएको पत्ता लागेको थियो। यमनी विज्ञ सम्मिलित संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्को एक प्यानलले तयार पारेको रिपोर्टले यमनमा इरानले रुस, चीन र आफ्नै देशका हतियार पठाएको उल्लेख गरेको छ। तथापि, इरानले यमनमा हतियार तस्करी गरेको कुरा बारम्बार अस्वीकार गर्दै आएको छ। यसबाहेक, अल-हुरैबीका अनुसार इरानी नेतृत्वमाथि भएको आक्रमणले हुथी समूहको मनोबलमा प्रभाव पार्न सक्छ।

'सिया भएकाले इरान हुथी समूहका लागि धार्मिक रूपमा आराध्य छ। जब आफ्नो आराध्य नै पराजित हुन्छ, मनोबल उस्तै रहन सक्दैन। इरानी शासनको पतन भएमा यमनलगायत क्षेत्रका यो नजिकका शक्तिको पतन हुन सक्छ,' अल-हुरैबीले भने।

-अलजजिराबाट

पेरुमा राष्ट्रपतिको अपदस्थले निम्त्याएको राजनीतिक संकट



पेरुका अन्तरिम राष्ट्रपति जोसे जेरीलाई पदभार ग्रहण गरेको चार महिनामै फेब्रुअरीमा देशको संसद्ले पदमुक्त गऱ्यो । घोटालाका धेरै काण्ड बाहिरिएपछि उनलाई बर्खास्त गरी वर्तमान अन्तरिम राष्ट्रपति जोसे मारिया बालकाजार नियुक्त भएका थिए। कार्यकाल पूरा गर्नुअघि नै पदबाट हटाइएका पेरुका राष्ट्रपतिको सूचीमा जेरी पछिल्ला नेता हुन्। अप्रिल १२ मा हुने आगामी आमचुनाव हुन करिब दुई महिना बाँकी हुँदा उनलाई पदच्युत गरिएको थियो।

राष्ट्रपति पदका लागि प्रतिस्पर्धी दल र उम्मेदवारको कीर्तिमानी संख्याका लागि यो चुनाव उल्लेखनीय छ। देशको सर्वोच्च पदका लागि कम्तीमा ३६ उम्मेदवारले प्रतिस्पर्धा गरिरहेका छन्। चुनावमा कुनै पनि उम्मेदवारले स्पष्ट बहुमत ल्याउने सम्भावना कम छ। निर्वाचन एकभन्दा बढी चरणमा हुने देखिन्छ।

जेरीको बर्खास्ती र राष्ट्रपतिका उम्मेदवारहरूको कीर्तिमानी संख्या संयोग होइनन्। बरु, तिनीहरू गहिरो संस्थागत संकटका लक्षण हुन्। विगत एक दशकमा पेरुको राजनीतिक परिदृश्यलाई अस्थिरताले परिभाषित गरेको छ, किनकि लगातार सांसद सदस्य र राष्ट्रपतिहरू सत्ताका लागि संघर्षमा फसेका छन्। यसका कारण आमसर्वसाधारणको जनजीवन कष्टकर बनेको छ। यो निरन्तर रस्साकस्सीलाई कसरी व्याख्या गर्न सकिन्छ ?

सन् २०२१ मा पेरुको अन्तिम चुनावपछि आफ्नो कार्यकाल पूरा नगर्ने जेरी तेस्रो राष्ट्रपति थिए। उनका पूर्ववर्ती दिना बोलुआर्टेलाई भ्रष्टाचार र अनैतिकताको अरोपबिच अक्टोबर २०२५ मा कंग्रेसले पदच्युत गरेको थियो। आर्थिक अनियमितता गरेको र अकुत सम्पत्ति कमाएको उनीमाथि अरोप लागेको थियो। उनीभन्दा पहिले २०२१ मा निर्वाचित राष्ट्रपति पेड्रो कास्टिलोलाई पनि विभिन्न अभियोग लगाएर पदबाट हटाइएको थियो। पछि उनलाई कारागारमा राखिएको थियो। द्रुत राष्ट्रपति परिवर्तनको यो ढाँचा अभूतपूर्व छैन, २०११-१६ को अवधिमा चार राष्ट्रपतिले पनि उनीहरूका अग्रजले पदावधि पूरा नहुँदै पद सम्हालेका थिए। तसर्थ, पेरुमा राष्ट्रपतिको कार्यकाल र पदावधि सकिएपछिका दिन खासै सुखद देखिँदैन। सबै राष्ट्रपतिको नियति प्रायः एउटै देखिन्छ, सेवाअवधि पूरा नहुँदै पदमुक्त हुनु र विभिन्न अभियोगको भागिदार बन्नु। लामो समयदेखि चलिरहेको अस्थिरता मुख्यतया तीन मुख्य संयन्त्रका कारणले भएको देखिन्छ- सामाजिक विखण्डन, राजनीतिक मतभेद र असाधारण उपायको सामान्यीकरण।

पेरुभियन समाजले धेरै साझा भावना र मूल्य-मान्यता गुमाएको छ। कुनै वेला साझा विचारका कारण विद्यमान राजनीतिक द्वन्द्वलाई अन्त्य र प्रतिनिधित्वलाई व्यवस्थित गर्न सहयोग गऱ्यो। वर्गमा आधारित पहिचान तथा दक्षिणपन्थी र वामपन्थी कित्ताले समाजलाई निरन्तर क्षयतर्फ पुऱ्याएको छ। समाजमा प्रतिस्पर्धी पहिचानहरूको खण्डित परिदृश्य देखा परेको छ- क्षेत्रीय, लैंगिक, जातीय र पेसागत। यो सामाजिक खण्डीकरण राजनीतिक खण्डीकरणले प्रतिबिम्बित गर्छ। पेरुको पार्टी प्रणालीमा प्रतिनिधि र मतदाताबिच कमजोर सम्बन्ध देखिन्छ।

कंग्रेस सदस्यले बढी अवसरवादी व्यवहार गरेका कारण राजनीतिले काम गर्ने तरिका परिवर्तन भएको छ, यद्यपि उनीहरूलाई थाहा छ कि मतदातासँगको कमजोर सम्बन्धका कारण उनीहरूको करियर राम्रो हुनेछैन। पछिल्लो दशकमा संसद् प्रमुख नेतालाई निन्दा गर्नेजस्ता माध्यममा निर्भर छ। फलस्वरूप, राजनीतिक द्वन्द्व अब वार्ता वा चुनावी चक्रमार्फत समाधान हुँदैन, बरु संस्थागत विघटनमार्फत समाधान हुन्छ।

यसले लोकतान्त्रिक प्रक्रियालाई धक्का दिनेछ, जसको अर्थ प्रजातान्त्रिक संस्थालाई कमजोर बनाउनु हो। हामी संघर्षरत लोकतन्त्रलाई त्यस्ता देशका रूपमा सोच्छौँ, जहाँ नेताहरू बढ्दो रूपमा निरंकुश हुन्छन् र आफ्नो शक्ति बढाउन खोज्छन्। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प यसका राम्रा उदाहरण हुन्। आफ्नो दोस्रो कार्यकालको सुरुवातदेखि नै उनले राजनीतिक विरोधीलाई आक्रमण गर्न, आप्रवासन दमन सुरु गर्न र शुल्क लगाउन विभिन्न सरकारी संस्थालाई हतियार बनाएका छन्।

राजनीतिक विखण्डन र निन्दाजस्ता चरम उपायको सामान्यीकरणका कारण पेरु एक व्यक्तिको हातमा शक्ति केन्द्रित हुनबाट पीडित छैन। बरु, देशले जनताको हितको प्रतिनिधित्व गर्न छाडेका दलहरूसँग सम्बन्धित राजनीतिज्ञको हातबाट शक्तिको क्षयीकरणको अनुभव गरिरहेको छ।

कुनै निरकुंशका कारणले होइन, बरु यसको समर्थनबाट खोक्रो हुँदै गएका कारण लोकतन्त्रको क्षय भइरहेको छ। निकट भविष्यमा यो अवस्थामा धेरै परिवर्तन देख्ने सम्भावना कम छ। लोकतान्त्रिक मूल्य-मान्यताका लागि आवश्यक पर्ने धेरै तत्त्व आज पेरुमा छैनन्। उदाहरणका लागि हामी साधन सम्पन्न नागरिक समाजको समर्थनमा बलियो र लोकतन्त्र समर्थक गठबन्धनको चुनाव देख्न असम्भव छ। राष्ट्रपति पदका लागि उम्मेदवारको कीर्तिमानी संख्या र अत्यधिक विभाजित मतदातासँगै आसन्न राष्ट्रपति निर्वाचनले पेरुका विद्यमान राजनीतिक तथा सामाजिक समस्या समाधान गर्ने देखिँदैन।

-द कन्भर्सेसनबाट



● एटिएन सिनोटे

सिनोटे म्याकगिल विश्वविद्यालयमा राजनीतिशास्त्रमा विद्यावारिधि गर्दै छन्।

> राष्ट्रपति पदका लागि उम्मेदवारको कीर्तिमानी संख्या र अत्यधिक विभाजित मतदातासँगै आसन्न राष्ट्रपति निर्वाचनले पनि देशका विद्यमान, राजनीतिक तथा सामाजिक समस्या समाधान गर्ने देखिँदैन

इतिहासमा आज

मार्च ८



● **सन् १९४२** : जापानी सेनाद्वारा बर्माको रंगुन कब्जा। थाइल्यान्डबाट बर्मा प्रवेश गर्दै जापानी सेनाले रंगुन कब्जा गरेपछि बर्मासँगको सडक विच्छेद गरिदिनुका साथै चिनियाँहरूलाई उनीहरूको एक मात्र सुविधाजनक आपूर्ति आधार र प्रवेशको बन्दरगाहमा अवरोध सिर्जना गरे।

● **सन् १५८७** : स्कटल्यान्डकी रानी तथा बेलायतकी महारानी एलिजाबेथ प्रथमकी प्रतिद्वन्द्वी मेरीको फोदरिंगहे क्यासलमा टाउको काटिएको थियो। साढे अठार वर्ष कैदपछि मेरीलाई एलिजाबेथको हत्या गर्ने षड्यन्त्र गरेकोमा दोषी ठहर गरिएको थियो।

● **सन् १५४२** : को १४ डिसेम्बरमा रानी बनेकी मेरीलाई सन् १५६७ मा सत्ताच्युत गरिएको थियो।

● **सन् १८१७** : न्युयोर्क स्टक एक्सचेन्जको स्थापना। न्युयोर्क सहरको वाल स्ट्रिटमा रहेको यो एक्सचेन्ज विश्वकै ठुलो स्टक एक्सचेन्ज हो।

● **सन् १९१०** : फ्रान्सेली महिला रेमोन्ड डी लारोची पाइलटको लाइसेन्स पाउने पहिलो महिला बनेकी थिइन्। फ्रान्सेली चालक लारोची एकल उडान गर्ने पहिलो महिलासमेत थिइन्। उत्तरी फ्रान्सको ले क्रोटोय एयरफिल्डमा एउटा विमानको परीक्षणात्मक उडानका क्रममा विमान दुर्घटना हुँदा उनको ३६ वर्षको उमेरमा मृत्यु भएको थियो।

● **सन् १९४०** : दक्षिण अफ्रिकी उपन्यासकार, आलोचक तथा अनुवादक जे एम कोइटजीको जन्म। उनलाई सन् २००३ मा साहित्यतर्फको नोबेल पुरस्कारबाट सम्मानित गरिएको थियो।

● **सन् १९८२** : तीन हजार अफगानीलाई विषालु ग्यास प्रयोग गरेर रुसले हत्या गरेको अमेरिकी आरोप।

१६ वर्षमुनिका बालबालिकालाई सामाजिक सञ्जालमा प्रतिबन्ध लगाउँदै इन्डोनेसिया

जाकार्ता/ इन्डोनेसिया १६ वर्षमुनिका बालबालिकाका लागि सामाजिक सञ्जाल र अन्य लोकप्रिय अनलाइन प्लेटफर्ममा प्रतिबन्ध लगाउने तयारी गरेको छ। युवाहरूलाई अनलाइन दुर्व्यवहारबाट जोगाउने उद्देश्यले प्रतिबन्ध लगाउने तयारी गरेको हो। देशका सञ्चार तथा डिजिटल मामिला मन्त्री मेउत्या हाफिदले 'उच्च जोखिम' भएका प्लेटफर्ममा १६ वर्षमुनिका बालबालिकाका अकाउन्ट २८ मार्चदेखि निष्क्रिय पारिने घोषणा गरे। 'यो युट्युब, टिकटक, फेसबुक, इन्स्टाग्राम, थ्रेड्स, एक्स, बिगो लाइभ र रोब्लोक्सजस्ता प्लेटफर्मबाट सुरु हुनेछ,' हाफिदले भने। प्रतिबन्धले इन्डोनेसियालाई 'उमेरअनुसार डिजिटल ठाउँमा बालबालिकाको पहुँच ढिलाइ गर्ने पहिलो गैरपश्चिमी देश' बनाउनेछ। प्रभावित प्लेटफर्मबाट तत्काल कुनै प्रतिक्रिया आएको छैन।

'हाम्रा बच्चाले बढ्दो वास्तविक खतराको सामना गरिरहेका छन्। पोर्नोग्राफी, साइबरबुलिङ र अनलाइन घोटालाको सम्पर्कदेखि लिएर लतसम्म, जुन सबैभन्दा महत्त्वपूर्ण चिन्ताको विषय हो,' हाफिदले भने 'सरकारले अब एल्गोरिदम-सञ्चालित प्लेटफर्मको विशाल समूहविरुद्ध एक्लै लड्नु नपरोस् भनेर कदम चालिरहेको छ।' बालबालिकाको परोपकारी संस्था युनिसेफले २०२३ मा रिपोर्ट गरेको थियो कि सर्वेक्षण गरिएका ५१० इन्डोनेसियाली बालबालिकामध्ये लगभग आधाले सामाजिक सञ्जालमा यौन तस्बिरको सामना गरेका थिए। 'दुई बच्चा, विशेषगरी किशोर छोराको साथ काम गर्ने आमाको रूपमा मेरो छोराले डिजिटल संसारमा के गरिरहेको छ भनेर निरन्तर निगरानी गर्न मसँग धेरै समय छैन,' ४२ वर्षीया अमान्डा कुसुमोले प्रतिबन्धको समाचारको प्रतिक्रियामा बिबिसीलाई भनिन्। 'यस्ता सरकारी नियमसँगै यसले अभिभावकको रूपमा हाम्रो चिन्तालाई कम गर्न मद्दत गर्छ,' उनले भनिन्, 'म विश्वस्त छु कि सरकारको निर्णयले अन्ततः बालबालिका र अभिभावक दुवैका लागि सकारात्मक फाइदा ल्याउनेछ।' अमान्डाका १७ वर्षीय छोरा म्याट जोसेफले प्रतिबन्धको पक्ष र विपक्ष दुवै तर्क देखेको बताए।

यसैबिच, इन्डोनेसियाको बाल संरक्षण एजेन्सीले सरकारका योजनाको अध्ययन नगरेसम्म यसमा टिप्पणी गर्न नसकिने बताएको छ। नीति अनुसन्धान तथा वकालत संस्थान (इएलएसएएम) का नुरुल इज्मीले नियमनको अन्तिम मस्यौदामा पहुँच गर्न सकेनन्, तर सामान्यतया बालबालिकाको सुरक्षा भनेको उमेर प्रतिबन्ध मात्र होइन भन्ने कुरा औंल्याउँदै युरोपेली संघले बालबालिकालाई लक्षित गरी प्रोफाइलिङ विज्ञापनमा प्रतिबन्ध लगाएको कुरा औंल्याए।

अर्थ पत्रिका
नयाँ पत्रिका
आइतबार २४ फागुन ०८२

घट्न थाल्यो निष्क्रिय बिमालेखको संख्या

चालू आवको माघ मसान्तसम्म ०.७१ प्रतिशतले घटेर निष्क्रिय बिमालेखको संख्या १२ लाख २६ हजारमा सीमित



मिलन विश्वकर्मा/नयाँ पत्रिका

चालू आर्थिक वर्ष ०८२/८३ को माघ मसान्तसम्म बिमा कम्पनीहरूमा नवीकरण नभई बसेका व्यतीत बिमालेख (निष्क्रिय पोलिसी)को संख्या घट्न थालेको छ। गत पुस मसान्तसम्म यस्तो बिमालेख बढ्दो क्रममा थियो। तर, माघ मसान्तसम्म आउँदा यो ०.७१ प्रतिशतले घटेको छ।

गत आवको माघसम्म बिमा कम्पनीहरूमा १२ लाख ३४ हजार नौ सय ८३ बिमालेख व्यतीत भएर बसेका थिए। चालू आवको माघ मसान्तसम्म आउँदा त्यो १२ लाख २६ हजार दुई सय ७५ मा सीमित भएको छ। यो गत पुससम्मको तुलनामा पनि कम हो। गत पुस मसान्तसम्म यस्तो बिमालेखको संख्या १२ लाख ३१ हजार ६ सय ५० थियो। यो तथ्यांकअनुसार निष्क्रिय भएर बसेका बिमालेख घट्न थालेका छन्।

बिमितले पाँच वर्ष, १० वर्ष, १५ वर्षजस्ता निश्चित अवधि तोकेर बिमा गरेका हुन्छन्। बिमितले वार्षिक रूपमा तोकिएको बिमाशुल्क कम्पनीलाई तिर्नुपर्छ। तर, बिमितले बाँकी किस्ता तिरेनन् भनेर बिमालेख व्यतीत भएर बसेको हुन्छ। व्यतीत भएपछि बिमालेखले बिमितको जोखिम रक्षावरण गर्दैन। यद्यपि, बिमितले कुनै पनि वेला बक्यौता तिरेर बिमालेख सक्रिय बनाउन सक्नेछन्। तीन वर्षको किस्ता तिरिसकेको अवस्थामा पोलिसी बन्द गरेर बिमितले आफूले पाउनुपर्ने रकम भुक्तानी लिन पनि सक्नेछन्।

व्यतीत बिमालेखको रकम भने २.९७ प्रतिशतले बढेको छ। गत आवको माघसम्म यस्तो रकम २६ अर्ब ६२ करोड ६ लाख रुपैयाँ थियो। चालू आवको माघसम्म आउँदा त्यो ३७ अर्ब ७० करोड ८२ लाख रुपैयाँ पुगेको छ। यस्तो रकम गत पुसको तुलनामा कम हो। गत पुससम्म यस्तो रकम ३७ अर्ब ८० करोड ७६ लाख थियो।

आर्थिक गतिविधि बढ्न थालेपछि आममानिसको आम्दानी पनि बढ्न थालेको छ। त्यसले गर्दा यसअघि बिमा शुल्क नतिरेका बिमितले बाँकी किस्ता तिरेर पोलिसी नवीकरण गर्न थालेका छन्। विगतमा आर्थिक संकटका कारण पनि यस्तो अवस्था आएको थियो। यस्तै, निश्चित समयपछि बिमा कम्पनी र अभिकर्ताले बिमितलाई सम्पर्क नगर्दा पनि यस्तो बिमालेख व्यतीत भएर बसेका छन्। तर, अहिले यो घट्न थालेको छ।

बिमा सरेन्डरमा ४.५६ प्रतिशतको कमी

विगतका वर्षहरूमा बढ्दो क्रममा रहेको जीवन बिमा पोलिसी सरेन्डर पनि घट्न थालेको छ। माघ मसान्तसम्म आउँदा यो ४.५६ प्रतिशतले घटेको छ। गत आवको सात महिनामा ६२ हजार पाँच सय २३ पोलिसी सरेन्डर भएको थियो। चालू आवको सात महिनामा ५९ हजार ६ सय ७२ पोलिसी सरेन्डर भएका छन्।

रकमका आधारमा भने यो १९.०७ प्रतिशतले घटेको छ। गत आवको सात महिनामा पोलिसी सरेन्डर गरेर बिमितले आठ अर्ब ५९ करोड दुई लाख रुपैयाँ भुक्तानी लगेका थिए। चालू आवको सात महिनामा भने ६ अर्ब ९५ करोड १७ लाख रुपैयाँ लगेका छन्। बिमालेखको आकार, सक्रिय बिमा अवधि, भुक्तानी भएको बिमाशुल्कलगायतका आधारमा समर्पण संख्या र रकमको वृद्धिदर फरक-फरक हुन सक्नेछ।

बिमितले पाँच वर्ष, १० वर्ष, १५ वर्षजस्ता निश्चित अवधि तोकेर बिमा गरेका हुन्छन्। त्यसको लागि वार्षिक रूपमा किस्ता तिर्नुपर्छ। यदि, सम्झौता अवधिभर बिमालाई निरन्तरता दिन नचाहेमा बिमितले आवश्यक प्रक्रिया पूरा गरेर पोलिसि बन्द गर्न सक्नेछन्। बिमितले त्यही अवधिसम्म तिरेको बिमाशुल्क र आर्जित बोनस फिर्ता पनि पाउनेछन्। यद्यपि, त्यसमा केही शुल्कहरू भने काटिनेछ। साथै, बिमा गरेको न्यूनतम तीन वर्ष पूरा भएको हुनुपर्ने सर्त पनि रहेको छ।

पोलिसि सरेन्डर नियमित प्रक्रिया पनि हो। विगतमा आर्थिक शिथिलताका कारण बिमालेख सरेन्डर बढ्दै आएको थियो। तर, अहिले बिमा सरेन्डर घट्न थालेको तथ्यांकले पुष्टि गरेको छ। विगतमा आर्थिक शिथिलताका कारण बिमा सरेन्डर बढेको थियो। बिमितको आम्दानी प्रभावित आर्थिक आवश्यकता पूर्ति गर्नका लागि पनि बिमा सरेन्डर गर्ने गरेका थिए। तर, अहिले विगतमा जस्तो आर्थिक संकट देखिएको छैन। त्यसले गर्दा बिमितले पोलिसी बन्द गरेका छैनन्। अहिले मानिसको नियमित आम्दानीले आर्थिक आवश्यकता पूरा हुन थालेको छ। त्यसले गर्दा बिमा सरेन्डर घट्न थालेको छ।



‘विकासशीलमा स्तरोन्नति’ अघि बढ्ला कि पर सर्ला ?

बंगलादेशको नवनिर्वाचित सरकारले विकासशीलमा स्तरोन्नति हुने म्याद थप तीन वर्ष माग्दै संयुक्त राष्ट्रसंघमा पत्राचार गरेको छ, नेपालको नयाँ सरकारले स्तरोन्नति अघि बढाउने वा पर सार्ने निर्णय छिट्टै गर्नुपर्ने हुन्छ

कृष्ण रिजाल/नयाँ पत्रिका

अब बन्ने नयाँ सरकारले नेपाललाई विकासशीलमा स्तरोन्नति हुने विषयमा लिन सक्ने निर्णयलाई लिएर अर्थवृत्तमा चासो बढेको छ। वर्तमान अन्तरिम सरकारले ‘अहिलेकै अवस्थामा ‘स्तरोन्नति’ हुने वा केही वर्ष पर धकेल्ने’ भन्ने विषयमा परामर्श गरे पनि निर्णय लिन सकेको छैन। निर्वाचित सरकारसँग सम्भावित चुनौतीको समाना गर्ने रणनीतिसहित ‘स्तरोन्नतिलाई अघि बढाउने’ र ‘स्तरोन्नतिको समय पर धकेल्न संयुक्त राष्ट्रसंघलाई आग्रह गर्ने’ गरी दुई विकल्प हुनेछन्। नयाँ सरकार गठन भएलगत्तै यसमा छिटो निर्णय लिनुपर्ने अवस्था रहेको सरोकारवाला बताउँछन्।

आगामी नोभेम्बरमा नेपाल अतिकम विकसित देशबाट विकासशीलमा स्तरोन्नति हुँदै छ। तर, स्तरोन्नतिका लागि तयारी पूरा नभएको निजी क्षेत्र र विज्ञहरूको विश्लेषण छ। छिमेकी देश बंगलादेशको नवनिर्वाचित सरकारले विकासशीलमा स्तरोन्नति हुने समयलाई पर सार्न भन्दै संयुक्त राष्ट्रसंघलाई पत्राचार गरिसकेको छ। बंगलादेशले राजनीतिक स्थिरतालगायत कारण तत्काल तयारी नपुगेको भन्दै स्तरोन्नतिका लागि तीन वर्षको समय मागेको हो। आन्दोलनपछि भएको निर्वाचनबाट बन्ने नयाँ सरकारले लिने निर्णयलाई लिएर अर्थवृत्तमा चासो र चिन्ता बढिरहेको छ।

निर्वाचनमा बहुमतनजिक पुगेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले नयाँ सरकार बनाउने देखिन्छ। तर, रास्वपाको घोषणापत्रमा ‘विकासशीलमा स्तरोन्नति’का विषयमा केही उल्लेख गरिएको छैन। शान्तिपूर्ण रूपमा सम्पन्न भएको निर्वाचनमार्फत जनताले ‘बलियो सरकार’ बन्ने गरी जनमत दिएका छन्। राजनीतिक स्थायित्वको आधार बनेको भए पनि आर्थिक अवस्थामा भने अझै चुनौतीपूर्ण अवस्थामा रहेको छ। यस्तो वेला नयाँ सरकारले सुझबुझपूर्ण लिनुपर्ने योजना आयोगका उपाध्यक्ष डा. प्रकाशकुमार श्रेष्ठ बताउँछन्।

योजना आयोगले अहिलेकै अवस्थामा स्तरोन्नति हुने वा केही समय पर धकेल्ने भन्ने विषयमा परामर्श र छलफल अघि बढाएको भए पनि निर्णय लिन सकेन। ‘खासगरी जेन-जी आन्दोलनपछि राजनीतिक अवस्था तरल बनेको, अर्थतन्त्र प्रभावित भएको तथा राज्यको ध्यान चुनाव र पुनर्निर्माणमा केन्द्रित गर्नुपर्ने भयो,’ उनले भने, ‘स्तरोन्नतिको विषय स्पष्ट धारणा बनाउन सरोकारवाला निकाय, निजी क्षेत्र, विकास साझेदार र विज्ञहरूसँग छलफल गरिएको भए पनि निर्णय गर्न पुगेन।’

विकासशीलमा स्तरोन्नति हुन नेपाललाई आवश्यक सम्पूर्ण सूचक पूरा भइसकेको छ। नेपालले त्यसका लागि रणनीति बनाएर आवश्यक तयारीसमेत गरिरहेको थियो। तर, स्तरोन्नतिपछि आउन सक्ने चुनौतीको सामना र अवसरको सदुपयोग गर्ने आधार बनिनसकेको सरोकारवाला बताउँछन्। संयुक्त राष्ट्रसंघको प्रतिनिधिमण्डलले गत महिना नेपालको स्तरोन्नतिको तयारीको मूल्यांकन गरिसकेका छन्। यसको प्रतिवेदन मार्च अन्तिसम्म आउन सक्नेछ। ‘उनीहरूले रेडिनेस (तयारी)को मूल्यांकन गरेका छन्, तर त्यसकै आधारमा निर्णय हुने होइन,’ उपाध्यक्ष श्रेष्ठले भने, ‘यदि सरकारले स्पष्ट कारणसहित पर सार्ने आग्रह गर्‍यौं भने संयुक्त राष्ट्रसंघले मान्न सक्छ।’ बंगलादेशको स्तरोन्नति पर सरेको अवस्थामा नेपाल मात्रै स्तरोन्नति हुँदा त्यसको असर अझ बढी हुन सक्ने उनको भनाइ छ।

स्तरोन्नतिपछि नेपालले व्यापारमा पाइरहेको सुविधा कटौती हुने, अनुदान नपाउने, ऋणको ब्याज महँगो हुनेलगायत चुनौती थपिनेछन्। यस्ता चुनौतीको सामना गर्न नेपाल तयार भइनसकेको उनको भनाइ छ। ‘स्तरोन्नति भएर फेरि तल झर्नुभन्दा दिगो स्तरोन्नतिको बाटो रोज्दा राम्रो हुन्छ,’ उनले भने, ‘यदि हामी अहिले तोकेकै अवस्थामा स्तरोन्नति हुने हो भने व्यापक तयारी गर्नुपर्ने हुन्छ।’

निजी क्षेत्रले पनि स्तरोन्नतिलाई तीन वर्षपछि धकेल्नुपर्ने बताउँदै आएको छ। नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले हालसम्म तयारी नै नपुगेको र अहिलेको परिस्थितिमा स्तरोन्नति हुँदा त्यो दिगो हुन नसक्ने बताए।

‘स्तरोन्नतिका विषयमा पनि महासंघले निरन्तर भनिरहेको छ, यो कृत्रिम रूपमा धनी भएको मात्रै हो,’ उनले भने, ‘बंगलादेशले स्तरोन्नतिलाई तीन वर्ष पर सार्न संयुक्त राष्ट्रसंघसमक्ष आग्रह गरिसकेको छ। हामीले पनि स्तरोन्नतिको म्याद कम्तीमा तीन वर्ष पर सार्नुपर्छ।’

महासंघ अध्यक्ष ढकालले गत १५ फागुन संयुक्त राष्ट्रसंघकी नवनियुक्त आवासीय संयोजक लीला पिटर याहियासँग भएको भेटमा नेपालको स्तरोन्नतिको म्याद थप्नुपर्नेमा जोड दिएका थिए। अध्यक्ष ढकालले मुलुक अझै संरचनात्मक रूपमा यो संक्रमणका लागि तयार नभएकाले व्यावसायिक समुदायसँगको व्यापक परामर्शका आधारमा नोभेम्बर २०२९ सम्म सार्न औपचारिक माग गरेका थिए।

गत कात्तिकमा नेपाल उद्योग वाणिज्य महासंघले आयोजना गरेको ‘राष्ट्रिय आर्थिक बहस’ कार्यक्रममा बोल्दै तत्कालीन मुख्यसचिव एकनारायण अर्यालले अतिकम विकसित मुलुकबाट विकासशीलमा स्तरोन्नति (ग्राजुएसन)मा पुनर्विचार गर्नुपर्ने अवस्था आएको बताएका थिए। उनले सरकारले यस विषयमा पहल गरिरहेको समेत जानकारी गराएका थिए। देशको आर्थिक अवस्था चुनौतीपूर्ण रहेको अहिलेको परिस्थितिमा स्तरोन्नतिमा जान नहुने उनको भनाइ थियो।



नयाँ सरकारले सुझबुझपूर्ण निर्णय लिनुपर्ने हुन्छ

● **डा. प्रकाशकुमार श्रेष्ठ**, उपाध्यक्ष, राष्ट्रिय योजना आयोग



राजनीतिक स्थायित्वको आधार बनेको भए पनि आर्थिक अवस्थामा भने अझै चुनौतीपूर्ण छ। यस्तो वेला नयाँ सरकारले सुझबुझपूर्ण निर्णय लिनुपर्ने हुन्छ। अन्तरिम सरकारले अहिलेकै अवस्थामा स्तरोन्नति हुने वा केही समय पर धकेल्ने भन्ने विषयमा परामर्श र छलफल अघि बढाएको भए पनि निर्णय लिन समय पुगेन। नेपालले दिगो स्तरोन्नतिको बाटो रोज्दा राम्रो हुन्छ।

स्तरोन्नतिको म्याद कम्तीमा तीन वर्ष पर सार्नुपर्छ

● **चन्द्रप्रसाद ढकाल**, अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ



स्तरोन्नतिका लागि हालसम्म तयारी नै पुगेको छैन, अहिलेको परिस्थितिमा स्तरोन्नति हुँदा त्यो दिगो हुन सक्दैन। अहिलेकै अवस्थामा स्तरोन्नति हुने भनेको कृत्रिम रूपमा धनी हुने मात्रै हो। बंगलादेशले स्तरोन्नतिलाई तीन वर्ष पर सार्न संयुक्त राष्ट्रसंघसमक्ष आग्रह गरिसकेको छ। हामीले पनि स्तरोन्नतिको म्याद कम्तीमा तीन वर्ष पर सार्नुपर्छ।

आयोगको प्रतिवेदन भन्छ- स्तरोन्नतिका लागि तयारी नै पुगेको छैन

गत असारमा आयोजित राष्ट्रिय विकास समस्या समाधान समिति (एनडेक)को बैठकमा योजना आयोगका तत्कालीन उपाध्यक्ष प्राडा शिवराज अधिकारीले प्रस्तुत गरेको प्रतिवेदनमा ‘स्तरोन्नतिका लागि तयारी नपुगेको’ औंल्याइएको थियो। ‘नेपाल सन् २०२६ नोभेम्बरमा अतिकम विकसित देशबाट स्तरोन्नति हुन गइरहेको छ। यसबाट वैदेशिक व्यापार, विकास सहायतालगायतका क्षेत्रमा पर्ने असरको न्यूनीकरण, सम्भावित अवसरको उपयोग र सहज तथा दिगो स्तरोन्नति सम्बन्धमा आवश्यक तयारी हुन सकेको छैन,’ प्रतिवेदनमा उल्लेख छ।

सहज स्तरोन्नति रणनीतिको कार्यान्वयनमा सम्बन्धित मन्त्रालय-निकायहरूको अपनत्व, जिम्मेवारी र जवाफदेहिता ज्यादै कमजोर रहेको तत्कालीन उपाध्यक्षले औंल्याएका थिए। ‘यसबाट स्तरोन्नति सम्बन्धमा व्यवस्था गरिएका राष्ट्रिय र प्रादेशिकस्तरका विभिन्न समिति क्रियाशील हुन सकेका छैनन्,’ प्रस्तुतिमा भनिएको थियो, ‘यस सम्बन्धमा आवश्यक तयारीको कार्य गर्न योजना आयोग र सम्बन्धित मन्त्रालय-निकायमा छुट्टै संस्थागत प्रबन्धसमेत रहेको छैन। साथै, स्तरोन्नति प्रक्रियामा प्रदेश र स्थानीय तहलाई मूल प्रवाहीकरण भएको छैन।’

उनले योजना आयोग, सम्बन्धित मन्त्रालय-निकाय र प्रदेशमा स्तरोन्नतिसम्बन्धी सम्पर्क विन्दु तोकी छुट्टै एकाइ स्थापना गर्ने तथा विद्यमान अनुगमन तथा मूल्यांकन पद्धतिमा स्तरोन्नतिको तयारीसम्बन्धी विषयलाई समेत समावेश गरी नियमित प्रगति समीक्षा गर्न सुझाएका थिए।

वर्षमै थपिए फोर-जीका पौने १३ लाख ग्राहक

नयाँ पत्रिका

नेपालमा चौथो पुस्ताको मोबाइल सेवा (फोर-जी) प्रयोगकर्ता उच्च दरमा बढिरहेका छन्। पछिल्लो एक वर्षमै फोर-जीका पौने १३ लाख ग्राहक थपिएको दूरसञ्चार प्राधिकरणको तथ्यांक छ। योसँगै सिमकार्ड बिक्रीका आधारमा फोर-जीका ग्राहक (प्रयोगकर्ता) दुई करोड ६३ लाख ५६ हजार दुई सय ९५ जना पुगेका छन्।

फोर-जी सरु भएको नौ वर्षमा यसका प्रयोगकर्ता साढे दुई करोड नाघेका हुन्। नेपालमा १७ पुस ०७३ देखि फोर-जी सेवा सुरु भएको हो। त्यसयता सेवाप्रदायक एनसेल र नेपाल टेलिकमले फोर-जीको नेटवर्क विस्तार र ग्राहक वृद्धिलाई तीव्रता दिए। पछिल्लो एक वर्षमै फोर-जीका ग्राहक १२ लाख ८० हजारले बढेको प्राधिरकणको तथ्यांक छ। सिम-सेवा बिक्रीका आधारमा गत वर्षको पुससम्ममा फोर-जी प्रयोगकर्ता दुई करोड ५० लाख ७५ हजार चार सय १९ जना थिए।

यस अवधिमा नेपाल टेलिकमका सबैभन्दा धेरै १३ लाख सात हजार पाँच सय ६ जना फोर-जी ग्राहक थपिएका छन्। प्राधिकरणको गत पुस मसान्तसम्मको प्रतिवेदनअनुसार फोर-जी सेवा खरिद गर्ने नेपाल टेलिकमका ग्राहक संख्या एक करोड ४४ लाख ६५ हजार तीन सय तीन पुगेका छन्। अघिल्लो वर्षको पुस मसान्तसम्मा टेलिकमका फोर-जी ग्राहक एक करोड ३१ लाख ५७ हजार आठ सय ३७ जना थिए। यस अवधिमा एनसेलका फोर-जी ग्राहक भने २६ हजार ६ सय ३० जनाले घटेको प्राधिकरणको तथ्यांकले देखाउँछ। अघिल्लो वर्षको पुससम्ममा एनसेलका फोर-जी ग्राहक एक करोड १९ लाख १७ हजार पाँच सय ८२ जना थिए। यो वर्षको पुस मसान्तमा आइपुग्दा एनसेलका फोर-जी ग्राहक संख्या घटेर एक करोड १८ लाख ९० हजार नौ सय ५२ जना पुगेका हुन्।

चौथो पुस्ताको मोबाइल सेवा (फोर-जी/एलटिई) तीव्र गतिको वायरलेस प्रविधि हो। यस प्रविधिमा आधारित भएर एलटिई, वाइम्याक्सलगायत सेवा सञ्चालन गर्न सकिन्छ। खासगरी फोर-जीको प्रयोगबाट प्रत्यक्ष भिडियो कल गर्न, द्रुत गतिमा इन्टरनेट चलाउन, ठुला-ठुला फाइलहरू डाउनलोड तथा अपलोड गर्न सहज बनाउँछ। विश्वबजारमा फोर-जी सन् २००९ देखि नै सुरू भएको हो।

आगामी बजेटको करसम्बन्धी व्यवस्थाका लागि सुझाव माग

काठमाडौं/ आगामी आर्थिक वर्ष ०८३/८४ को बजेटमा करसम्बन्धी व्यवस्थाका कर कार्यालयहरूले सरोकारवाला र आमजनतासँग सुझाव मागेका छन्। आन्तरिक राजस्व विभाग र भन्सार विभागले सूचना जारी गर्दै करसम्बन्धी सुझाव मागेका हुन्। दुवै विभागले चैत पहिलो साताभित्र सुझाव दिन आह्वान गरेका छन्। अर्थमन्त्री रामेश्वरप्रसाद खनालको २८ माघको निर्णयअनुसार अर्थ मन्त्रालयले आगामी आर्थिक वर्ष ०८३/८४ को बजेट निर्माणका सम्बन्धमा सरकारलाई राय-सुझाव दिन १५ फागुनमा राजस्व परामर्श समिति गठन गरेको थियो। अर्थ मन्त्रालयका राजस्वसचिव भूपाल बरालको संयोजकत्वमा गठन भएको समितिले आफ्नो काम सुरु गरिसकेको छ। राजस्व परामर्श समिति २०८२ अन्तर्गत विभिन्न विषयगत नौवटा उपसमिति गठन गरिएको छ। जसमध्ये आन्तरिक राजस्व उपसमिति र भन्सार उपसमितिले आगामी बजेटका लागि करसम्बन्धी सुझाव मागेका हुन्। आन्तरिक राजस्व उपसमितिले आयकर, मूल्य अभिवृद्धि कर (भ्याट), अन्तःशुल्क, शिक्षा सेवा शुल्क, डिजिटल सर्भिस ट्याक्स, ई-कमर्स कर तथा अन्य आन्तरिक करसम्बन्धी नीतिगत तथा कानुनी सुधार, कर दर पुनरावलोकन, प्रक्रिया सरलीकरण, कर प्रणाली र राजस्व प्रशासन सुधारका विषयमा काम गर्नेछ।

७८१ परियोजनामा एक खर्ब ३० अर्ब लगानी प्रस्ताव

नयाँ पत्रिका

चालू आर्थिक वर्ष ०८२/८३ को ६ महिनामा उद्योग क्षेत्रमा एक खर्ब ३० अर्ब दुई करोडबराबरको लगानी प्रस्ताव आएको छ। उद्योग विभागले तयार गरेको दोस्रो त्रैमासिक प्रगति विवरणले यस्तो देखाएको हो। विभिन्न सात सय ८१ वटा उद्योग तथा परियोजनामा सोबराबरको लगानी प्रस्ताव भएको हो।

गत आवको पहिलो ६ महिनामा तीन सय ३८ उद्योगमा एक खर्ब दुई अर्ब ९९ करोड रुपैयाँबराबरको लगानी प्रस्ताव आएको थियो। तर, चालू आवको सात महिनामा त्योभन्दा धेरै लगानी प्रस्ताव आएको छ। समीक्षा अवधिमा ३४ ठुला, ३५ मझौला र सात सय १२ वटा साना उद्योगमा सोबराबरको लगानी प्रस्ताव आएको हो। यसबाट ३२ हजार ६ सय २७ रोजगारी सिर्जना हुने दाबी गरिएको छ। तथ्यांकअनुसार विदेशी लगानीतर्फ ३९ अर्ब २३ करोड रुपैयाँबराबरको चार सय ७५ परियोजना स्वीकृति भएका छन्। त्यसमा २० हजार एक सय २२ रोजगारी सिर्जना भएको छ।

कुन क्षेत्रमा कति लगानी ?

तथ्यांकअनुसार कृषिका १७ उद्योगमा २४ अर्ब ८३ करोड ३१ लाख २८ हजार लगानी प्रस्ताव गरिएको छ, त्यसमा सात हजार ६४ रोजगारी प्रस्ताव गरिएको छ। ऊर्जाका १५ परियोजनामा २० अर्ब ६८ करोड ५८ लाख ६८ हजार रुपैयाँ लगानी प्रस्ताव गरिएको छ। त्यसमा चार सय १५ जनालाई रोजगारी सिर्जना हुने तथ्यांकमा उल्लेख छ।

यसैगरी, सूचना प्रविधिका तीन सय ५९ परियोजनामा एक अर्ब ५२ करोड ३९ लाख ७७ हजार रुपैयाँ लगानी प्रस्ताव आएको छ। त्यसमा चार हजार चार सय ७९ जनालाई रोजगाारी सिर्जना हुने बताइएको छ।

यस्तै, उत्पादनका ८४ परियोजनामा १८ अर्ब ८२ करोड ६७ लाख ९२ हजार रुपैयाँ लगानी प्रस्ताव गरिएको छ। त्यसमा पाँच हजार पाँच सय १३ जनालाई रोजगारी सिर्जना हुने बताइएको छ।

यस्तै, मिनिरलका पाँच परियोजनामा १९ करोड तीन लाख ३४ हजार लगानी प्रस्ताव हुँदा एक सय १५ रोजगारी सिर्जना हुने बताइएको छ।

यस्तै, सेवाका क्षेत्रका ५९ परियोजनामा ३० अर्ब ८९ करोड ६९ लााख ६३ हजार रुपैयाँ लगानी प्रस्ताव गरिएको छ। यसैगरी, पर्यटनका दुई सय ४२ परियोजनामा ३३ अर्ब ६ करोड ५४ लाख ७९ लाख रुपैयाँ लगानी प्रस्ताव आएको छ। यतिका संख्यामा परियोजना स्थापना हुँदा सेवा क्षेत्रमा दुई हजार चार सय २० र पर्यटनमा १२ हजार ६ सय ३० रोजगारी सिर्जना हुने बताइएको छ।

पाँच सय प्रतिशतले बढ्यो चाँदीको आयात

सात महिनामा २४ अर्बको चाँदी र सवा २२ अर्बको सुन आयात, कुल आयातमा सुनचाँदीको हिस्सा ४.१ प्रतिशत पुग्यो, निर्यात नगण्य

नयाँ पत्रिका

विश्वबजार चाँदीको मागसँगै मूल्यवृद्धि उच्च हुँदा नेपालमा पनि सेतो धातुको आयात उच्च दरमा बढेको छ। चाँदीमा लगानी गर्नेको संख्या बढेसँगै नेपालमा यसको आयात पाँच सय प्रतिशतले बढेको सरकारी तथ्यांकले देखाएको छ।

चालू आर्थिक वर्ष ०८२/८३ को सात महिनामा नेपालमा २४ अर्ब ९१ लाख रुपैयाँबराबरको चाँदी आयात भएको छ। जुन अघिल्लो आवको सोही अवधिको तुलानामा पाँच सय प्रतिशतले बढी हो। गत आवको माघ मसान्तसम्ममा नेपालमा चार अर्ब ४९ लाख रुपैयाँबराबरको चाँदी आयात भएको व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको तथ्यांक छ। गत आव ०८१/८२ मा कुल सात अर्ब दुई करोड ६१ लाख रुपैयाँबराबरको चाँदी आयात भएको थियो। नेपालको कुल आयातमा चाँदीको हिस्सा २.१ प्रतिशत पुगेको छ।

चाँदीको मात्रै होइन, नेपालमा सुनको आयातसमेत उच्च दरमा बढिरहेको छ। चालू आवको सात महिनामा नेपालमा २२ अर्ब ३४ करोड १४ लाख रुपैयाँबराबरको सुन आयात भएको थियो। जुन अघिल्लो आवको सोही अवधिको तुलनामा ८१.०९ प्रतिशतले बढी हो। गत आवको माघ मसान्तसम्ममा नेपालमा १२ अर्ब ३३ करोड ७२ लाख रुपैयाँबराबरको सुन आयात भएको व्यापार तथा निकासी केन्द्रको तथ्यांक छ। गत आव ०८१/८२ मा भने १९ अर्ब ९४ करोड ५७ लाख रुपैयाँबराबरको सुन आयात भएको थियो। नेपालको कुल आयातमा सुनको हिस्सा दुई प्रतिशत पुगेको छ।



मूल्य बढेको बढ्यै

विश्वव्यापी रूपमा सुनचाँदीको माग बढेसँगै यसको मूल्य पनि उच्च दरमा बढिरहेको छ। पछिल्लो समय मध्यपूर्वमा देखिएको तनावले सुनचाँदीमा हुने लगानी र यसको मूल्य अझ बढ्दो अवस्थामा देखिएको छ। मंगलबार सुन तोलामा २५ सय रुपैयाँले बढेर तीन लाख २८ हजार ६ सय रुपैयाँमा कारोबार भयो। सोमबार प्रतितोला तीन लाख २६ हजार एक सय रुपैयाँ थियो। सोमबार ६ हजार २० रुपैयाँ रहेको चाँदी मंगलबार पाँच हजार आठ सय रुपैयाँमा कारोबार भयो। यो तोलामा दुई सय पाँच रुपैयाँले घटेको हो।

फागुन १ गते सुनको मूल्य एक तोलाबराबर तीन लाख तीन हजार पाँच सय रुपैयाँ थियो। १९ फागुनसम्म पुग्दा तीन लाख २८ हजार ६ सय पुगेको छ। यस्तै, १९ दिनमा चाँदी आठ सय १५ रुपैयाँले बढेको छ। १ फागुनमा तोलाको पाँच सय रुपैयाँ रहेको चाँदी मंगलबार पाँच हजार आठ सय १५ मा कारोबार भयो। यसरी हेर्दा सुनचाँदीको मूल्य थप बढ्ने देखिन्छ।

१७ करोडको गरगहना निर्यात

कुल आयातको चार प्रतिशत हाराहारीमा सुनचाँदी आयात हुँदा यी बहुमूल्य धातुका गरगहनाको निर्यात भने निकै न्यून रहेको सरकारी तथ्यांक छ। कुल निर्यातमा सुनको हिस्सा नगण्य तथा चाँदीको हिस्सा ०.१ प्रतिशत मात्रै रहेको व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको तथ्यांक छ। नेपालले ४६ अर्ब ३५ करोड पाँच लाख रुपैयाँबराबरको सुनचाँदी आयात गर्दा निर्यात भने १७ करोड पाँच लाख रुपैयाँबराबरको मात्रै गर्न सकेको हो।

चालू आवको सात महिनमा तीन करोड ९७ लाख रुपैयाँबराबरका सुनका गरगहना निर्यात भएको छ। जुन अघिल्लो आवको सोही अवधिको तुलनामा एक सय दुई प्रतिशतले बढी हो। गत आवको माघ मसान्तसम्ममा एक करोड ९६ लाख रुपैयाँबराबरका सुनका गरगहना निर्यात भएको थियो। गत आवमा चार करोड ७८ लाखको सुनका गरगहना निर्यात भएको थियो। कुल निर्यातमा सुनको हिस्सा नगण्य देखिन्छ।

चालू आवको सात महिनामा नेपालबाट १३ करोड आठ लाख रुपैयाँबराबरको चाँदीका गरगहना निर्यात भएको छ। जुन गत आवको सोही अवधिको तुलनामा २१.४५ प्रतिशतले बढी हो। गत आवको माघ मसान्तसम्ममा नेपालले १० करोड ७७ लाख रुपैयाँबराबरका चाँदीका गरगहना निर्यात गरेको थियो।

गत आवमा भने नेपालले कुल १७ करोड ८७ लाख रुपैयाँबराबरको चाँदीका गरगहना निर्यात गरेको थियो। कुल निर्यातमा चाँदीका गरगहनाको हिस्सा ०.१ प्रतिशत रहेको छ।

नयाँ सरकार गठनपछि शिथिल पुँजी बजारले गति लिने लगानीकर्ताको अपेक्षा

निर्वाचनपछि सही र स्पष्ट आर्थिक नीति आउने एवं शिथिल सेयर बजारले पनि 'टेक अफ' लिने विश्वास

मीनराज बसन्त/नयाँ पत्रिका

जेन-जी आन्दोलनपछि शिथिल बनेको नेपालको पुँजी बजारले जननिर्वाचित नयाँ सरकार गठनसँगै गति लिने लगानीकर्ताले आशा गरेका छन्। निर्वाचत हुने निश्चित भएपछि पछिल्ला ६ करोबार दिन नेप्से परिसूचक लगातार बढ्यो। जनताले एकल बहुमतसहितको सरकार बनाउन सक्ने गरी अभिमत दिएका छन्। यसले राजनीतिक स्थिरता र आर्थिक स्थायित्वको आधार बनाएको भन्दै लगानीकर्ताले अब नयाँ सरकार गठनसँगै सेयर बजारले 'टेक अफ' गर्ने बताएका छन्।

जेन-जी आन्दोलमा ९८ अर्बबराबरको क्षति भएको छ। आन्दोलनमा कुल ७६ जनाले ज्यान गुमाए। त्यो राजनीतिक घटनाक्रमसँगै पुँजी बजारमा पनि उतारचढाव देखियो। अन्तरिम सरकार गठनसँगै खुलेको सेयर बजार नमज्जाले घट्यो। त्यसपछि पनि सेयर बजार माथि उठ्न सकेको छैन। तर, बिहीबार सफलतापूर्वक चुनाव सम्पन्न भएसँगै अब मुलुकले छिट्टै निर्वाचित सरकार पाउनेछ। त्यसपछि भने सेयर बजारमा पनि सकारात्मक प्रभाव पर्ने अपेक्षामा लगानीकर्ता छन्।

जेन-जी आन्दोलनपछिको सेयर बजार

जेन-जी आन्दोलन हुनुअघि बजार क्रमशः घट्दै गइरहेको अवस्था थियो। २३-२३ मा प्रदर्शन भएपछि त्यसको करिब एक हप्ताअघिदेखि बजार घट्न थालेको थियो। भदौ १२ र १५ मा बजार क्रमशः ३८.१० र ३१.१७ प्रतिशतले घटेको थियो। ती दिन नेप्से क्रमशः २७८१ र २७४९.८३ विन्दुमा बन्द भएको थियो। त्यसको अर्को दिन अर्थात् भदौ १७ मा बजार १२.०३ अंकले बढेर २७.६१ विन्दु कायम भयो। त्यसपछि लगातार घट्न थालेको बजार एकैपटक असोज २ गतेसम्म निरन्तर घटिरह्यो। भदौ १२ मा २,७८१ रहेको नेप्से परिसूचक २ असोजमा २६९ अंकले घट्यो। असोज २ मा त बजार एकै दिन १६०.३३ अंकले बढेको नेप्सको तथ्यांक छ।

जेन-जी आन्दोलनको अघिल्लो कारोबार दिन २,६७२.२५ विन्दु रहेको सेयर बजार फागुन २,७१२.४९ अंक कायम



भएको छ। आन्दोलनपछि उतारचढाव भोगेको बजार केवल ४०.२४ अंकले बढेको छ। सात महिनाको अवधिमा बढेको ४० अंकलाई बजार बढेको भन्न नमिल्ने लगानीकर्ता बताउँछन्।

कुन महिना कति ?

भदौ १ मा नेप्से परिसूचक २,७६१.२२ मा रहेकामा महिनाको अन्तिम कारोबारमा २,६७२.२५ कायम भयो। अर्थात्, भदौमा बजार ८८.९७ अंकले घट्न पुग्यो। त्यसपछि असोजमा दसैँलगायत सार्वजनिक बिदा परे। सो महिना जम्माजम्मी १४ दिन सेयर बजार खुल्यो। सो महिना बजार बढ्नेभन्दा घट्ने क्रम बढी चल्यो। २६७२.२५ मा असोज अन्तिमको कारोबारसम्म पुग्दा बजार १८५ अंकले घट्यो। असोज महिनामा नेप्से परिसूचक २४८७.१७ मा झऱ्यो। यता, कात्तिकमा पनि तिहार, छठलगायतका पर्वले गर्दा बजार हप्ता दिनभन्दा बढी बन्द भयो। कात्तिकको पहिलो कारोबार दिन २५०३.८५ अंक रहेको नेप्से सो महिनाको अन्तिममा २५४५.७३ मा बन्द भयो। उक्त महिना बजार ४१.८८ अंकले बढ्यो। त्यसपछि मंसिरमा ५५.८८ अंक र पुसमा ३९.४३ अंकले बढ्यो। यस्तै, माघमा २९.६४ अंकले बढेको बजार फागुनमा (पछिल्लो कारोबार) ४१.४२ अंकले बढी २७१२.४९ अंक कायम भएको नेप्सेले जनाएको छ।

■ अब बजारमा सकारात्मक प्रभाव पर्ने आशा छ : लगानीकर्ता रौनियार



लगानीकर्ता छोटेलाल रौनियारले पनि चुनावपछि सेयर बजारमा सकारात्मक नतिजा देखिने आशा गरेको बताए। आन्दोलनअघि साँच्चिकै निराशाको अवस्था थियो। आन्दोलनमा ठुलो जनधनको क्षति भए पनि त्यसमा उठेका मुद्दा ठिक छन्। त्यो क्षतिका कारण समग्र मुलुकको अर्थतन्त्र प्रभावित भयो। त्यसको असर सेयर बजारमा पनि स्वाभाविक रूपमा पऱ्यो। उक्त परिवर्तनसँगै बिहीबार चुनाव सम्पन्न भएको छ। अब बन्ने सरकारले आर्थिक विकासको काम गर्छ भन्ने आशा छ। त्यसले गर्दा अब सेयर बजारमा पनि सकारात्मक प्रभाव पर्ने आशा छ। बैंकहरूलाई पनि सेयर बजारमा लगानी गर्न प्रोत्साहन गर्नुपर्छ।

सेयर बजार बढ्ने आधार भएको बताउँदै उनले लगानीकर्ता अझै घाटामा रहेको बताए। अहिले सेयर बजार न्यून विन्दुमा छ। ३२ सयको हालसम्मकै उच्च विन्दुलाई नेप्से इन्डेक्सले छुनै पर्नेछ। यो चार वर्षको ब्याजसमेत जोड्दा लगानीकर्ताको लगानी उठ्न सेयर बजार झन्डै ४२ सय विन्दुमा पुग्नुपर्छ। सरकारले राम्रो आर्थिक नीति ल्यायो र पुँजी बजारलाई प्रोत्साहन गऱ्यो भने त्यो सम्भव छ। सेयर बजार घट्ने र बढ्ने नियमित प्रक्रिया हो। समग्रमा सेयर बजारमा स्थिरता आउनुपर्छ भन्ने हाम्रो माग हो।

■ नयाँ सरकारबाट लगानीकर्ताको आशा के ?

पुँजी बजार मात्रै होइन, निजी क्षेत्र नै राजनीतिको सिकार बनिरहेको छ। यो वा त्यो बहानमा निसानामा परिरहेको छ। देशमा राजनीतिक स्थिरता नहुँदा, निजी क्षेत्रमैत्री राज्य नहुँदा यसको प्रत्यक्ष प्रभावमा पुँजी बजार परेको लगानीकर्ता बताउँछन्।

चुनावी म्यान्डेट पाएको कार्की सरकारले आफ्नो प्रतिबद्धता पूरा गरेको छ। निर्वाचन सकिएसँगै देशले नयाँ नेतृत्व पाउनेछ। त्यो नेतृत्वले समग्र देश र बजारलाई कता लैजान्छ हेर्न बाँकी छ। तर, आशा हुने ठाउँ पनि उत्तिकै रहेका छन्।

चुनावी सरकार भएको वेलामा सेयर बजारको विषयमा मात्रै होइन। समग्र अर्थतन्त्रबारे स्पष्ट मार्गदर्शन सरकारबाट आउन सकेन। त्यसले गर्दा लगानीकर्ता उत्साहित थिएनन्। तर, चुनावपछि सही र स्पष्ट आर्थिक नीति आउने र शिथिल सेयर बजारले पनि 'टेक अफ' लिने अपेक्षा गरिएको छ।

'राजनीतिक दलहरूले घोषणापत्रमा आर्थिक एजेन्डालाई प्राथमिता दिएका छन्। त्यसले गर्दा अब बन्ने सरकारले आर्थिक एजेन्डालाई महत्त्व दिनेछन् भन्ने आशा छ। त्यो अवस्थामा सेयर बजार पनि स्वतः लाभान्वित हुनेछ,' एक लगानीकर्ताले भने, 'घोषणापत्र सेयर बजारसम्बन्धी विषयवस्तु पनि समेटिएका छन्। त्यसले गर्दा पनि हामी आशावादी छौं।'

उक्त लगानीकर्ताले अब स्थायी सरकार चाहिने र पुँजीबजारमैत्री नीति हुनुपर्ने बताए। पछिल्लो समयमा तीव्र उतारचढाव भोगेको सेयर बजारलाई दीर्घकालीन रूपमा बलियो बनाउन स्पष्ट नीति, सुरक्षा र नीतिगत मार्गचित्र ल्याउनुपर्ने उनीहरूको भनाइ छ। नयाँ सरकारले आर्थिक सुधार, बैंकिङ प्रणालीमा रहेको अत्यधिक तरलता व्यवस्थान र लगानीमैत्री वातावरण सिर्जना गर्नुपर्ने उनीहरूको जोड छ।

साढे सात महिनामा बैंकहरूले लिए ३२८ खर्ब निक्षेप सुविधा



नयाँ पत्रिका

बैंक तथा वित्तीय संस्थाहरूले चालू आर्थिक वर्षको फागुन १९ गतेसम्म नेपाल राष्ट्र बैंकबाट ३२८ खर्ब ७८ अर्ब ९५ करोड रुपैयाँबराबरको निक्षेप सुविधा लिएका छन्। राष्ट्र बैंकबाट प्राप्त फागुन १९ गतेसम्मको तथ्यांकले यस्तो देखाएको हो। १५० पटक गरेर बैंकहरूले सोबराबरको निक्षेप सुविधा लिएका हुन्।

बैंकहरूले राष्ट्र बैंकमा निश्चित अवधिका लागि निक्षेप राख्ने र निकाल्ने गरेर सोबराबरको निक्षेप सुविधा लिएका हुन्। त्यसमा बैंकहरूले ३२० खर्ब १८ अर्ब ९५ करोड रुपैयाँ फिर्ता लगेका छन्। अहिले केन्द्रीय बैंकमा आठ खर्ब ६० अर्ब रुपैयाँ निक्षेप मौज्दात छ। निक्षेप अवधि सकिएपछि ब्याजसहित त्यो रकम फिर्ता हुनेछ। त्यसपछि बैंकहरूले पुनः निक्षेप सुविधा लिन सक्नेछन्। यो नियमित चक्र हो।

कुन उपकरणमार्फत कति लिइयो निक्षेप सुविधा

तथ्यांकअनुसार ऋणपत्रमार्फत बैंकहरूले दुई खर्बबराबरको निक्षेप सुविधा लिएका छन्। राष्ट्र बैंकले गत पुसमा नौपटक गरेर दुई खर्बको ऋण बिक्री गर्ने प्रस्ताव गरेको थियो, जुन बैंकहरूले सबै किनेका छन्। एक वर्षको अवधि रहेको उक्त ऋणपत्रअन्तर्गतको रकम अर्को वर्ष पुसमा ब्याजसहित फिर्ता हुनेछ।

यसैगरी, निक्षेप संकलन विधिबाट १९ खर्ब १६ अर्ब ६० करोडबराबरको निक्षेप सुविधा लिएको छ। यसमा राष्ट्र बैंकले ५२ पटक गरेर २३ खर्ब ९० अर्ब निक्षेप तान्ने गरी प्रस्ताव आह्वान गरेकोमा सोबराबरको कारोबार भएको हो। यसअन्तर्गत राष्ट्र बैंकमा ६ खर्ब ६० अर्ब रकम मौज्दात छ। तोकिएको निक्षेप अवधि सकिएपछि बैंकहरूले ब्याजसहित उक्त रकम फिर्ता पाउनेछन्। यस्तै, स्थायी निक्षेप सुविधा (एसडिएफ)अन्तर्गत ३०७ खर्ब ६२ अर्ब ३५ करोडबराबरको निक्षेप सुविधा बैंकहरूले लिएका छन्। ८९ पटक गरेर बैंकहरूले सोबराबरको निक्षेप सुविधा लिएका हुन्। त्यसअन्तर्गत बैंकहरूले सबै रकम फिर्ता लगिसकेका छन्। आगामी दिनमा यसअन्तर्गत बैंकहरू पुनः निक्षेप सुविधा लिन पाउनेछन्।

के हो एसडिएफ ?

एसडिएफमा तोकिदिएको मापदण्ड र दिनमा बैंकहरूले निक्षेप राख्न प्रस्ताव गरेमा राष्ट्र बैंकले अस्वीकार गर्न पाउँदैनन्। यसमा राष्ट्र बैंकले ब्याजदर करिडोरको तल्लो सीमा अर्थात् २.७५ प्रतिशत ब्याज दिनुपर्छ। बैंकहरूले हप्तामा तीनपटक अर्थात् प्रत्येक आइतबार, मंगलबार र बिहीबार यस्तो सुविधा पाउनेछन्। आइतबार जम्मा भएको पैसा मंगलबार, मंगलबार जम्मा भएको निक्षेप बिहीबार र बिहीबार जम्मा भएको रकम आइतबार ब्याजसहित पाइन्छ। पछिल्लो समय कर्जाको माग न्यून हुँदा बैंकहरूमा लगानीयोग्य पैसा थुप्रिएको छ। त्यस अवस्थामा राष्ट्र बैंकले दिएको निक्षेप सुविधाले बैंकहरूको तरल व्यवस्थापनमा सहज भएको छ। त्यसबाट आउने ब्याजले समेत बैंकहरूलाई थप लाभ मिलेको छ।

■ एउटै सेरोफेरो, तर दृश्य फरक



काठमाडौंको सानो बाइपासआसपासको एउटै सेरोफेरोमा देखिएका दुई फरक दृश्य। एकातिर तरकारी खेती छ भने अर्कातिर प्लटिङ। पछिल्लो समय तीव्र सहरीकरणले उर्वर खेतीयोग्य जमिन बिस्तारै प्लटिङ अर्थात् घरघडेरीमा रूपान्तरण भइरहेको छ। गाउँतिर खेतीयोग्य जमिन बाँझै बसिरहेका वेला सहर र यसआसपासका क्षेत्रहरूमा भने जग्गा टुक्र्याएर बिक्री गर्ने क्रम बढ्दै गएको देखिन्छ। तस्बिर : **कृष्ण रिजाल**/नयाँ पत्रिका

चीनको आर्थिक वृद्धि लक्ष्य ३५ वर्षयताकै न्यून

चीन सरकारले सन् २०२६ का लागि ४.५ देखि पाँच प्रतिशतसम्मको आर्थिक वृद्धि लक्ष्य तोकेको छ। चीनले सन् १९९१ पछि पहिलोपटक आफ्नो आर्थिक वृद्धि लक्ष्य पाँच प्रतिशतभन्दा तल राखेको हो।

काठमाडौं/ चीनले सन् २०२६ का लागि आफ्नो आर्थिक वृद्धि (जिडिपी) लक्ष्य ३५ वर्षयताकै न्यून तोकेको छ। चीनले यो वर्षका लागि ४.५ देखि पाँच प्रतिशतको बिचमा आर्थिक वृद्धि तोकेको छ। चीनले सन् १९९१ पछि पहिलोपटक आफ्नो वृद्धि लक्ष्य पाँच प्रतिशतभन्दा तल राखेको हो।

बेइजिङमा आयोजित वार्षिक संसदीय बैठक 'टु सेसन्स'अन्तर्गत नेसनल पिपुल्स काङ्ग्रेसको बैठकका अवसरमा चिनियाँ प्रधानमन्त्री ली कियाङले उक्त घोषणा गरेका हुन्। चीनले बिहीबार सन् २०२६-२०३० अवधिका लागि तयार गरिएको १५औँ पञ्चवर्षीय योजनाको मस्यौदा पनि सार्वजनिक गरेको छ, जसमा अर्को हप्ता औपचारिक मतदान हुने बताइएको छ। उक्त योजनामा उपभोग वृद्धि, नवप्रवर्तन (इनोभेसन) प्रोत्साहन तथा आर्थिक संरचनालाई बलियो बनाउने विषयलाई प्राथमिकता दिइएको छ।

निर्यातभन्दा 'उच्च गुणस्तरीय आर्थिक वृद्धि'मा जोड

अहिलेसम्म चीनको अर्थतन्त्र मुख्य रूपमा निर्माण क्षेत्र र निर्यातमा आधारित रहँदै आएको थियो। तर, अब चीनले आफ्नो आर्थिक रणनीति परिवर्तन गर्दै 'उच्च गुणस्तरीय आर्थिक वृद्धि'मा जोड दिन थालेको छ। यसअन्तर्गत उच्च प्रविधि उद्योगको विकास तथा संरचनात्मक सुधारमार्फत अर्थतन्त्रलाई मजबुत बनाउने प्रयास गरिने बताइएको छ, जसले बाह्य आर्थिक झट्काको प्रभाव कम गर्न सहयोग गर्ने अपेक्षा गरिएको छ।

घरजग्गा व्यवसाय संकट र बुढ्यौली जनसंख्या चुनौती

हाल चीनले विभिन्न आर्थिक चुनौतीको सामना गरिरहेको छ। विशेष गरी रियल इस्टेट (घरजग्गा) क्षेत्र लामो समयदेखि संकटमा छ। जसले गर्दा घरेलु माग कमजोर बन्न पुगको छ। साथै, ठुलो मात्रामा त्यहाँको जनसंख्या बुढ्यौलीतिर बढिरहेको छ। विज्ञहरूका अनुसार कुनै देश मध्यम आयस्तरभन्दा माथि उठ्दै गर्दा त्यसको गति स्वाभाविक रूपमै सुस्त हुने गर्छ।



एक करोड २० लाख नयाँ रोजगारी सिर्जना गर्ने लक्ष्य

चिनियाँ सरकारले यस वर्ष देशमा एक करोड २० लाखभन्दा बढी नयाँ रोजगारी सिर्जना गर्ने लक्ष्य पनि राखेको बताइएको छ। साथै, रोजगारीमार्फत बेरोजगारी दर ५.५ प्रतिशतमा सीमित राख्ने लक्ष्य तय गरिएको छ। यद्यपि, उच्च प्रविधि उद्योग (हाई टेक इन्डस्ट्री)लाई प्राथमिकता दिँदा परम्परागत उत्पादन तथा निर्माण क्षेत्रमा काम गर्ने लाखौँ श्रमिकमा जोखिम बढ्न सक्ने विश्लेषकको भनाइ छ।

रक्षा बजेटमा सात प्रतिशतले वृद्धि

आर्थिक मन्दीका बाबजुद चीनले आफ्नो रक्षा बजेट भने सात प्रतिशतले बढाइएको छ। यद्यपि, यो दर अघिल्ला वर्षहरूको तुलनामा केही कम रहेको बताइएको छ। विश्लेषकका अनुसार सन् २०३५ सम्म विकसित राष्ट्र बन्न चीनलाई आगामी दशकमा औसत ४.३ प्रतिशत आर्थिक वृद्धि पर्याप्त हुने अनुमान गरिएको छ। त्यसैले अपेक्षाकृत कम लक्ष्यले भने बेइजिङको आत्मविश्वासलाई दर्साउने बताइएको छ। *-एजेन्सीको सहयोगमा*

मध्यपूर्वमा सुरु हुनै सकेन उडान

नियमित उडान रद्द गर्दै वायुसेवा कम्पनीहरू



नयाँ पत्रिका

मध्यपूर्वमा जारी तनावका कारण त्यहाँका मुलुकहरूले आ-आफ्नो एयर स्पेस (आकाशमार्ग) बन्द गरेकाले नेपालका उडानहरू नियमित रूपमा रद्द हुन थालेका छन्। १६ फागुनदेखि मध्यपूर्वका विभिन्न देशहरूले अल्पकालीन रूपमा आफ्ना एयर स्पेस बन्द गरेका थिए। खासगरी इरानद्वारा यी देशहरूमा आक्रमण सुरु भएकाले सुरक्षा व्यवस्था कडा बनाउने उद्देश्यले एयर स्पेस बन्द गरिएको थियो। मध्यपूर्वी देशहरूसँग नेपालतर्फ र यहाँका विमानस्थलबाट हुने उडानहरू नियमित रूपमा रद्द हुँदै आएका छन्। शनिबार पनि नेपाल वायुसेवा निगम र हिमालयन एयरलाइन्सले आफ्नो उडान रद्द गरेको छ।

वायुसेवा निगमले आइतबार काठमाडौंबाट दुबईतर्फ (आरए २२९) हुने तय भएको उडान र दुबईबाट काठमाडौंतर्फ (आरए २३०) को उडान रद्द गरेको हो। निगमले सार्वजनिक रूपमा सूचना जारी गर्दै भनेको छ, 'यस परिस्थितिबाट यात्रु महानुभावहरूमा पर्न गएको असुविधाप्रति निगम क्षमाप्रार्थी छ। नेपाल वायुसेवा निगमको मध्यपूर्व दुबई, दोहा र दमाममा हुने आगामी दिनको उडान सम्बन्धमा सूचनाअनुसार वा तोकिएको नम्बरमा सम्पर्क गरेर मात्र विमानस्थल प्रस्थान गर्नुहुनसमेत अनुरोध गरिन्छ।'

त्यस्तै, हिमालयन एयरलाइन्सले पनि दुबई र दमामका सबै उडान रद्द गरिएको जानकारी दिएको छ।

कतार एयरवेजले सीमित उडान सञ्चालन गर्ने

कतारको हवाई क्षेत्र बन्द गरिएपछि अस्थायी रूपमा रोकिएको नियमित उडान सेवा अझै स्थगित नै रहने भएको छ। कतार नागरिक उड्डयन प्राधिकरणले हवाई क्षेत्र पूर्ण रूपमा सुरक्षित भई पुनः सञ्चालन गर्न सकिने घोषणा गरेपछि मात्रै नियमित उडान सेवा पुनः सुरु गरिने कम्पनीले जनाएको छ।

यसैबिच सुरक्षित उडान मार्गका लागि अस्थायी अनुमति दिएपछि कतार एयरवेजले ८ मार्चमा केही सीमित उडान सञ्चालन गर्ने तयारी गरेको छ। ती उडानहरू हमाद अन्तर्राष्ट्रिय विमानस्थलबाट दोहातर्फ हुनेछन्। यी उडानहरू दोहालाई अन्तिम गन्तव्य बनाएका यात्रुका लागि मात्र उपलब्ध हुने कम्पनीले स्पष्ट पारेको छ। टिकट बुकिङका लागि यात्रुहरूले कतार एयरवेजको वेबसाइट, मोबाइल एप वा ट्राभल एजेन्टमार्फत व्यवस्था गर्न सक्ने बताएको छ।

आइतबार २४ फागुन ०८२
www.nayapatrikadaily.com
नयाँ पत्रिका
का.नि.द.नं.१२८/०६३/६४, म.के.हु.नि.द.न. १७/०६९/०७०

आइसिसी टी-२० विश्वकप फाइनल आज

न्युजिल्यान्डलाई हराउँदै उपाधि रक्षा गर्ने योजनामा भारत

न्युजिल्यान्ड पहिलोपटक उपाधि जित्ने योजनामा रहँदा भारत भने सन् २००७ र २०२४ पछि तेस्रोपटक उपाधि जित्ने लक्ष्यमा

एजेन्सी

आइसिसी टी-२० विश्वकप ७ फेब्रुअरीमा सुरु भई आज सम्पन्न हुँदै छ। फाइनलमा प्रतिस्पर्धा गर्दै छन्, दुईपटकको च्याम्पियन भारत तथा न्युजिल्यान्ड। खेल भारतको अहमदाबादको नरेन्द्र मोदी रंगशालामा हुनेछ। एक लाख ३० हजारभन्दा बढी घरेलु समर्थकमाझ भारत तेस्रोपटक उपाधि जित्ने योजनामा छ।

न्युजिल्यान्ड भने पहिलो उपाधि जित्ने दाउमा छ। टी-२० विश्वकपमा न्युजिल्यान्ड सन् २०२१ मा उपविजेता भएको थियो। यो नै उसको ठुलो उपलब्धि हो। यता, भारतले भने सन् २००७ र सन् २०२४ मा उपाधि जितिसकेको छ।

भारतका कप्तान सूर्यकुमार यादवले घरेलु मैदानमा जित्न खेल्ने बताए। 'हाम्रो खेलाडीलाई फाइनलमा कसरी प्रतिस्पर्धा गर्नुपर्छ थाहा छ। सबै खेलाडी मानसिक रूपमा तयार छन्,' यादवले फाइनलअघि भने, 'हामी घरेलु समर्थकमाझ राम्रो खेल्नेछौं।'

यसअघि न्युजिल्यान्डले कोलकाताको इडेन गार्डेनमा भएको खेलमा दक्षिण अफ्रिकालाई ९ विकेटले पराजित गऱ्यो। भारतले मुम्बईस्थित वानखेडे रंगशालामा इंग्ल्यान्डलार्य ९ रनले पराजित गरेको हो। दुई टिमले नै अहमदाबादमा भएको खेलमा दक्षिण अफ्रिकासँग हार व्यहोरेको थियो। विश्वकपमा भारतले ८ खेल खेल्दा सात जित निकाल्यो। एक खेलमा हार व्यहोरेको छ। यता, न्युजिल्यान्डले आठ खेल खेल्दा पाँच मात्रै जित निकालेको छ भने दुई खेलमा हाऱ्यो। एक खेल अनिर्णीत भयो।

न्युजिल्यान्डका कप्तान मिचेल साटनरले फाइनल खेल भारतीय भूमिमा खेल्न उत्साहित भएको जानकारी गराए। 'भारतसँग उसैको मैदानमा खेल्न खेलाडी उत्साहित छन्,' उनले भने, 'फाइनल खेल निकै चुनौतीपूर्ण हुन्छ। हामी तयार छौं।'

२० टिम सहभागी विश्वकपका शीर्ष आठ टिम अर्को अस्ट्रेलिया र न्युजिल्यान्डमा आयोजना हुने विश्वकपमा स्थान सुरक्षित गरेका छन्।

भारतको एउटै हार सुपर एटमा

भारतले विश्वकपको एउटै हार सुपर एटमा निकालेको छ। आयोजक भारतले पहिलो खेलमा कप्तान सूर्यकुमार यादवको ८४ रन मद्दतमा अमेरिकालाई २९ रनले पराजित गऱ्यो। समूहमै खेलमा नामिबियालाई ९३ रन तथा पाकिस्तानलाई ६१ रन तथा नेदरल्यान्ड्सलाई १७ रनले पराजित गरेको थियो। सुपर एटको पहिलो खेलमा दक्षिण अफ्रिकासँग ७६ रनले पराजित भएपछि भारत दबाबमा आयो। तर, जिम्बाबेविरुद्ध ७२ रनको जित निस्किँदा र वेस्ट इन्डिजलाई पाँच विकेटले हराउँदा भारतको सेमिफाइनल यात्रा तय भएको थियो। सेमिफाइनलमा पनि सन्जु सामसन चम्किएपछि भारत सात रनको जित निकाल्न सफल भयो र लगातार दोस्रोपटक फाइनलमा स्थान बनायो। यद्यपि, भारतलाई २५३ रन जोगाउन निकै हम्मेहम्मे परेको थियो।

न्युजिल्यान्डको सानदार कमब्याक

न्युजिल्यान्डको फाइनल यात्रा निकै रोमाञ्चक रह्यो। टोली समूह चरण र सुपर एटको खेलमा समान एक हार व्यहोर्न पुग्यो। समूहको पहिलो खेलमै अफगानिस्तानमाथि पाँच विकेटको जित निकाल्यो। दोस्रो खेलमा युएईलाई १० विकेटले हराएपछि सुपर एट सम्भावना बलियो बनाएको हो। तर, तेस्रो खेलमा टोली दक्षिण अफ्रिकासँग सात विकेटले हार व्यहोर्दा क्यानडाविरुद्धको अन्तिम खेल कुर्नुपऱ्यो। जहाँ टोली आठ विकेटको जित निकाल्न सफल भएको थियो। सुपर एटको पहिलो खेलमै पाकिस्तानविरुद्ध थियो र वर्षाको कारण रद्द भयो। दोस्रो खेलमा श्रीलंकालाई ६१ रनले हरायो। तेस्रो खेलमा इंग्ल्यान्डसँग चार विकेटले पराजित हुँदा पनि टोली सेमिफाइनल तय गर्न सफल भयो। सेमिफाइनलमा भने टोलीले दक्षिण अफ्रिकाले दिएको १७० रनको लक्ष्य मात्र एक विकेट गुमाएर पूरा गऱ्यो।



फाइनलअघि कप्तानका भनाइ



● **सूर्यकुमार यादव**, कप्तान, भारत

२५० भन्दा माथि बढी रन बने निकै राम्रो हुनेछ। हामी यही भन्न सक्दैनौं। तर, त्यसका लागि प्रयास गर्नेछौं। त्यसका लागि सबै खेलाडी तयार छन्। इशान, दुबेलगायतले राम्रो खेलिरहेका छन्। त्यसले पक्कै फरक पर्नेछ। अर्सदीप बुमराह पनि राम्रा छन्। उनीहरू सहजै दबाब झेल्न सक्छन्। फाइनल खेल्दै गर्दा धेरै खेलाडीले आइसिसी र अन्य फाइनल खेलेका छन्। त्यसैले पनि फाइनल खेल्न दबाब हुनेछैन। परिस्थितिलाई हेरेर खेल्न सक्ने खेलाडी भारतीय टिममा धेरै छन्।



● **मिचेल साटनर**, कप्तान, न्युजिल्यान्ड

भारतसँग उसैको मैदानमा खेल्न खेलाडी उत्साहित छन्। खेलाडीमा राम्रो माहोल छ। फाइनल एक मात्रै अन्तिम प्रतिस्पर्धा हो। त्यसका लागि सबै खेलाडी तयार छन्। हामीले अहमदाबादको पिच देखेका छैनौं। तर, यहाँ धेरै रन बन्नेमा आशावादी छौं। भारतका जसप्रित बुमराहसँग सजक छौं। उनले १० विकेट लिइसकेका छन्। उनको योर्कर र बाउन्सर निकै चुनौती हुने गर्छ। विश्वकपको फाइनलको दबाब भने फरक हुनेछ।

भारतको फाइनल यात्रा

विपक्षी	रन
अमेरिका	२९ रनको जित
नामिबिया	९३ रनको जित
पाकिस्तान	६१ रनको जित
नेदरल्यान्ड्स	१७ रनको जित
सुपर एट	
दक्षिण अफ्रिका	७६ रनको हार
जिम्बावे	७२ रनको जित
वेस्ट इन्डिज	५ विकेटको जित
सेमिफाइनल	
इंग्ल्यान्ड	७ रनको जित

न्युजिल्यान्डको फाइनल यात्रा

विपक्षी	रन
अफगानिस्तान	५ विकेटको जित
युएई	१० विकेटको जित
दक्षिण अफ्रिका	७ विकेटको हार
क्यानडा	८ विकेटको जित
सुपर एट	
पाकिस्तान	वर्षाले खेल रद्द
श्रीलंका	६१ रनको जित
इंग्ल्यान्ड	४ विकेटको हार
सेमिफाइनल	
दक्षिण अफ्रिका	९ विकेटको जित

यसपटक विश्वकप खेलेका २० टिम

भारत, श्रीलंका, अफगानिस्तान, अस्ट्रेलिया, इंग्ल्यान्ड, दक्षिण अफ्रिका, अमेरिका, वेस्ट इन्डिज, आयरल्यान्ड, न्युजिल्यान्ड, पाकिस्तान, स्कटल्यान्ड, क्यानडा, इटाली, नेदरल्यान्ड्स, नामिबिया, जिम्बावे, नेपाल, ओमान, युएई

सन् २०२८ को विश्वकपमा छनोट टिम

अस्ट्रेलिया, न्युजिल्यान्ड, इंग्ल्यान्ड, भारत, पाकिस्तान, दक्षिण अफ्रिका, श्रीलंका, वेस्ट इन्डिज, जिम्बावे, अफगानिस्तान, बंगलादेश, आयरल्यान्ड

आइसिसी टी २० विश्वकप विजेता

साल	विजेता	उपविजेता
सन् २००७	भारत	पाकिस्तान
सन् २००९	पाकिस्तान	श्रीलंका
सन् २०१०	इंग्ल्यान्ड	अस्ट्रेलिया
सन् २०१२	वेस्ट इन्डिज	श्रीलंका
सन् २०१४	श्रीलंका	भारत
सन् २०१६	वेस्ट इन्डिज	इंग्ल्यान्ड
सन् २०२१	अस्ट्रेलिया	न्युजिल्यान्ड
सन् २०२२	इंग्ल्यान्ड	पाकिस्तान
सन् २०२४	भारत	दक्षिण अफ्रिका

प्लेयर्स टु वाच

▸ सन्जु सामसन (भारत)



लगातार दुई खेलमा प्रभावशाली प्रदर्शन गर्दै भारतका सन्जु सामसन सबैको नजरमा परेका छन्। सुपर एटको अन्तिम खेलमा वेस्ट इन्डिज तथा सेमिफाइनलमा इंग्ल्यान्डविरुद्ध उनले सानदार इनिङ्स खेले। शतकनजिक रहेर पनि टिमको जितको लागि खेलेका थिए। शतक बनाउन खासै केन्द्रित नहुँदा उनको चर्चा ह्वात्तै बढेको छ। उनले चार खेलमा २३२ रन बनाइसकेका छन्। जसमा वेस्ट इन्डिजविरुद्ध अविजित ९७ रन बनाए। त्यसक्रममा ५० बलमा १२ चौका र चार छक्का प्रहार गर्दै भारतलाई सेमिफाइनल पक्का गरे। इंग्ल्यान्डविरुद्ध ४२ बलमा ८९ रन बनाएका हुन्। फाइनलमा पनि सामसनको ब्याट त्यही लयमा रहने अपेक्षा गरिएको छ। ब्याटिङतर्फ सामसन महत्त्वपूर्ण रहँदा भारतले बलिङतर्फ जसप्रित बुमराह प्रमुख हतियार बनाएको छ। बुमराहले १० विकेट लिएका छन्। बुमराहअघि वरुण चक्रवर्तीले १३ विकेट लिएका छन्।

▸ फिन एलेन (न्युजिल्यान्ड)



दक्षिण अफ्रिकाविरुद्ध कीर्तिमानी शतक बनाएपछि ओपनिङ ब्याटर फिन एलेन सबैको नजरमा परेका छन्। न्युजिल्यान्डलाई उपाधि जिताउन सक्ने खेलाडीको रूपमा उनलाई हेर्न थालेको छ। एलेनले यस विश्वकपमा ८ खेल खेल्दै दुई सय ८९ रन बनाएका छन्। यसमा एक शतक सामेल छ। एलेनले दक्षिण अफ्रिकालाई नौ विकेटले हराउँदा ३३ बलमै शतक बनाएका थिए। उनी सर्वाधिक रन बनाउने खेलाडीको सूचीमा तेस्रो स्थानमा छन्। त्यसअघि पाकिस्तानका सहिबजादा फर्हान (३८२ रन) र जिम्बावेका ब्रायन वेनेतले (२९२ रन)दोस्रो स्थानमा छन्। फाइनलमा एलेनले तीन रन मात्रै जोडे पनि यो विश्वकपमा सर्वाधिक धेरै रन बनाउने खेलाडीको दोस्रो स्थानमा उक्लनेछन्। न्युजिल्यान्डले एलेनसँगै टिम साइफर्ट, ड्यारियल मिचेल, मार्क च्याम्पम्यान तथा रचिन रवीन्द्रबाट उत्कृष्ट प्रदर्शनको आशा गरेको छ।

निर्वाचित भएसँगै फाप्ला मैदान भ्रमणमा पुगे चन्द

काठमाडौं / प्रतिनिधिसभा निर्वाचनमा निर्वाचित भएलगत्तै कैलाली क्षेत्र नम्बर ५ बाट निर्वाचित राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का उम्मेदवार डा. आनन्दबहादुर चन्दले फाप्ला अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला तथा खेलग्रामको भ्रमण गरेका छन्। चन्दले प्रमाणपत्र ग्रहण गरेलगत्तै फाप्लाको भ्रमण गर्दै आवश्यक कागजी प्रक्रियाहरू पूरा भइसकेको अवस्थामा अब बन्ने रास्वपा सरकारले पूर्वाधार निर्माणलाई मुर्तरूप दिन बजेट सुनिश्चितताको प्रतिबद्धता गरे। 'फाप्लाका विषयमा मैले पहिलेदेखि नै अध्ययन गरेको छु। मेरो चुनावी एजेन्डामा पनि यो परियोजना परेको छ,' चन्दले भ्रमणका क्रममा भने, 'सुदूरपश्चिम क्रिकेट उत्पादन गर्ने फ्याक्ट्री हो। फ्याक्ट्रीलाई जोगाउन मेरो पूर्ण सहयोग रहन्छ। खेल समाजलाई एकताबद्ध गराएर लैजाने माध्यम भएकाले पनि यस परियोजनालाई मुर्तरूप दिन आवश्यक बजेट विनियोजनको पहलका लागि मेरो प्रतिबद्धता र प्राथमिकतामा रहन्छ।'



नवनिर्वाचित चन्दलाई मैदानमा फाप्ला अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला तथा खेलग्राम पूर्वाधार विकास समितिका अध्यक्ष सुवास शाहीले स्वागत गरेका थिए। निर्वाचित चन्दलाई बधाई दिँदै शाहीले सुदूरपश्चिमको मुहार फेर्ने (गेम चेन्चर) यस परियोजना अब थप द्रुतगतिमा अघि बढ्ने अपेक्षा व्यक्त गरे। 'यसअघिका सरकारहरूले पनि प्राथमिकतामा राखेको फाप्लाको जग्गाप्राप्ति, डिपिआर निर्माण तथा वातावरणीय प्रभाव मूल्यांकन (इआइए)लगायतका महत्त्वपूर्ण काम सम्पन्न भइसकेका छन्,' शाहीले भने।

रियल १ अंकले पछि



एजेन्सी / रियल म्याड्रिडले सेल्टा भिगोलाई २-१ ले हराउँदै स्पेनिस ला लिगामा शीर्ष स्थानको बार्सिलोनासँगको दूरी एक अंकमा झारेको छ। इन्जुरी समयमा फेडेरिको भाल्भर्डेले गरेको गोल नै निर्णायक बनेपछि रियलले तीन अंक हासिल गरेको हो। यो जितसँगै रियलको उपाधि जित्ने आशा जीवितै छ। यो जितसँगै रियलले २७ खेलबाट ६३ अंक जोडेको छ। शीर्ष स्थानको बार्सिलोनाको ६४ अंक छ। यद्यपि, बार्सिलोनाले एक खेल कम खेलेको छ। पराजित सेल्टा भिगो ४३ अंकसहित छैटौं स्थानमा छ। खेलको ११औं मिनेटमा औरेलियन टिचौमेनीले रियललाई अग्रता दिलाएका थिए। २५औं मिनेटमा बोर्जा इग्लेसियासले बराबरी गोल गरेका थिए। चार मिनेट थपिएको इन्जुरी समयमा भाल्भर्डेले विजयी गोल गरेका हुन्।

चार्टर्ड विमानबाट फर्किँदै इंग्ल्यान्ड, वेस्ट इन्डिज र दक्षिण अफ्रिकाका खेलाडी







एजेन्सी / इंग्ल्यान्ड, वेस्ट इन्डिज र दक्षिण अफ्रिकाका खेलाडी तथा अफिसियल चार्टर्ड विमानबाट स्वदेश फर्किने भएका छन्। एक सातादेखि भारतमा अड्किएका टिमहरू अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसी)ले उपलब्ध गराएको चार्टर्ड विमानबाट घर फर्किने पक्का भएको हो। मध्यपूर्वी एसियामा चलिरहेको द्वन्द्वका बिच सबै टिम भारतमै अड्किएका थिए।

वेस्ट इन्डिज सुपर एटबाटै बाहिर भए पनि पछिल्लो सातादेखि नै भारतमै रहेको थियो। इंग्ल्यान्ड र दक्षिण अफ्रिका पनि सेमिफाइनलबाट बाहिरिएपछि घर जान पाएका थिएनन्। इंग्ल्यान्ड मुम्बईबाट घर फर्किनेछ। उसले सिधै लन्डनको उडान भरेको छ। वेस्ट इन्डिज र दक्षिण अफ्रिका कोलकाताबाट स्वदेश फर्किनेछन्। वेस्ट इन्डिज र दक्षिण अफ्रिका जोहान्सबर्ग सिधै उड्नेछन्। त्यहाँबाट वेस्ट इन्डिज टिम एंटिगा जानेछ। तीनै टिमलाई स्वदेश फर्काउने ठुंगो लागे पनि आइतबार मात्रै उडान भर्ने बताइएको छ।

यद्यपि, दक्षिण अफ्रिकाका केशव महाराज, जेसन स्मिथ र जर्ज लिन्डे तथा केही अफिसियल आइतबार न्युजिल्यान्ड जानेछन्। विश्वकपबाट बाहिर भएसँगै दक्षिण अफ्रिका र वेस्ट इन्डिज कोलकातामा रोकिएका छन्। दक्षिण अफ्रिका ४ मार्चमा न्युजिल्यान्डसँग पराजित भएको थियो। १ मार्चमा भारतले वेस्ट इन्डिजलाई हराएको थियो।

शनिबार वेस्ट इन्डिजका प्रशिक्षक ड्यारेन सामीले एक्समा छैटौं दिन लेखेका थिए। उनले भारतमा रोकिएको छैटौं दिन जनाएका थिए। टिम ६ दिन भारतमा बसिसकेको छ। केही खेलाडी भने ४ मार्चमै टिमबाट अलग भइसकेका छन्। यसअघि सामीले नै टिमका खेलाडीको उद्धार गर्न आग्रह गरेका थिए।

भारत सर्वाधिक १५ पटक फाइनल खेल्दै



आइसिसी फाइनलमा टिमको कीर्तिमान

टिम	खेल	जित	हार
अस्ट्रेलिया	१४	१०	४
भारत	१४	७	७
वेस्ट इन्डिज	८	५	३
पाकिस्तान	६	३	३
इंग्ल्यान्ड	९	३	६
श्रीलंका	७	३	६
दक्षिण अफ्रिका	३	२	१
न्युजिल्यान्ड	७	२	५

एजेन्सी

भारतीय क्रिकेट टिमले आइसिसी प्रतियोगिताको इतिहासमा कीर्तिमानी १५औं पटक फाइनल खेल्ने भएको छ। कुनै पनि टिमले सबैभन्दा धेरैपटक फाइनल खेल्न लागेको यो नै पहिलोपटक हो। यसअघि अस्ट्रेलिया र भारतले समान १४औं पटक फाइनल खेलेका थिए। सन् १९८३ मा कपिल देवले पहिलो उपाधि जिताएपछि सुरु भएको यो यात्रा अहमदाबादमा हुने फाइनलसम्म पुग्दा सातौं उपाधि भइसकेको छ। आइसिसीले आयोजना गर्ने प्रतियोगिता (एकदिवसीय विश्वकप, च्याम्पियन्स ट्रफी, टी-२० विश्वकप र विश्व टेस्ट च्याम्पियनसिप)मा भारत सबैभन्दा सफल टिम हो। उसले १४ मध्ये १० ट्रफी जितिसकेको छ। सन् २००२ मा भएको च्याम्पियन्स ट्रफीमा वर्षा हुँदा भारत र श्रीलंकाले दुई दिन खेले। तर, त्यसपछि पनि खेल नहुँदा दुवै टिमलाई संयुक्त विजेता घोषणा गरिएको थियो।

भारतले पछिल्लोपटक सन् २०२५ मा च्याम्पियन्स ट्रफीको उपाधि जितेको थियो। जुन वेला कप्तान रोहित शर्मा थिए। भारतले न्युजिल्यान्डलाई हराएको हो। अब, भारत सूर्यकुमार यादवको कप्तानीमा आठौं पटक उपाधि जित्ने योजनामा छ।

अहमदाबादमै भारतले न्युजिल्यान्डसँग खेल्दै छ। भारतले सन् १९८३ मा पहिलोपटक एकदिवसीय विश्वकप जित्यो। सन् २००० मा भएको च्याम्पियन्स ट्रफीमा हार्दा सन् २००३ मा भने श्रीलंकासँग संयुक्त विजेता बन्यो। सन् २००३ मा अस्ट्रेलियासँग एकदिवसीय विश्वकपमा पराजित भयो। सन् २००७ मा पाकिस्तानलाई हराउँदै पहिलो टी-२० विश्वकपको उपाधि नै जित्यो। सन् २०११ मा एकदिवसीय विश्वक, सन् २०१३ मा च्याम्पियन्स ट्रफी, सन् २०१४ मा टी-२० विश्वकप, सन् २०१७ मा च्याम्पियन्स ट्रफी, सन् २०२१ र २०२३ मा विश्व टेस्ट च्याम्पियनसिप, सन् २०२३ मा एकदिवसीय विश्वकप र सन् २०२४ मा टी २० विश्वकप जितेको थियो। सन् २०२५ मा भने टोलीले च्याम्पियन्स ट्रफीको उपाधि जितेको थियो।

यता, भारत र अस्ट्रेलियाले हालसम्म समान १४ फाइनल खेल्दा इंग्ल्यान्डले नौ तथा वेस्ट इन्डिजले आठ फाइनल खेलेको छ। पाकिस्तानले ६, तथा श्रीलंका र न्युजिल्यान्डले समान सात तथा दक्षिण अफ्रिकाले तीनपटक फाइनल खेलेका छन्।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com